साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क २० ✪ २६ जेठ २०८३, मङ्गलबार ✪ 9 June 2026, Tuesday ✪ मूल्य रू. १०।-

## देशमा वैदेशिक हस्तक्षेप जारी
# रोहितद्वारा चिन्ता व्यक्त

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले देशमा वैदेशिक हस्तक्षेप कायम रहेकोमा चिन्ता व्यक्त गर्नुभएको छ ।

संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) ले जेठ २५ गते आयोजना गरेको कार्यक्रममा उक्त चिन्ता व्यक्त गर्दै अध्यक्ष रोहितले विगतमा सरकारमा बसेका पार्टीहरूका एकतिहाइ केन्द्रीय सदस्यहरू विदेशीका गुप्तचर भएको प्रस्ट पार्नुभयो । उहाँले रुसी कम्युनिस्ट पार्टीमा समेत विदेशीको गुप्तचर पुगेर स्तालिनलाई विष प्रयोग गरेको र स्तालिनपछिको सम्भावित नेता किरोभको हत्या गरेको उदाहरण प्रस्तुत गर्नुभयो ।

भदौ २३ र २४ गतेको घटनाको तयारी तीनचार महिनाअगाडि नै भएको हुनुपर्ने भन्दै उहाँले दुईदिनभित्र सिंहदरबारलगायत देशभरका सयौँ संरचना ध्वस्त गराउन कम्तीमा ३ लाख मानिस नभई हुन्नथ्यो, यी सबैको निम्ति गुप्त योजना बनाइएको बताउनुभयो ।

अध्यक्ष रोहितले अहिलेको सरकार आएपछि विदेशी ऋण झन् बढेको उल्लेख गर्दै भदौ २३ र २४ मा १ खर्ब रुपियाँभन्दा बढीको क्षतिपूर्ति गर्न अझ ऋणको भार थपिने उल्लेख गर्नुभयो ।

उहाँले ऋण दिएर घरखेत हडपेजस्तैको हालत नेपालीको हुने धारणा राख्नुभयो । नयाँ मानिसको नाममा जालसाजी भइरहेको चर्चा गर्दै अध्यक्ष रोहितले केही नबुझ्ने नयाँको अर्थ नभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “नयाँ पुस्ता आउँदैमा राम्रो हुन्छ भन्ने कुराको ग्यारेन्टी हुँदैन, मुख्य कुरा योग्य हुनुपर्‍यो ।”

कार्यक्रममा इसानका संस्थापक अध्यक्ष एवम् सल्लाहकार सरोजराज गोसाईले सरकारले शिक्षामा अत्यन्तै न्यून बजेट विनियोजन गरेको उल्लेख गर्दै देशको संविधानको मर्मविपरीत शिक्षा कर फेरि लागू गरेको बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

## ‘अपराधमा महिला’ विषयमा दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न
# उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण भए अपराध घट्दै जाने




भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा ‘अपराधमा महिला’ विषयमा दोस्रो राष्ट्रिय सम्मेलन जेठ २३ गते सम्पन्न भयो ।

ख्वप इन्जिनियरिङ कलेजको सभा हलमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले उक्त कार्यक्रमको उद्घाटन गर्दै उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने राजनीतिक व्यवस्थामा अपराध घट्दै जाने स्पष्ट पार्दै उहाँले भन्नुभयो, “मानव समाजको विकासको सिलसिला अध्ययन गर्दा राज्यको उत्पत्ति कमजोरवर्गलाई दमन गर्न भएको पुष्टि हुन्छ । वर्गीय समाजमा राज्य संयन्त्रले कामदार वर्गविरुद्ध नीतिगत र कानुनी रूपमा अपराध गरिरहेको हुन्छ । दार्शनिकहरूले अपराधमुक्त, करमुक्त र सबै प्रकारका भेदभावमुक्त सुसंस्कृत समाजमा राज्यसत्तासमेत अन्त्य हुने स्पष्ट गर्नुभएको छ ।”

उहाँले भन्नुभयो, “पैतीस वर्षयता सरकारमा गएका दलहरू सडकमा हुँदा ‘भारतले नेपाली सीमा मिचेको हुँदा खुट्टा नकमाईकन भारतसँग वार्ता गर्नुपर्ने’ उपदेश दिन्थे भने सरकारमा पुगेपछि तिनीहरू कूटनीतिक पहल गर्नुपर्ने भनी आत्मसपर्णवादी कुतर्क गर्थे । तर, हालै सरकार प्रमुखले संसद्मा ‘नेपालले भारतको सीमा मिचेको छ’ भन्नु यस्तै देशविरोधी सिलसिला हो ।”

इलामको पशुपतिनगरदेखि सिराहाको तिलाठी र लालापट्टि, नवलपरासीको सुस्ता, कञ्चनपुरको दोधारा चाँदनी, दार्चुलाको लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको नेपाली भूमि भारतले मिचेको विरोधमा नेपाल मजदुर किसान पार्टीले सडक र संसद्मा आवाज उठाउँदै आएको चर्चा गर्दै सचिव सुवालले नेपालको भूमि अतिक्रमण हुने गरी भारतले एकतर्फी बनाएको नेपाल-भारत सीमा नक्सा खारेज गर्नु जरुरी छ भन्नुभयो ।

भदौ २३ र २४ गतेको शान्तिपूर्ण आन्दोलनमा नेपाल प्रहरीको झूटो सामाजिक सञ्जाल, ठेगाना प्रयोग गरी विद्यालय पोशाक र झोलासहित उपस्थित भए विद्यार्थीलाई प्रहरीद्वारा गोली नहानिने र पेट्रोल बमसहित आन्दोलनमा आउन आह्वान गर्नेहरू कसरी अपराधमुक्त होलान् भन्दै उहाँले प्रश्न गर्नुभयो, “भदौ २३ गते निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरिझैँ आगजनी गर्नेहरूलाई फागुन २१ गतेको निर्वाचनमा उम्मेदवार हुन नदिई जेल पठाउनुपर्ने किन होइन ?”

सचिव सुवालले भन्नुभयो, “राष्ट्रिय मानव अधिकार आयोग र कार्की आयोगको बयानमा सरोकारवालाले भदौ २४ गते संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत आगजनी हुनुमा नेपाली सेनाको पनि कमजोरी भएको उल्लेख छ । विश्लेषक अनिल गिरीले ‘माउन्टेन टीभी’ मा ‘एक लाख सेनामध्ये असी हजार परिचालन गरी एउटा व्यक्तिलाई प्रधानमन्त्री बनाउने सेनापतिले भदौ २४ गते सिंहदरबार जलाइँदा किन ननिभाएको’ भनी प्रश्न उठाउनुभएको छ । विश्लेषक प्रतीक प्रधानले ४० वर्षयता काठमाडौँमा बनेका ९० प्रतिशत घर भ्रष्टाचारीहरूको भएको र भदौ २३ र २४ गते उपद्रव गर्ने जेन्जी भनिएकाहरू उनीहरूकै छोराछोरी भएको बताउनुभएको थियो ।”

उहाँले भन्नुभयो, “सरकारले विदेशीसँग खर्बौं रुपैयाँ ऋण ल्याएर कर्मचारीको तलब २१ प्रतिशतसम्म बढाएको नेपालको अर्थतन्त्रमा अर्को आगजनी किन होइन ? दार्शनिकहरूले महिलालाई शिक्षा दिनु परिवर्तनभित्रको परिवर्तन हुने बताउनुभएको छ । यसलाई मनन गरी राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा भइरहेको अपराध घटाउन यो दोस्रो राष्ट्रिय सम्मेलनले महत्त्वपूर्ण सुझाव दिने अपेक्षा गर्दछु ।”

कार्यक्रमका सभापति, कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सर्वसाधारण जनतालाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले ७ वटा कलेजहरू सञ्चालन गरिरहेको र हाल ती कलेजहरूमा देशभरिका ७ हजार ५ सयभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको जानकारी दिनुभयो ।

हरेक क्षेत्रमा चाहिने विशेषज्ञहरू तयार गर्ने लक्ष्यसहित ती कलेजहरूले अध्ययन अनुसन्धानलाई जोड दिँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन गरिरहेको र आजको कार्यक्रम त्यसैको निरन्तरता रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

कानुनमा जस्तोसुकै व्यवस्था गरिए पनि यदि पीडितहरूले न्याय नपाए त्यस्तो कानुनको अर्थ नरहने स्पष्ट पार्दै प्रमुख प्रजापतिले पीडितलाई न्याय दिलाउन प्रहरी प्रशासन र न्यायपालिका भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

हिरासतमा रहेका कैदीलाई मानसिक र शारीरिक यातना दिन नहुने चर्चा गर्दै संवैधानिक र कानुनी मान्यताविपरीत ‘भक्तपुर काण्ड’ मा

बाँकी पृष्ठ १२ मा

## सङ्गठित मजदुरहरू
# अनुशासित र अध्ययनशील हुनुपर्ने

भक्तपुर । नेपाल क्रान्तिकारी डकर्मी सङ्घको १३ औं बृहत् डकर्मी भेलाबाट निर्वाचित पदाधिकारीहरूको परिचयात्मक तथा मार्गदर्शन कार्यक्रम जेठ २० गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महिला र पुरुषको बराबर सहभागिता तथा सहकार्यबाट मात्र साङ्गठनिक तथा कुनै पनि कार्य सफल बन्न सक्ने बताउनुभयो ।

सङ्गठनमा आबद्ध भएपछि अनुशासनको पालना गर्दै अध्ययनशील बन्नुपर्ने र सङ्गठनात्मक गतिविधिमा सक्रिय रहनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले डकर्मी र सिकर्मीहरूको प्रमाणपत्र नभए पनि समाज निर्माण गर्ने इन्जिनियर तथा प्राविधिक भएको बताउनुभयो ।

अनियमित निर्माण कार्य रोक्न डकर्मीहरूको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै उहाँले भक्तपुरलाई मौलिक र व्यवस्थित सहरका रूपमा विकास गर्न डकर्मीहरूको सहयोग आवश्यक रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी डकर्मी सङ्घका अध्यक्ष रमेश दुमरूले सङ्घले विगतभन्दा अझ राम्रो काम गर्दै सङ्गठनलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सङ्घका सदस्यहरूले सङ्गठनलाई सहयोग गर्नुपर्ने, अनुशासन, शिष्टता र व्यावहारिक ज्ञानलाई आत्मसात् गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले दुईतिहाइ मत प्राप्त गर्नु मात्र ठूलो उपलब्धि नभई जनताको हितमा नीति निर्माण गर्न सक्नु महत्त्वपूर्ण हुने बताउनुभयो ।

पछिल्लो निर्वाचनमा अपेक्षित सक्रियता नपुग्दा राम्रो परिणाम आउन नसकेको उल्लेख गर्दै उहाँले वर्तमान सरकारले विद्युत्मा समेत मूल्य अभिवृद्धि कर लगाएको गलत छ भन्नुभयो ।

जनतालाई आधारभूत सेवा सहज र सुलभ गर्नुपर्ने राज्यको न्यूनतम् दायित्व भएको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका अध्यक्ष विष्णुराम दुमरूले वडा-वडाका डकर्मी सङ्घलाई सक्रिय बनाउनुपर्ने आवश्यकता औँल्याउँदै महिलाहरूका लागि समेत डकर्मी तालिम सञ्चालन गर्ने, डकर्मीहरूलाई सूचिकृत गरी सङ्गठित रूपमा अघि बढाउनु जरुरी भएको बताउनुभयो ।

उपाध्यक्ष उपेन्द्र सुवालले पार्टीको सिद्धान्त र विचारलाई राम्रोसँग बुझेर अघि बढ्नुपर्ने बताउनुभयो ।

सङ्गठनमा आबद्ध सदस्यहरू अनुशासित, वैचारिक रूपमा स्पष्ट र सङ्गठित हुनुपर्नेमा जोड दिँदै उहाँले पेसागत काम र सङ्गठनात्मक गतिविधिलाई समानान्तर रूपमा अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो।।

कार्यक्रममा सङघका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूको परिचय गराउनुका साथै आगामी कार्ययोजना, सङ्गठन सुदृढीकरण र पेसागत विकासका विषयमा छलफल गरिएको थियो ।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेमकिपा चितवनमा प्रशिक्षण : सिद्धान्त र सङ्गठनमा विशेष जोड

कोराक । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति, चितवनको आयोजनामा समसामयिक विषयमा भेला एवम् प्रशिक्षण कार्यक्रम नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर वासीको प्रमुख आतिथ्यमा जेठ २३ गते राप्ती नपास्थित कोराकमा सम्पन्न भयो ।




उक्त कार्यक्रममा केन्द्रीय सदस्य वासीले क्रान्ति भनेको व्यवस्था नै परिवर्तन हो भन्नुभयो । उहाँले रास्वपा सरकारको क्रियाकलाप मजदुर र किसानको पक्षमा नदेखिएको स्पष्ट पार्नुभयो ।

उहाँले जनतालाई सचेत र सङ्गठित नगरी आएको सरकारको आयु लामो हुन नसक्ने सङ्केत गर्नुभयो ।

उहाँले प्रविधिको विकास भए पनि शोषण गर्ने कुरा नफेरिएको र कामदारलाई कामअनुसारको ज्याला दिइरहेको छैन भन्नुभयो ।

नेमकिपा स्थापनाकालदेखि नै मार्क्सवादी सिद्धान्तअनुसार मजदुर र किसानलाई राजनैतिक रूपमा सचेत र सङ्गठित पार्दै आइरहेको बताउँदै उहाँले जनताको समर्थनबिना काम गर्न सकिँदैन भन्नुभयो । उहाँले नेमकिपाले भक्तपुरमा निर्वाचन घोषणापत्रअनुसार शिक्षा र स्वास्थ्यमा उदाहरणीय काम गरिरहेको बताउनुभयो ।

उहाँले अमेरिकाले तेलको लागि इरानलाई हमला गरेको कारण विश्वभरि ग्यास, पेट्रोल र डिजेलको अभाव भएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष हरिप्रसाद दुवालको सभापतित्वमा सम्पन्न सो भेलामा विष्णु शर्मा, ज्ञानेन्द्र प्रजा, मोहनबहादुर प्रजा, अर्जुन प्रजा, सन्तबहादुर पाखिन, अस्मिता गुरुङ, प्रकाश चेपाङलगायतले बोल्नुभएको थियो ।

उक्त भेलाबाट हरिप्रसाद दुवालको संयोजकत्वमा नेमकिपा चौथो जिल्ला सम्मेलन तयारी समिति, चितवन गठन भयो ।



म कुनै मुक्तिदाता होइन, कोही मुक्तिदाता हुने गर्दैनन् । जनताले एकताबद्ध भएर आफैलाई मुक्त गर्नुपर्छ ।

-अर्नेस्टो चे ग्वेभारा

## सम्पादकीय

# शीर्षकहरूको प्रश्न र उत्तरहरू

२४ जेठ २०८३ को 'कान्तिपुर' ले प्रश्न गर्‍यो - 'कसरी चल्दै छ... को शासन ?' जसरी कोइराला, भट्टराई, मनमोहन, माधव नेपाल, झलनाथ खनाल, प्रचण्ड आदिको सरकार चल्यो ! किन ? ती सबै पुँजीवादी व्यवस्थाभित्रकै पुँजीवादी सरकार हुन् र भारतीय एकाधिकारको छायाँ शासनमा ! वर्तमान सरकार गएको भदौ २३-२४ ले बनेको सरकार ! हो त, संयुक्त राज्य अमेरिकी प्रशासन र भारतीय विस्तारवादको सेनाको छायाँ सरकार हो, तर सरकारको लुगा 'प्रजातन्त्र', 'नागरिक' र निर्वाचित सरकार हो । यसकारण, शासक दलका नेताहरूले यदाकदा मुखबाट फुत्काउँछन् - सरकार हाम्रो दलको हो तर 'राज्य सत्ता' हाम्रो होइन । राज्य सत्ताको सैद्धान्तिकभन्दा व्यावहारिक अर्थ हो - भेनेजुयलाको मादुरो सरकारजस्तै !

माथिका सबै सरकारहरूले भनेकै 'कर्मचारीतन्त्र' अर्थात् 'ब्युरोक्रेसी' ले काम गर्न दिएनन् भन्ने छ । ती माथिल्ला कर्मचारीहरूको कानुनी कब्जा नै 'ब्युरोक्रेसी' हो । पुँजीवादी प्रजातन्त्रमा 'ब्युरोक्रेसी' र 'टेक्नोक्रेसी' प्राविधिक तन्त्र नै ठुलो बाधा पनि हो । त्यसमा 'अदालत'पनि आउँछ । 'कान्तिपुर' ले पनि लेख्यो - 'अदालतले उल्ट्याइदियो ट्रम्पको आप्रवासन नीति' इराकको राष्ट्रपति सद्दाम हुसेन र लिबियाको कर्णेल गद्दाफीको निर्वाचित सरकारलाई पनि सेना, प्रहरी, गुप्तचर विभाग, प्रशासन र अदालतले साथ नदिँदा अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सीआईए) ले प्रत्यक्षरूपले सरकारहरू कब्जा गर्‍यो अर्थात् तेल खानी अमेरिकी कम्पनीहरूको हातमा गयो ! नेपालमा ? नेपालको जलविद्युत् विभिन्न कम्पनीहरूको नाममा भारत र संयुक्त राज्य अमेरिकी कम्पनीहरूको नाममा गयो जसरी एमसीसी !

हरेक निर्वाचित सरकार र नागरिक सरकारहरू बाध्य भएर कर्मचारीहरूको तलब बढाउन बाध्य हुन्छन् किन ? सेना, प्रहरी, गुप्तचर विभाग, अदालत, सिंहदरबारदेखि गाउँका सबै सरकारी कार्यालयका कर्मचारीहरू पनि 'प्रशासन यन्त्र' कै शृङ्खला हो । तिनीहरूको तलब भत्ता, विदेश भ्रमण र अनेक सहुलियत बढिरहेकै हुन्छन् । यी सबै कुनै प्रधानमन्त्री वा अर्थमन्त्रीको व्यक्तिगत इच्छाले हुँदैन । देश आर्थिक सङ्कट भोग्दै हुन्छ; बहुमत जनता रोजगारविहीन र गरिबीमा डुब्दै गएका हुन्छन्; बजार मूल्य बढ्दै गएको हुन्छ तर कर्मचारीको तलब र भत्ता बढ्छ; धनाढ्यहरूको कर घट्दै जान्छ ! किन ? पुँजीवादी व्यवस्थाको चरित्रै यही हो । प्रगतिशील सरकारहरूले जनतालाई चित्त बुझाएर कर्मचारीको समेत तलब घटाएर केही महिना र वर्षभित्र आर्थिक सङ्कटमाथि नियन्त्रण गर्छन् । कसरी ?

अत्यन्त बहुमत जनताको रोजगारीको बन्दोबस्त बाटोघाटो, नहर र पानीढलो र कालोबजारीलाई नियन्त्रण (सस्तोमा सामान भण्डार गरी महँगोमा बेच्ने साहु, महाजन व्यापारी सीमा व्यापारी (तस्करी) आदिलाई नियन्त्रण गरेर सरकारको आयस्रोत हटाएर बजार सञ्चालनमा सारा जनताको सहयोगले आर्थिक सङ्कटलाई नियन्त्रण गरिन्छ । नेपालमा ? पश्चिमी विश्वविद्यालयका अर्थशास्त्रका स्नातक र विद्यावारिधि गरेका नेपाली अर्थमन्त्री र सल्लाहकारहरू पश्चिमको नक्कल गर्छन् र हात्तीको दाना बोकालाई निल्न लगाउँछन् । अर्थात् विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैङ्कबाट ऋण लिने र अनुदानलाई ऋणमा परिणत गर्दा वर्षको खबौँ डलर नेपालले हरेक वर्ष ब्याज तिर्दै ऋण बढाउँदै जाने गर्छन् । भारुको मूल्य बढाउँदा वा डलरको मूल्य बढाउँदा नेपालको ऋण र ब्याज पनि स्वत: बढ्दै जाने गरेको सबैले बुझ्दै छन् । वर्तमान अर्थमन्त्रीको भित्र रहस्य पनि गत भदौको सिंहदरबार, संसद् भवन, राष्ट्रपति भवन, सर्वोच्च अदालतका भवन र देशभरका सरकारी कार्यालयहरू, निजी भवन, प्रदेश र पालिकाहरूको भवनहरूमा आगो लगाएको क्षति १ खर्बभन्दा बढी आकलन गरिएको छ । यसको पुन:निर्माणमा पश्चिमी ती बैङ्क वा सरकारहरूसँग ऋण लिने र ब्याज तिर्दै जाने छ नेपालले ।

नेपालीका 'उद्धारकर्ताहरू भारत र संयुक्त राज्य अमेरिकी अर्थतन्त्र'लाई हामीहरूले मूल्य चुकाउँदै जानेछौँ - 'नयाँ पुस्ताले ल्याएको नयाँ आन्दोलनको प्रजातन्त्रको निम्ति !' यसको अर्थ हाम्रो नेपालको वर्तमान सरकारका शासकहरू कति परोपकारी छन् !!! अब आम नेपालीले बुझ्नुपर्ने भएको छ ।

# भदौ २३ र २४ गतेको उपद्रवमा को को दोषी ?

✍ प्रज्ज्वल

**उमेरभन्दा विचार महत्त्वपूर्ण हुन्छ**

नेपालको राजनीतिमा 'उमेर भन्दा विचार नयाँ हुनुपर्ने' विषय धेरै अगाडि उठेको हो । त्यसबेला नेका, एमाले र पछिल्लो पटक माओवादी (हाल नेकपा) समेतमा नयाँ पुस्ताको नेतृत्वबारे चर्चा चलाइएको थियो । राजतन्त्रमा जेठालाई उत्तराधिकारी मान्ने परम्परा हुन्छ । प्रजातन्त्रमा यो सम्भव हुँदैन, विचारले नेतृत्व गर्छ । विश्लेषक अनिल गिरीले २०८२ चैत २८ गते माउन्टेन टीभीसँगको अन्तर्वार्तामा भने, "राजनीतिक पार्टी विवेक भएमात्र नयाँ हुने हो । मेकअप गरिएका कठपुतली पार्टी र तिनका नेता नयाँ होइनन् ।" उनले यो विश्लेषण रास्वपा र यसका नेताहरूलाई सङ्केत गरी भनेका हुन् ।

अर्का विश्लेषक युग पाठकले २०८३ जेठ २४ गते ग्लोबल टीभीमा प्रश्न उठाए, "रास्वपा र बालेन साह कसरी नयाँ ? बालेन सरकारको बजेट नेका सरकारको जस्तै धनीलाई कर छुट दिने र गरिबलाई थुत्ने भयो । रास्वपा सरकार प्रमुख बालेनले संसद्मा नेपालले भारतको सीमा मिचेको छ भनी बोले तर सरकारका प्रवक्ताले बोलेको होइन भनी झूट बताए भने परराष्ट्र मन्त्रालयले विज्ञप्ति नै प्रकाशित गरी खण्डन गर्‍यो । जेनजी विद्रोहको बेला सेनाको भूमिका एकदमै शङ्कास्पद देखियो ।"

विश्लेषक गिरीले थपे, "बालेनको सरकार बन्दै गर्दा भारतले नेपाल हुँदै चीनको मानसरोवर पुग्ने बाटो पुन: सञ्चालन गर्‍यो । तर, प्रधानमन्त्री बालेन यसबारे चुइँक्क बोल्न सकेनन् ।" विश्लेषक पाठकले प्रधानमन्त्री बालेनसँग सिमानाबारे ज्ञान नभएको उल्लेख गर्दै आफू अध्ययन गरेको भद्रपुर स्कूल पारि रहेको सीमास्तम्भ भारतले वारि सारेको बताए ।

"यस्ता धेरै ठाउँमा भएका छन् । सिमानाबारे बालेनको भनाइ मूर्खतापूर्ण हो । युवाले झुट बोल्ने हो ?" विश्लेषक पाठकको थप प्रश्न थियो, बालेनको सरकार सम्भ्रान्तको भयो, पञ्चायतकालमा जस्तै अहिले बालेन वरिपरिको भूमिगत गिरोहले सरकार चलायो । गिरीले थप प्रश्न गरे, "एकलाख सेनामध्ये ८० हजार परिचालन गरी बालेनलाई प्रधानमन्त्री बनाउन सक्ने सेनापतिले भदौ २४ गते सिंहदरवार जलाइँदा किन निभाएनन् ? देश खरानी हुँदा सेनापति चुप लाग्न मिल्छ ?"

रास्वपा आफ्नो औकातले शासनमा पुगेको होइन, विदेशीहरूबाट मुक्त प्राणी होइन । इरानका जनता झन्डा बोकेर देश बचाउन सडकमा आए, नेपालमा भदौ २३ र २४ गतेको उपद्रवमा लागेका जेनजीहरू देश जलाउन सडकमा आए । वरिष्ठ पत्रकार प्रतीक प्रधानले 'दिव्या नेटवर्क' मा भने- "काठमाडौँमा ४० वर्षयता बनेका ९० प्रतिशत घरहरू भ्रष्टाचारीहरूका हुन् । अहिले जेन्जीको नाममा उपद्रव गर्नेहरू तिनकै छोराछोरी हुन् ।"

**निर्णयको अंश र सिफारिस**

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंशमा "भदौ २३ गतेको जेनजी प्रदर्शनको अघिल्लो दिन केही आह्वानकर्ताहरूले wake up Nepal नामक टिकटक अकाउन्टमा 'Anything could happen in tomorrow's protest so be ready with a molotov cocktail' अर्थात् 'भोलि केही पनि हुन सक्छ पेट्रोल बम लिएर आउनू' लेखेको उल्लेख छ ।

सो निर्णयको अंशमा उल्लेख छ, "नेपाल प्रहरीको नक्कली फेसबुक पेज बनाई जेन्जी समूहलाई 'विद्यार्थी पोशाक लगाएर प्रदर्शनमा आए नेपाल प्रहरीले बल प्रयोग गर्न नसक्ने हुँदा सबैजना विद्यार्थी पोशाकमा आउनू' भनी आह्वान गरेको देखिन्छ ।"

"प्रदर्शनीकारीहरूलाई उक्साउने र भड्काउनेमा TOB लेखिएको कालो टिसर्ट लगाएका र हात तथा शरीरमा TOB ट्याटु खोपिएका १५-२० जनाको बाइकर समूह स्पष्ट रूपमा संलग्न देखिएकोले उनीहरूको बास्तविक अवस्थाबारे थप अनुसन्धान गरी निष्कर्षमा पुग्नुपर्ने देखिन्छ ।" निर्णयको अंशमा उल्लेख छ ।

निर्णयको अंशमा 'भदौ २३ गते हिंसामा उत्रिएका प्रदर्शनकारीहरूसँग पिक, कुटो, पेट्रोलबम जस्ता घरेलु हतियार थिए । सीसीटीभी र भिडियो हेर्दा संसद् भवनमा तोडफोड गर्ने व्यक्तिलाई गोली नलागी संसद् भवनपारि हिँडिरहेका निर्दोष व्यक्तिलाई गोली लागेको नकार्न सकिएन" उल्लेख छ ।

भदौ २४ गते प्रदर्शनकारीहरूले प्रहरी कार्यालयहरूबाट हतियार पोशाकहरूसमेत लुटी प्रदर्शन गर्दै हिँडिरहेको पाइयो । लुटिएका कतिपय हतियार हालसम्म प्राप्त हुन सकेको छैन । २८ ओटा कारागारबाट कैदीबन्दीहरू भागे । रवि लामिछाने थुनामा रहेको नख्खुस्थित कारागारमा रास्वपाका नेता तथा तत्कालीन सांसदहरू मनिष झा र हरि ढकालसहितको भिडले घेरेपछि रवि लामिछाने कारागारबाट बाहिरिए । तत्पश्चात् बन्दीहरू कारागार तोडेर बाहिर निस्किए । त्यसपछि काठमाडौँमा आगजनी झन् बढेको मिसिल प्रमाणबाट देखिने निर्णयको अंशमा उल्लेख छ ।

निर्णय अंशमा उल्लेख छ, "नख्खु कारागारबाट रविलाई निकाल्न तत्कालीन रास्वपा सांसद र हालका सभामुख डोलप्रसाद अर्याल पनि पुगेको भिडियो क्लिप सार्वजनिक भएको हो । नख्खु कारागार प्रशासनको समर्थकले दबाब दिएपछि रवि लामिछानेलाई छोड्ने पत्रमा सहीछाप भएको' र रवि लामिछानेले 'जेलरले तपाईं बाहिर गए जेलको सुरक्षा हुने' बताएको दुई बयान एकआपसमा बाझिएको देखियो । देशभरिबाट कारागारबाट ३०,६४० कैदीबन्दीमध्ये १३,५८५ कैदीबन्दी र बालसुधार गृहबाट ९७४ जना भागेका छन् ।"

"देशभरि अर्बौंको धनसम्पत्ति आगजनी गरी नोक्सान भएको घटनालाई आपराधिक गतिविधिको रूपमा हेरी सम्बोधन गर्नुपर्ने देखिन्छ । राष्ट्रिय सम्पत्तिमाथि आगजनी कार्यमा संलग्न व्यक्तिहरूविरुद्ध कारबाही प्रक्रिया अगाडि बढाई पीडितको न्याय पाउने हकको समेत सुनिश्चितता गर्नु आवश्यक देखिन्छ" निर्णय अंशमा उल्लेख छ ।

"सिंहदरबार र राष्ट्रपति निवास सुरक्षाको लागि खटिएको सेनाले जोगाउन सामान्य प्रयाससमेत नगरेको देखिन्छ । भदौ २३ र २४ गते दिनभरि सरकारले निर्णय नगरेका कारण सेना परिचालन हुन नसकेको भनिएकोमा भदौ २४ गते राति १० बजेबाट सरकारको निर्णयबिना नै परिचालित भएको अवस्था देखिँदा सेनाको भनाइमा पनि एकरूपता देखिएन" निर्णय अंशमा उल्लेख छ ।

भदौ २३ र २४ गते नेपाली सेनाबाहेक सबै सुरक्षा संयन्त्र असफल भएको अवस्थामा मन्त्री परिषद्ले सेनाको सहयोग लिनेबारे कुनै निर्णय नगरेकोमा तत्कालीन प्रम केपी शर्मा ओलीले कानुनबमोजिमको दायित्य पूरा नगरेको आयोगको निर्णय अंशमा उल्लेख छ ।

निर्णयको अंशमा, "भदौ २४ गतेको प्रदर्शनमा देशभरि मानवीय र भौतिक क्षति हुनुमा नेपाली सेनाको कमजोरी देखिएको हुँदा दायित्वलाई प्राथमिकता दिन प्रधानसेनापतिलाई निर्देशन दिने सिफारिस गरिएको छ । भदौ २३ र २४ गतेको प्रदर्शन हिंसात्मक भएकोमा सुधन गुरुङ, पुरुषोत्तम यादव, गणेश कार्की, राजीव खत्री, आशिका तामाङ, ओमप्रकाश अर्याल, दुर्गा प्रसाई, हिमानी राज्यलक्ष्मी सिंहलगायत ५० भन्दा बढीबाट दुरुत्साहन भए नभएको अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरिएको छ" उल्लेख छ ।

पैँतीस वर्षयता पालैपालो सरकारमा गएका पुराना पार्टीहरूको देश र जनताविरोधी कामको भदौ २३ र २४ गतेको उपद्रव गर्नेहरूलाई मौका मिलेको हो । नयाँ भनिएको रास्वपा पनि २०७९ सालयता पुराना पार्टीको नेतृत्वमा उपप्रधानमन्त्री र मन्त्री बन्न गएको पुरानै पार्टी हो । रास्वपा सरकारको नीति तथा कार्यक्रम र बजेट सरकारी उद्योग र संस्थान निजीकरण गर्ने, विदेशी ऋण ल्याएर कर्मचारी खुशी पार्ने र युवालाई वैदेशिक रोजगारीमा पठाएर देश मरुभूमि बनाउने पुराना पार्टीकै सिलसिला हो ।

२०८३ जेठ २५

## खेती सिजनमा मल हाहाकार ! तातोपानी सुक्खा बन्दरगाहमा मल अलपत्र

# सरकारभन्दा कालाबजारी शक्तिशाली ?




शुक्र

खेती गर्नेबेला किसानलाई बर्सेनि मलको हाहाकार हुन्छ । सरकारी तथ्याङ्कअनुसार नेपाललाई वार्षिक ८ देखि साढे ८ लाख मेट्रिक टन मल आवश्यक पर्छ । तर, वार्षिक ५ लाख मेट्रिक टन मात्र उपलब्ध भइरहेको छ । कृषि सामग्री कम्पनीका अनुसार गतवर्ष ३ लाख ३४ हजार मेट्रिक टन रासायनिक मल बिक्री गरिएको थियो । यो वर्ष ३ लाख ३७ हजार ३४ मेट्रिक टन रासायनिक मल बिक्री भइसकेको समाचार छ ।

कम्पनीका अनुसार किसानबाट धेरै माग नभएकोले अहिले भएको मलले असारसम्म पुग्छ । तर, धान रोप्ने समयमा बजारमा मल नपाएको गुनासो किसानहरूको छ । डिलरले कृषि सामग्री कम्पनीबाट लगेको मल बढी मूल्यमा बाटोबाटै बिक्री गरेको हुन सक्ने आशङ्का छ । मलमा हुने कालाबजारीको प्वाल टाल्नेतर्फ सरकारको ध्यान गएको छैन । सरकारभन्दा कालाबजारिया नै शक्तिशाली भएको किसानहरू बताउँछन् ।

तराईमा भदैया, चैत र बर्खे गरी तीन पटक धान रोप्ने गरिन्छ । धान रोप्ने समयमा डीएपी र धान हुर्केपछि युरिया मल आवश्यक पर्छ । तर, डीएपी चाहिने समयमा युरिया र युरिया चाहिने समयमा डीएपी मल पाइने किसानहरूको गुनासो छ । बालीअनुसार रासायनिक मल उपलब्ध नहुँदा उत्पादन घटीरहेको किसानहरू बताउँछन् ।

इरानबाट नेपाल ल्याउन लागिएको करिब ९५ हजार मेट्रिक टन मल ढुवानी प्रक्रियामै रोकिएको सरकारले बतायो । सरकारहर्मुज जलमार्ग बन्द भएको बहाना बनाउँदै छ । अमेरिकी साम्राज्यवादले इरानलगायतका देशमा गरेको आक्रमणका कारण रासायनिक मलको भाउमा धेरै उतारचढाव आएको हो । नेपालमा सबैभन्दा बढी आपूर्ति हुने युरिया मलको भाउ प्रतिमेट्रिक टन ४ सय ८६ अमेरिकी डलरबाट बढेर ९ सय डलरसम्म पुगेको थियो । अहिले युरियाको मूल्य प्रतिमेट्रिक टन ६ सयदेखि ६ सय ५० डलर हाराहारीमा छ । प्रतिमेट्रिक टन ६ सय डलरको हाराहारीमा रहेको डीएपीको मूल्य बढेर १ हजार १ सय डलरसम्म पुगेको छ । अन्तर्राष्ट्रिय बजारमा यसको मूल्य अझै उतारचढाव हुने सम्भावना छ ।

तातोपानी सुक्खा बन्दरगाहमा रहेको भन्सार गोदाममा २९ हजार ८ सय २६ बोरा युरिया मल वर्षौंसम्म अलपत्र भएको समाचार छ । सरकारले सो मल ल्याउने पहल किन गर्दैन ? मल आपूर्ति प्रक्रिया निकै लामो भएको सरकारी अनुभव हुँदाहुँदै समयमा किन मल ल्याउने प्रकृया अघि बढाउँदैन भन्ने प्रश्न पनि उठिरहेको छ । टेन्डर खोलेको दिनदेखि नेपालमा मल आइपुग्ने दिनसम्म कम्तीमा २२५ दिन लाग्छ । साउन १ गते बजेट कार्यान्वयन भएपछि टेन्डर गर्दा पनि माघ-फागुनअघि मल आउन गाह्रो पर्छ ।

हरेक सरकारले नेपालमै रासायनिक मल कारखाना खोल्ने आश्वासन दिन्छन् । तर, नीति, कार्यक्रम र बजेटमा व्यवस्था हुँदैन । नेपालमै जैविक तथा रासायनिक मल उत्पादन गर्ने धेरै उपाय हुँदासमेत सरकार विदेशीको गुलामीमा लागेको कारण नेपाल परनिर्भर बनेको हो । नेपाली जनता सचेत हुनु जरुरी छ ।

# “दण्डहीनताले अपराधीहरूको मनोबल बढ्छ र समाजमा अराजकता बढ्छ”

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा ‘फौजदारी कानुन र न्याय’ विषयक दोस्रो राष्ट्रिय सम्मेलन शनिबार सुरु भइसकेको छ । भक्तपुर नगरपालिकाले ख्वप कलेज अफ लसहित उच्च शिक्षा प्रदान गर्ने सात वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ । कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित यी शैक्षिक संस्थाहरूमा अहिले देशभरबाट सात हजार पाँच सय विद्यार्थीहरू अध्ययनरत छन् । हरेक शैक्षिक संस्थाहरूमा अध्ययन र अनुसन्धानलाई जोड दिइरहेका छौँ । हाम्रो शैक्षिक संस्थाहरूमा अध्ययतरत हरेक विद्यार्थीलाई योग्य र सक्षम बनाउन हामीले आफ्नो तर्फबाट आवश्यक सहयोग गरिरहनेछौँ ।

*फौजदारी न्याय प्रशासन भन्नासाथ प्रहरी, सरकारी वकिल, जेल प्रशासन र अदालतलाई सम्झने गरिन्छ । कानुनमा पीडितको पक्षमा जस्तोसुकै राम्रो कानुनी व्यवस्था गरिए पनि पीडितले न्याय पाएको अनुभव गर्न पाएन भने त्यो न्याय गरेको ठहर्दैन । न्याय प्रशासनका अङ्गहरूले राम्रो काम गरेनन् भने पीडितले न्याय पाउन सक्दैन ।*

*XXXX*

*अहिले गणतान्त्रिक राज्य व्यवस्था छ । नयाँ संविधान छ । संविधानले फौजदारी न्यायसम्बन्धी हक प्रदान गरेको छ । तर, अहिले पनि सरकारको विपक्षमा रहेकाहरूलाई कारबाही गरिन्छ भने त्यही काम सरकारमा बसेकाहरूले गरेको खण्डमा छुट दिने गरिन्छ । कानुन कार्यान्वयनको सिलसिलामा यस्तो भेदभाव हुनु हुँदैन । कुनै पनि व्यक्तिलाई राज्यले नियोजित रूपमा फसाउन मिल्दैन । कानुनमात्र भएर पुग्दैन, कानुन कार्यान्वयन गर्ने पदाधिकारीहरू निष्पक्ष नभएसम्म जनताले न्याय पाउन सक्दैनन् ।*


सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा यस्ता राष्ट्रिय सम्मेलनहरू नियमित रूपमा भइरहेका छन् । ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय सम्मेलनहरू पनि नियमित रूपमा भइरहेका छन् । फौजदारी न्याय र कानुन विषयक यो दोस्रो सम्मेलन पनि त्यसैको सिलसिला हो । यो कानुनका विद्यार्थीहरूका लागि मात्र होइन सबैका लागि अत्यन्त महत्त्वपूर्ण विषय हो ।

फौजदारी न्याय प्रशासन भन्नासाथ प्रहरी, सरकारी वकिल, जेल प्रशासन र अदालतलाई सम्झने गरिन्छ । कानुनमा पीडितको पक्षमा जस्तोसुकै राम्रो कानुनी व्यवस्था गरिए पनि पीडितले न्याय पाएको अनुभव गर्न पाएन भने त्यो न्याय गरेको ठहर्दैन । न्याय प्रशासनका अङ्गहरूले राम्रो काम गरेनन् भने पीडितले न्याय पाउन सक्दैन ।

न्याय पाउने प्रत्येक नागरिकको अधिकार हो । पीडितले कानुनबमोजिम न्याय पाउने अपेक्षा गरेको हुन्छ । त्यसैले, न्यायपालिका र न्यायाधीशहरूलाई जनताको आस्थाको केन्द्रको रूपमा हेर्ने गरिन्छ । तर, प्रहरी प्रशासन, सरकारी वकिल र अदालतले गम्भीर प्रकृतिका मुद्दाहरूमा गहिराइमा गएर अनुसन्धान गरेर मात्र निर्णय गर्नुपर्दछ । पूर्वाग्रही र पक्षपातपूर्ण ढङ्गले कसैलाई फसाउने नियतले अनुसन्धानको नाउँमा सतही छानबिन गरेर निर्णय गरे भने पीडितले न्यायको अनुभूति गर्ने छैन ।

संविधानमा जस्तोसुकै व्यवस्था गरिए पनि प्रहरी प्रशासन कस्तो हुन्छ हामी आफैँ त्यसको साक्षी छौँ । ‘भक्तपुर काण्ड’ को नाउँले कुख्यात २०४५ सालको घटनालाई एक उदाहरणको रूपमा लिन सकिन्छ । त्यतिबेला पञ्चायती व्यवस्था थियो । संविधानमा हिरासतमा रहेका व्यक्तिलाई शारीरिक र मानसिक यातना दिने छैन, पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्ने, हिरासतमा रहँदा आफूले रोजेको कानुन व्यवसायीसँग कानुनी सल्लाह लिन पाउनेजस्ता व्यवस्थाहरू थिए । पञ्चहरूले त्यस घटनामा संलग्नहरूलाई कारबाही गर्नुभन्दा सरकारका विपक्षीहरूलाई दबाउने काम गरे । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) देखि नेमकिपाका नेता कार्यकर्ताहरूलाई नियोजित रूपमा फसाउने षड्यन्त्र पञ्चहरूले गरे । स्वेच्छाको बयान दिनुको कुनै अर्थ थिएन । मानसिक र शारीरिक यातनाको बयान गरी साध्य थिएन । पक्राउ परेका जति अधिकांशलाई निर्मम यातना दिइन्थ्यो, उनीहरूले तयार गरेको कागज वा तयारी बयानमा सही नगरुञ्जेल यातना दिइन्थ्यो । अभियुक्तविरुद्ध प्रहरीले नक्कली प्रमाण जुटाउँथ्यो । कुनै अनुसन्धानबिना सरकारका विरोधीहरूलाई षड्यन्त्रमा फसाइन्थ्यो; त्यो गलत थियो । त्यसैले, पञ्चायती व्यवस्थाविरुद्ध जनता उठे र त्यसको अन्त्य गरियो ।

अहिले गणतान्त्रिक राज्य व्यवस्था छ । नयाँ संविधान छ । संविधानले फौजदारी न्यायसम्बन्धी हक प्रदान गरेको छ । तर, अहिले पनि सरकारको विपक्षमा रहेकाहरूलाई कारबाही गरिन्छ भने त्यही काम सरकारमा बसेकाहरूले गरेको खण्डमा छुट दिने गरिन्छ । कानुन कार्यान्वयनको सिलसिलामा यस्तो भेदभाव हुनु हुँदैन । कुनै पनि व्यक्तिलाई राज्यले नियोजित रूपमा फसाउन मिल्दैन । कानुनमात्र भएर पुग्दैन, कानुन कार्यान्वयन गर्ने पदाधिकारीहरू निष्पक्ष नभएसम्म जनताले न्याय पाउन सक्दैनन् ।

भदौ २३ र २४ गते घटनाबाट देशमा नयाँ परिस्थिति सिर्जना भयो । त्यस घटनाबारेमा २ वटा आयोगहरू गौरीबहादुर कार्कीको नेतृत्वमा बनेको छानबिन आयोग र राष्ट्रिय मानव अधिकार आयोगबाट अलग-अलग प्रतिवेदनहरू सार्वजनिक भए । कार्की आयोगले २३ गतेको घटनालाई मात्र अपराध देख्यो र त्यसमा संलग्नहरूलाई कारबाही गर्न सिफारिस गर्यो । त्यसले भदौ २४ गतेको घटनामा संलग्नहरूलाई बचाउने प्रयास गर्यो । त्यसैले, कार्की आयोग निष्पक्ष भएन, एकतर्फी भयो भनेर त्यसको आलोचना पनि भयो । राष्ट्रिय मानव अधिकार आयोगले २३ र २४ गते दुवै दिनको घटनामा संलग्नलाई कारबाहीको सिफारिस गरेको छ । त्यसमा आजका धेरै जना सांसदहरू पनि परेको देखिन्छ ।

नेपालका धरोहरहरू सिंहदरबार, राष्ट्रपति भवन, संसद् भवन, सर्वोच्च अदालतलगायत खरानी बनाउनेहरू कारबाहीको भागी बन्नुपर्छ कि पर्दैन ? यो प्रश्न आज नेपाली जनताले उठाउँदै छन् । हिजो कार्की आयोगको प्रतिवेदन सार्वजनिक हुनेबित्तिकै केही नेताहरूलाई रातारात पक्राउ गर्ने मन्त्रीहरू आज मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक भएपछि मौन छन् । तिनीहरू आयोगको प्रतिवेदन कार्यान्वयन गर्न खुट्टा कमाइरहेका छन् । के सिंहदरबारको आगजनी ठिक थियो ? के न्यायको मन्दिर मानिने सर्वोच्च अदालत खरानी बनाउनु अपराध थिएन ? के नेपाली सेनाका परमाधिपति राष्ट्रपति कार्यलय, संसद् भवन र अन्य सरकारी कार्यालयहरूमा आगो लगाउनेलाई कारबाही गर्नुपर्ने होइन ? यदि यस्ता घटनालाई छुट दिँदै जाने हो भने देशमा अराजकता फैलिन्छ, देशमा कहिल्यै शान्ति हुँदैन ।

पञ्चायतकालमा पञ्चहरूले जस्तोसुकै अपराध गरे पनि माफी पाउँथे । बहुदलवादीहरू दबाउन प्रहरी प्रशासन र न्यायालयको प्रयोग गरिन्थ्यो । बहुदलपछि पनि झन्डै त्यस्तै भयो । गुण्डा नाइकेहरू मारिँदा शासक दलहरूले आफ्नो कार्यकर्ता मारिएको भनी संसद् बन्द गरेका दृश्यहरू पनि नेपाली जनताले देखेकै हुन् ।

अपराधीहरूलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा शासक दलहरूले तिनीहरूलाई संरक्षण दिए । राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतिकरण गर्दा समस्या भएको हो । अपराध गरेका मानिसहरू जेलमा बस्नुपर्नेमा खुलेआम समाजमा हिँडिरहेका छन् । पीडितहरू मुख लुकाएर हिँड्नुपर्ने अवस्था छ । यसले जनतामा न्यायालय, प्रहरी प्रशासन र दलहरूप्रति विश्वास घट्न गएको हो ।

अझ बलात्कारजस्ता जघन्य अपराध गरेका अपराधीहरू जेलमा हुनुपर्नेमा समाजमा खुला हिँडिरहँदा बलात्कृत चेलीहरू लज्जित हुनुपर्ने अवस्था छ । अपराधमा संलग्नहरूलाई कडा कारबाही गरेको भए सम्भवत: आजको जस्तो न्यायपालिकाप्रति विश्वास घट्ने थिएन ।

समाजमा अपराध नहुने भए प्रहरी प्रशासन, कानुन, अदालत र जेल प्रशासनको आवश्यकता नै पर्दैनथ्यो । समाजमा अपराध हुन्छ, त्यसलाई नियन्त्रण गर्न ती अङ्गहरू राज्यले स्थापना गरिएका हुन्छन् । कानुन, अदालत, न्यायालय सरकारका विपक्षी दबाउने हतियार हुनु हुँदैन । प्रजातन्त्रमा सबैलाई कानुनबमोजिम जिउने हक हुन्छ । एउटै कानुन कसैको लागि बरदान र कसैको लागि अभिशाप हुनुहुँदैन ।

स्वेच्छाचारी शासन गर्नेहरू टिक्न सक्दैनन् । ढिलो या चाँडो फोहर फाल्ने नालीमा फालिनेछन् । जनविरोधी काम गर्ने शासकहरूलाई नङ्ग्याउन पनि कानुन व्यवसायीहरू सधैँ तयार हुनुपर्छ । कानुन पीडितको पक्षमा बनाउने मात्र होइन, लागू गर्न पनि हरदम प्रयास गर्नुपर्छ ।

समाजमा अपराध हुन्छ । शान्ति सुरक्षा कायम राख्न अपराधीहरूलाई दण्ड सजाय गर्नुपर्दछ । दण्डहीनताले अपराधीहरूको मनोबल बढ्छ । त्यसले समाजमा अराजकता ल्याउँछ र समाज अशान्ति हुन्छ । त्यस्तो समाज अगाडि बढ्न सक्दैन । निर्दोषले सजाय पाउनु हुन्न । अपराधी छुट्नु पनि हुन्न । कानुन बनाउँदैमा आफै कार्यान्वयनमा आउने होइन । त्यसको लागि कार्यान्वयन गर्ने ठाउँमा बस्नेहरू सक्रिय हुनु आवश्यक छ । आजको यो राष्ट्रिय सम्मेलनले सबैलाई आ-आफ्नो जिम्मेवारीबोध गराउने अपेक्षा गरिएको छ । राष्ट्रिय कानुन निर्माणमा महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा छ ।

न्याय गरेको जस्तो होइन, न्याय परेको पनि हुनुपर्छ भन्ने मान्यता स्थापित गर्दै जानुपर्ने आवश्यकता छ ।

*(ख्वप कलेज अफ लको आयोजनामा जेठ २३ गते ‘फोजदारी कानुन र न्याय’ विषयक दोस्रो राष्ट्रिय सम्मेलनमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

# देशविरोधी अभिव्यक्तिको नेमकिपा विरोध गर्छ

● सुरेन्द्रराज गोसाई

जेठ १७ गते प्रतिनिधिसभामा प्रधानमन्त्रीजीले ‘...नेपालले पनि भारतको जमिन मिचेको छ...’ भनी दिएको अभिव्यक्ति आपत्तिजनक र देशविरुद्ध छ । तीन करोड नेपालीहरूको भावनाविपरीत छ । त्यसको विरुद्धमा स्वाभिमानी नेपाली अहिले आवाज उठाउँदै छन् । यस गरिमामय सदनबाट पनि नेपाल मजदुर किसान पार्टीको तर्फबाट हामी कडा शब्दमा विरोध गर्दछौँ ।

भारतीय विस्तारवादले निरन्तर नेपाल र नेपाली जनताको स्वाभिमान र हाम्रो सम्प्रभुतामाथि हाँक दिँदै आइरहेको जगजाहेर छ । ६० हजार हेक्टरभन्दा बढ्ता जमिन मिच्ने भारतीय विस्तारवाद नै हो । ७१ भन्दा बढ्ता ठाउँमा जमिन मिच्ने पनि भारतीय विस्तारवाद नै हो । भारतीय विस्तारवादले नेपाली भूमि कालापानीमा सेना राखिरहेको आज पाँच दशक नाघिसकेको छ । यति स्पष्ट हुँदाहुँदै देशको जिम्मेवार पदमा रहेको व्यक्तिबाट यस्तो आपत्तिजनक अभिव्यक्ति आउनु निश्चय पनि राष्ट्रिय लज्जाको विषय हो । त्यसको हामी घोर निन्दा तथा भर्त्सना गर्दछौँ । त्यो अभिव्यक्ति अविलम्ब फिर्ता लिन हामी माग गर्दछौँ ।

संसारको इतिहासले प्रस्ट पार्दछ कि नेपालले आजसम्म कुनै पनि देशमाथि हस्तक्षेप र हमला गरेकै छैन । कुनै देशमाथि थिचोमिचो गरेको छैन । नेपालले सहअस्तित्वको बाटो, शान्तिको बाटो, समन्वयको बाटोलाई पछ्याइरहेको इतिहासले बताउँछ । त्यसको ठीकविपरीत देशकै जिम्मेवार व्यक्तिबाट ‘हामीले पनि भारतको जमिन मिचेका छौँ’ भन्ने गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति आउनु यो लज्जाको विषय, यो त विश्वासघात हो । यस्तो देशघात निश्चय पनि सह्य हुन सक्दैन । नेपाल मजदुर किसान पार्टीले आजभन्दा ५ दशक अगाडिदेखि नै अर्थात् २०२५ सालदेखि नै नवलपरासी जिल्लाको सुस्तामाथि भारतीय विस्तारवादले गरेको अतिक्रमणको विरोध गर्दै आएको हो । नेपाली जनताको भावनाबमोजिम देशभक्तिपूर्ण आन्दोलन र भारतीय विस्तारवादविरोधी आन्दोलनको नेतृत्व गर्दै छ । नेपाली जनतासँग मिलेर देशको पक्षमा सङ्घर्षलाई निरन्तर अगाडि बढाउँदै छ ।

हिजै मात्र फेरि पनि सुस्तामा नेपालले आफ्नै भूमिमा बनाइरहेको तटबन्ध निर्माण कार्यमा भारतीय फौज आएर रोकेको खबर हामीले सुन्यौँ । भारतीय विस्तारवादको त्यस हस्तक्षेपको यो



सदनबाट पनि हामी विरोध गर्दछौँ । त्यस्तो हस्तक्षेपकारी कार्यको नेपाली जनताको तर्फबाट विरोध एवम् भर्त्सना गर्दछौँ ।

आजको नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले २०५५ सालमा सुस्तामा भएको हस्तक्षेपको विरुद्धमा आवाज बुलन्द गर्दा कैयौँ नेता, कार्यकर्ता जेलमा पुगेको इतिहासबाट थाहा हुन्छ । त्यस्तो खालका प्रमाणहरू हुँदाहुँदै नेपालकै दोष र कमजोरी छ भनेर देशको जिम्मेवार व्यक्तिबाट आइरहेको अभिव्यक्तिको जति निन्दा गरे पनि अपुग नै हुनेछ ।

यतिखेर हिजो सुगौली सन्धिमा हस्ताक्षर गर्ने चन्द्रशेखर उपाध्याय र गजराज मिश्रका सन्तानहरू को-को हुन्, कहाँ-कहाँ छन्, हाल कुन-कुन जिम्मेवारीमा छन् ? अब खोतलखातल गर्नुपर्ने अवस्था छ । तिनीहरूलाई उदाङ्ग्याउनुपर्ने अवस्था छ । हिजो भीमसेन थापाविरुद्ध षड्यन्त्र गर्नेहरू, भीमसेन थापाको विरोधमा लाग्ने व्यक्तिका सन्तानहरू यतिखेर कुन-कुन ठाउँमा छन्, कुन जिम्मेवारीमा छन् त्यो पनि खोतल्नुपर्ने अहिलेको आवश्यकता छ । त्यो नगरीकन देशका शत्रु को हुन्, देशका मित्र को हुन् भनेर चिरफार गर्न अलि गाह्रो हुने अवस्था छ । आज सिंहदरबारमा पसिरहेका देशघातीहरूविरुद्ध नेपाली जनताको अभियान आवश्यक छ । यतिखेरको हाम्रो साझा कर्तव्य यही हो । यथार्थमा हाम्रो जमिन मिच्ने भारतीय विस्तारवाद हो । भारतीय विस्तारवादविरुद्ध आवाज बुलन्द गरौँ !

भारतीय विस्तारवादले नेपालको जमिन मात्र मिचेको होइन अनेक हस्तक्षेप पनि गर्दै छ । कैयौँ असमान सन्धि–सम्झौताहरू गरिसकेको अवस्था छ । सुगौली सन्धिमा हामी ठगियौँ । त्यसपछि कैयौँ हाम्रा मुख्य-मुख्य नदीनालाहरू भारतले एक-एक गरेर, असमान सन्धि गर्दै नेपालबाट खोसेको र देशघातीहरूले भारतीय विस्तारवादलाई सुम्पेको जगजाहेर छ । कोसी, गण्डकी, महाकाली, कर्णालीलगायतका मुख्य-मुख्य सम्पूर्ण नदीहरू ललाइ-फकाइ र बाध्य पारी भारतीय विस्तारवादले आफ्नो हातमा लियो । ती सम्पूर्ण नदीनालाहरू फिर्ता लिन सकेमात्र नेपालीको स्वाभिमान र नेपालको सम्प्रभुता जोगिनेछ । कालापानीबाट भारतीय सेना अविलम्ब फिर्ता पठाउन आवश्यक छ । त्यसको विरुद्धमा पनि हाम्रो सङ्घर्ष चालू छ ।

भारतीय विस्तारवादले कठपुतलीहरूमार्फत नेपाललाई आत्मसमर्पण गराउन षड्यन्त्र गर्दै छ । नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि भारतीय विस्तारवाद तथा एकाधिकार पुँजीविरुद्ध सङ्घर्षरत छ । नेपालका शासकहरूलाई भारतीय विस्तारवादसामु नझुक्न र देशविरुद्ध गैरजिम्मेवार अभिव्यक्ति नदिन, देशघाती कदम नचाल्न नेपाल मजदुर किसान पार्टीको तर्फबाट सचेत गराउँदछौँ ।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले जेठ १९ गते बसेको वाग्मती प्रदेश सभाको बैठकमा विशेष समय लिएर राख्नुभएको विचारको सम्पादित अंश)*

### सन्दर्भ : चेकोस्लोभाकियाको 'मखमली क्रान्ति'

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – २७

✍ रामरतन चौधरी

सन् १९४५ मा दोस्रो विश्वयुद्ध समाप्त भयो। दोस्रो विश्वयुद्धको समयमा चेकोस्लोभाकिया नाजी जर्मनीको अधीनमा पुगेको थियो। सोभियत रुसका लालसेनाहरूले चेकोस्लोभाकियालाई मे १९४५ मा जर्मन अधीनबाट मुक्त गरायो। दोस्रो विश्व युद्धको समाप्तीपछि सोभियत रुसको प्रभावका कारण मध्य तथा पूर्वी युरोपका पोल्यान्ड, पूर्वीजर्मनी, बुल्गेरिया, हङ्गेरी, चेकोस्लोभाकिया, रोमानिया, युगोस्लाभिया र अल्बानियामा कम्युनिस्ट व्यवस्था स्थापना भएको थियो।

चेकोस्लोभाकियामा स्वतन्त्रताको करिब एक वर्षपछि सन् १९४६ मे २६ मा आमनिर्वाचन भयो। सो निर्वाचनमा चेकोस्लोभाकियाको कम्युनिस्ट पार्टीले ३८ प्रतिशत मत प्राप्त गऱ्यो। निर्वाचनमा कुनै पनि दलले बहुमत प्राप्त गर्न सकेन। त्यसपछि एउटा मिलिजुली सरकार गठन भयो। जसको नेतृत्व कम्युनिस्ट पार्टीले गऱ्यो। सोभियत रुसका लालसेनाले मुक्त गराएको कारण चेकोस्लोभाकियाका गैरकम्युनिस्ट तथा जनतामा समेत सोभियत रुसका लालसेना र स्टालिनप्रति श्रद्धा र सम्मान थियो। यसकै फलस्वरूप १९४८ मे ३० मा भएको अर्को निर्वाचनमा कम्युनिस्ट पार्टीले ८९ प्रतिशत मत प्राप्त गरेर सत्ता सम्हाल्यो। सन् १९४८ देखि १९८९ सम्म चेकोस्लोभाकियामा कम्युनिस्ट व्यवस्था चलेको थियो।

**चेकोस्लोभाकियामा रूसी संशोधनवादको प्रभाव**

सन् १९५३ मार्च ५ मा स्टालिनको मृत्युपछि सोभियत रुसमा संशोधनवाद हाबी भयो। त्यसको प्रभाव चेकोस्लोभाकियामा पनि पऱ्यो। त्यहाँको कम्युनिस्ट पार्टीमा पनि खुस्चेभपन्थीहरूको हस्तक्षेप बढ्दै गयो। जसको परिणाम १९६८ मा चेकोस्लोभाकियाको कम्युनिस्ट पार्टीले आफ्नो देशको राष्ट्रपति एन्टोनिन नोवोत्नी (Antonin Novotny) लाई राजीनामा दिन बाध्य पारेर पार्टी महासचिवको पदबाट पनि हटायो। नोवोत्नी स्टालिनको राजनीतिक लाइनका पक्षधर थिए। उनले स्टालिनका विरुद्ध खुस्चेभले गरेको निन्दाको समर्थन गरेका थिएनन्। संशोधनवादीहरूले प्रथम र दोस्रो विश्वयुद्धका अनुभवी सेनाका जनरल लुडविक स्वोबोदा (Ludvik Svoboda) लाई राष्ट्रपति बनाए भने अलेक्जेन्डर डुवसेकलाई कम्युनिस्ट पार्टीको महासचिवमा नियुक्त गरे। तर, लुडविक स्वोबोदाले नेतृत्व गरेको सरकार र अलेक्जेन्डर डुबसेक (Alexander Dubcek) ले नेतृत्व गरेको चेकोस्लोभाकियाको कम्युनिस्ट पार्टीले सोभियत संशोधनवादको लाइनलाई पनि अस्वीकार गरेर पुँजीवादी संसदीय व्यवस्थाको समर्थन गऱ्यो।

रुसले आफ्नो नीतिविपरीत गएको चेकोस्लोभाकियामा सैन्य कारवाहीलाई अगाडि बढायो। १९६८ अगस्ट २१ मा रुसी सेना चेकोस्लोभाकियाको नगर तथा राजधानी प्रागसम्म पुग्यो। चेकोस्लोभाकियाको कम्युनिस्ट पार्टीका महासचिव डुबसेक, राष्ट्रपति स्वोबोदा र प्रधानमन्त्री कर्निकलाई सो सेनाले गिरफ्तार गऱ्यो। त्यसक्रममा चेकोस्लोभाकियाको धेरै संसद् सदस्यहरू समेत गिरफ्तारीमा परे। चेकोस्लोभाकियाको राजनीतिमा सिद्धान्तभन्दा एकोहोरो राष्ट्रियताको भावना जागृत भयो। २२ अगस्टमा सोभियत हस्तक्षेपविरुद्ध प्राग सहरमा विशाल जन प्रदर्शन भयो। त्यसपछि सोभियत रुसले मस्कोमा एउटा सम्मेलनको आयोजना गऱ्यो। १४ अक्टोबरमा समाप्त भएको सो सम्मेलनले अपदस्थ नेताहरूलाई पुरानो साविकका पदमा पुनर्बहाली गर्ने र चेकोस्लोभाकियामा पूर्णशान्ति स्थापना नहुँदासम्मका लागि ७० हजार सोभियत रुसी सेना चेकोस्लोभाकियामै रहने निर्णय गऱ्यो।

सन् १९६९ मार्च २८ मा एउटा ठुलो उत्तेजित भिडले चेकोस्लोभाकियास्थित रुसी सैन्य अखडामाथि हमला गऱ्यो। सोभियत रुसले चेकोस्लोभाकियामा रुसविरोधी गतिविधि नरोकिए सशक्त सैन्य कारबाही गर्ने चेतावनी दिएपछि प्रतिरोध केही साम्य भयो। सोभियत रुसको दबावका कारण डुवसेकलाई चेकोस्लोभाकियाको कम्युनिस्ट पार्टीको महासचिव पदबाट निलम्बन गरेर सो पदमा कट्टर सोभियत समर्थक नेता गुस्ताव हुसाक (Gustav Husak) लाई नियुक्त गरियो।

**"मखमली क्रान्ति" (velvet Revolution)**

सन् १९८८ मा रुसका मिखायल गोर्भाचोभले खुला अर्थव्यवस्था लागु गरेर रुसको कम्युनिस्ट व्यवस्थालाई ध्वस्त पारेपछि त्यस्को प्रभाव अन्य देशमा पनि पऱ्यो। सन् १९८९ नोभेम्बर ९ मा बर्लिनको पर्खाल ढालियो। त्यसको ८ दिनपछि अन्तर्राष्ट्रिय विद्यार्थी दिवसको अवसरमा १७ नोभेम्बर १९८९ देखि २७ नोभम्बरसम्म (१० दिन) चेकोस्लोभाकियामा 'मखमली क्रान्ति' (velvet Revolution) चालु रह्यो।

'मखमली क्रान्ति' (velvet Revolution) शब्द अङ्ग्रेजी अनुवादक रिता क्लीमोभा (Rita Klimova) ले प्रयोग गरेकी थिइन्। भेल्भेट एक प्रकारको फूल हो। मखमली क्रान्तिलाई 'कोमल क्रान्ति' पनि भनिन्छ। उनले बिनारक्तपात सत्ता हस्तान्तरणको सन्दर्भमा यो शब्द प्रयोग गरेकी थिइन्। सुरुमा उनी एक कट्टर युवा कम्युनिस्ट थिइन्। पछि रुसका मिखायल गोर्भाचोभलगायतका संशोधनवादीहरूबाट प्रभावित भएर आर्थिक उदारीकरणको बाटोमा चेकोस्लोभाकियालाई हिँडाउनुपर्छ भन्ने लाइनमा लागिन्। त्यसपछि उनलाई कम्युनिस्ट पार्टीबाट निष्कासन गरियो। मखमली क्रान्तिपछि उनी अमेरिकी राजदूत बनिन्।

मखमली क्रान्तिको सुरुआत कम्युनिस्ट पार्टीकै एउटा हाँगा Socialist Union Of Youth ले गरेको थियो। सन् १९३९ मा प्राग विश्वविद्यालयमा नाजी आक्रमणको विरुद्धमा भएको प्रदर्शनलाई हिंसात्मक रूपमा दबाइँदा १२ सय विद्यार्थी पक्राउ परेका थिए भने ९ जना मारिएका थिए। सो घटनाको ५० औँ वार्षिकोत्सव मनाउने क्रममा Socialist Union Of Youth ले प्रदर्शन आयोजना गरेको थियो। तर, सो प्रदर्शनलाई कम्युनिस्ट व्यवस्थाविरुद्ध मोड्ने काम अमेरिका र पश्चिमाहरूले गरे। ४ दिनमै चेकोस्लोभाकियाको विभिन्न सहरमा सरकारविरुद्ध ठूलठूला प्रदर्शन भए। प्रदर्शनमा कम्युनिस्ट विरोधी नाराहरू लागे। उक्त प्रदर्शनमा धार्मिक संस्था चर्चले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

प्रदर्शन बढ्दै गएपछि नोभेम्बर २४ मा कम्युनिस्ट पार्टीका महासचिव मिलोस ज्याकेस (Milos Jakes) लगायतका सम्पूर्ण शीर्ष नेतृत्वले राजीनामा दिए। नोभेम्बर २७ मा देशभर २ घण्टा प्रदर्शन भयो। २८ नोभेम्बरमा संविधानमा भएको 'कम्युनिस्ट पार्टीको नेतृत्वदायी भूमिका' हटाइयो। १९८९ डिसेम्बर १० मा राष्ट्रपति गुस्ताभ हुसक (Gustav Husak) ले चेकोस्लोभाकियामा पहिलो गैर-कम्युनिष्ट सरकार नियुक्त गरेर राजीनामा दिन बाध्य भए। २८ डिसेम्बरमा अलेक्जेन्डर डुबसेक (Alexander Dubcek) सङ्घीय संसद्को सभामुख नियुक्त भए। २९ डिसेम्बरमा एक लेखक, कवि तथा नाटककार वक्लाभ ह्याभेल (Vaclav Havel) चेकोस्लोभाकियाको राष्ट्रपति नियुक्त भए। मखमली क्रान्तिको समयमा उनको Civic Forum पार्टीले कम्युनिस्ट व्यवस्था उल्टाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। ह्याभेलले वार्सा सम्झौतालाई भत्काउन र पूर्वीयुरोपमा नेटोलाई विस्तार गराउने काममा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। यसरी चेकोस्लाभाकियामा चार दशक टिकेको कम्युनिस्ट व्यवस्था ढलेको थियो।

**संरा अमेरिका र पश्चिमाहरूको भूमिका**

रुसी प्रभावविरुद्ध चेकोस्लोभाकियामा भित्रभित्रै संरा अमेरिका र पश्चिमाहरूले गतिविधि गरे। कैयौँ व्यक्तिलाई आत्मदाह गर्नसमेत उक्साइयो। सन् १९८० देखि नै रेडियो फ्री युरोप, भ्वाइस अफ अमेरिका, बीबीसी वर्ल्ड सर्भिसलगायतका अमेरिकी तथा पश्चिमा सञ्चारमाध्यमहरूले चेकोस्लोभाकियामा कम्युनिस्ट विरोधी प्रचारलाई तिब्र बनाए। युरोपको एक सञ्चारमाध्यमले प्रदर्शनमा मार्टिन स्मिड (Martin Smid) नामक एक विद्यार्थीलाई मारेको झुटो हल्ला फिँजायो। यसले प्रदर्शनलाई उत्तेजित बनाउने र कलेजका विद्यार्थीहरूलाई प्रदर्शनमा उतार्ने काम गऱ्यो। प्रागमा रहेको अमेरिकी राजदूतावासले कम्युनिस्ट व्यवस्थाविरुद्ध भित्रभित्रै 'छद्म युद्ध' सञ्चालन गरेको थियो। चेकोस्लोभाकियाका तत्कालीन अमेरिकी राजदूत Shirley Temple Black ले विद्यार्थी र विरोधी गुटलाई आर्थिक सहयोग गर्ने तथा उक्साउने काम गरेका थिए।

अमेरिका-चेक गणतन्त्रको सम्बन्धबारे सन् १९९७ जुलाई ३ मा अमेरिकी राज्य विभाग (US Department of State) अन्तर्गतको युरोपेली तथा क्यानेडियन मामिला ब्यूरोद्वारा तयार पारेको एउटा तथ्यपत्रमा चेकोस्लोभाकियामा अमेरिकी संलग्नता पुष्टि हुने गरी यस्तो उल्लेख गरेको छ, "१९८९ को 'मखमली क्रान्ति' सँगै अमेरिका र चेकोस्लोभाकियाको द्विपक्षीय सम्बन्धमा निकै सुधार आयो। अमेरिकी साथसमर्थनले त्यहाँका असन्तुष्टहरू सरकारको उच्च तहमा पुगे। संयुक्त राज्य अमेरिकाले यसको राजनीतिक र आर्थिक सङ्क्रमणमा सहयोग गर्न लगभग १७० मिलियन डलर आर्थिक सहयोग दिएको थियो।"

**"मखमली क्रान्ति" (Velvet Revolution) को परिणाम**

चेकोस्लोभाकियामा सन् १९९० जुनमा पहिलो प्रजातान्त्रिक निर्वाचन भयो। त्यसपछि बनेको सरकारले आर्थिक उदारीकरणको सिद्धान्तअनुसार निजीकरणलाई अगाडि बढायो। चेकोस्लोभाकियाको स्लोभाक र चेकहरू (चेकोस्लोभाकियाका दुई प्रमुख जाति) बिच वैमनश्यता ल्याउने काम भयो। अन्ततः अमेरिकी प्रायोजित भेल्भेट क्रान्तिकै परिणाम १९९२ डिसेम्बर ३१ मा चेकोस्लोभाकिया दुई देश 'चेक गणतन्त्र' र 'स्लोभाक गणतन्त्र' मा विभाजित भयो।

*२०८३ जेठ २४ गते*

# सङ्कटग्रस्त क्युबामाथि थप नयाँ अमेरिकी प्रतिबन्ध

हवाना (एएफपी)। संयुक्त राज्य अमेरिकाले वर्तमान क्युवाली राष्ट्रपति तथा क्यास्ट्रो परिवारका नजिकका सदस्यहरूलाई लक्षित गर्दै बिहीबार नयाँ प्रतिबन्धहरू घोषणा गरेको छ। यस कदमले क्युवा-अमेरिका सम्बन्धमा पुन: तनाव चुलिएको छ।

अमेरिकी प्रतिबन्ध सूचीमा राष्ट्रपति मिगुएल डियाज-क्यानेल, उहाँकी श्रीमती र सौतेनी छोरा समेत परेका छन्। साथै पूर्वराष्ट्रपति राउल क्यास्ट्रोका छोरा र नातिहरू पनि प्रतिबन्धको दायरामा आएका छन्, जसलाई क्युवाको राजनीतिक संरचनामा प्रभावशाली शक्तिकेन्द्रका रूपमा चित्रित गरिएको छ। क्रान्तिकारी सशस्त्र बल मन्त्रालयसहित अन्य केही संस्थामाथि पनि प्रतिबन्ध लगाइएको जनाइएको छ।




क्युवामाथि सन् १९६२ देखि अमेरिकी व्यापार प्रतिबन्ध लागू रहँदै आएको छ। तर पछिल्ला महिनाहरूमा राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले इन्धन आपूर्ति रोक्ने तथा टापु कब्जाको सम्भावनासमेत सङ्केत गर्दै दबाब बढाएको बताइएको छ।

वासिङ्टनले क्युवाको कम्युनिस्ट शासनले अमेरिकी सुरक्षामा खतरा उत्पन्न गरेको आरोप लगाउँदै आएको छ तर व्यवहारमा संरा अमेरिकाबाटै क्युवामाथि पटक पटक आतङ्कवादी हमला हुँदै आएको छ।

यसबारे प्रतिक्रिया दिँदै राष्ट्रपति डियाज-क्यानेलले सामाजिक सञ्जाल एक्समार्फत ट्रम्प प्रशासनले क्युवा र अमेरिकाबिचको तनाव र अवरोधलाई थप गहिरो बनाउने प्रयास गरेको आरोप लगाउनुभएको छ। उहाँले क्युवाले 'याङ्की सरकारको आक्रामकता' र 'साम्राज्यवादी दबाब' को सामना गरिरहेको बताउनुभयो।

विदेशमन्त्री ब्रुनो रोड्रिग्जले पनि नयाँ प्रतिबन्धलाई 'कठोर' भन्दै क्युवाली जनताको एकता र दृढताले यसको सामना गर्ने टिप्पणी गर्नुभयो।

अमेरिकी राष्ट्रपति ट्रम्पले भने क्युवालाई राम्रोसँग सञ्चालन हुने, आफ्ना नागरिकलाई आवश्यक सुविधा दिन सक्ने देशका रूपमा हेर्न चाहेको बताएका छन्। उनका अनुसार क्युवाको वर्तमान अवस्था आर्थिक र ऊर्जा सङ्कटले कमजोर बनेको छ।

पछिल्ला महिनाहरूमा क्युवामाथि लागू गरिएको इन्धन प्रतिबन्धका कारण विद्युत् उत्पादनका लागि आवश्यक डिजेल अभाव भएको छ। यसले दैनिक २२ घण्टासम्म विद्युत् कटौती, खानेपानी अभाव तथा यातायात प्रणाली लगभग ठप्प हुने अवस्था सिर्जना गरेको बताइएको छ।

देशमा खाद्यान्न र औषधिको समेत अभाव बढ्दै गएको छ, जसका कारण क्युवा, मेक्सिको र चीनबाट मानवीय सहायता आपूर्तिमा निर्भर रहेको छ।

संयुक्त राष्ट्रसङ्घीय प्रतिनिधिले पनि क्यारिबियन आँधीबेहरी मौसम सुरु भएसँगै क्युवाको मानवीय अवस्था 'विस्फोटक ककटेल' जस्तै गम्भीर बन्दै गएको चेतावनी दिएका छन्।

गत वर्ष आएको शक्तिशाली आँधी मेलिसाबाट क्षतिग्रस्त पूर्वी क्युवा अझै पुन:स्थापनाको प्रक्रियामा रहेको जनाइएको छ।

# सहकारीमा सेवाभाव हुनुपर्ने

भक्तपुर। लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लिको आयोजनामा एकदिने संस्थागत विकास तालिम समापन कार्यक्रम जेठ २४ गते सम्पन्न भयो।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले सहकारी क्षेत्र सेवाभावलाई आत्मसात गर्दै सञ्चालन गर्नुपर्ने उल्लेख गर्दै सहकारीहरू स्वेच्छाचारी ढङ्गले नभई नियम, कानुन र समुदायको भावनाअनुसार चल्नुपर्नेमा जोड दिनुभयो।

उहाँले सहकारी संस्था निरन्तर रूपमा सञ्चालन हुनको लागि संस्थाको जिम्मेवार कर्मचारीको क्षमता विकासका साथै सहकारी ऐन, नियम र कानुनबारेमा पूर्णरूपमा ज्ञान हुनुपर्ने बताउनुभयो। सहकारी क्षेत्रमा देखापरेका समस्याबारे औँल्याउँदै उहाँले सहकारीमा समस्या निम्तिनुको मुख्य कारण राज्यको गलत र फितलो नीति, जथाभावी सहकारी खोल्न इजाजत दिनु र ठुला व्यवसायी र धनाढ्य व्यक्तिहरूले सहकारी संस्था कब्जा गर्नु रहेको बताउनुभयो।

उहाँले बजेट पुँजीवादी र विदेशीमुखी रहेको तथा सरकारले विद्युत् ५० युनिटमाथि उपभोगमा लगाएको कर नीति तथा स्वास्थ्य क्षेत्रमा लागेको नयाँ करको दायित्व, कृषि, शिक्षा र विकास निर्माणको क्षेत्रलाई नसमेटिएको, वैदेशिक ऋणबाट खर्च पूर्ति गर्ने, कर्मचारीहरूको तलब तथा पारिश्रमिक वृद्धिलाई मात्र जोड दिएकोजस्ता धेरै कारणबाट यो बजेट सर्वसाधारण जनताको हितमा नरहेको जानकारी दिनुभयो।

संस्थाका संस्थापक अध्यक्ष एवं भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिका सदस्य श्यामसुन्दर मातांले भक्तपुर नगर क्षेत्रभित्रका सहकारीहरूको अनुगमन गर्दा देखिएका चुनौती र समस्याहरूका बारेमा जानकारी दिनुभयो। उहाँले पछिल्लो समय चर्चामा रहेको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रविधिको प्रयोग मानव जीवनमा सहजता ल्याएको भए तापनि यसको नकारात्मक प्रभावबाट जोगिन सचेत रहनुपर्ने धारण राख्नुभयो।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष राजन जतिले सहकारी संस्थामा सञ्चालक समितिमा रहने सदस्यहरूमा सहकारीसम्बन्धी ज्ञान र आधारभूत योग्यताहरू भए सहकारी राम्रोसँग सञ्चालन गर्न सकिने बताउनुभयो।

उहाँले तालिमको मुख्य उद्देश्य सदस्य, समिति उपसमितिका पदाधिकारीहरूको क्षमता वृद्धि गर्ने तथा नयाँ कार्यसमिति निर्माणलाई व्यवस्थित बनाउनु रहेको बताउनुभयो। सहकारीले स्थापनाकालदेखि नै सदस्यको हक हितमा कार्य गर्दै आएकोमा आगामी दिनमा पनि सोहीअनुसार कार्य गर्दै जाने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रशिक्षकद्वय राधेश्याम दुवाल र भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण ध्वजुले पनि बोल्नुभएको थियो।


कार्यक्रममा प्रशिक्षार्थीको तर्फबाट संस्थाको शिक्षा तथा बचत उपसमितिका सदस्य मञ्जुमैंया लाखाजुले तालिम प्रभावकारी र उपयोगीमूलक रहेको बताउनुभएको थियो। संस्थाका सचिव राजु छुकां र उपाध्यक्ष प्रनेश बाटीलगायतले बोल्नुभएको थियो।

पुस्तक परिचय

● जमिला

# ‘चीन–भारत सिमानाको प्रश्नमा नेहरू दर्शनको पुनर्विश्लेषण’ : एक चर्चा

भारतको विस्तारवादी नीतिको इतिहास निकै पुरानो हो। विभिन्न कालखण्डमा नेपालको सीमा अतिक्रमण गर्दै भारतले आफ्नो विस्तारवादी चरित्र देखाइरहेकोबारे सचेत नेपाली जनता अवगत छन्। करिब ७१ स्थानमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि अतिक्रमित भएको तथ्याङ्कले नेपालमाथि भारतको विस्तारवादी नीति छर्लङ्ग्याउँछ। नेपालसँग मात्र होइन सीमा जोडिएका अन्य देशहरूसँग पनि भारतको सीमा विवाद कायम छ। नेपाल र चीनसँगको भारतको सीमा विवाद बेलाबखत चर्चाको विषय बनेको




यथार्थ हो। अहिले नेपालका प्रधानमन्त्रीले ‘हामीले पनि भारतको सिमा मिचेका रहेछौँ, आफू प्रधानमन्त्री भएपछि थाहा भयो’ भन्ने देशघाती एवम् आत्मघाती अभिव्यक्ति दिएपछि नेपाली जनता आक्रोशित छन्। देशको सिमाना र सार्वभौमसत्ता सङ्कटमा छ। फेरि नेपाल चीन र भारतको सिमाना चर्चा र छलफलको विषय बनेको छ।

भारतको बाह्यनीति बुझ्न नयाँ पुस्ताले सन् १९६२ को चीन-भारत सीमा विवादबारे सही जानकारी राख्नुपर्ने देखिन्छ। आजको सन्दर्भमा यो पुस्तक ‘चीन-भारत सिमानाको प्रश्नमा नेहरू दर्शनको पुनर्विश्लेषण’ अध्ययनले नयाँ पुस्ता एवम् सीमाको विषयमा चासो राख्नेहरूलाई इतिहासको एउटा कालखण्डको जानकारी त दिन्छ नै साथसाथै भारतको विस्तारवादी नीतिको इतिहासबारे पनि प्रस्ट पार्छ।

नेहरूको दर्शन के हो, भारतको तत्कालीन नेहरू सरकार कसरी ठूल्ठूला जमिनदार र पुँजीपति वर्गको हातमा थियो, कसरी अमेरिकी साम्राज्यवाद र अन्य साम्राज्यवादीहरूको प्रभावमा भारत सरकार उभियो र त्यसको प्रभाव अन्य नव स्वाधीन मुलुकहरू र भारतीय जनतामै के कस्तो पर्‍यो भन्ने विश्लेषणात्मक दृष्टिकोण यो पुस्तकमा पाइन्छ। यो पुस्तक २७ अक्टोबर १९६२ मा चिनियाँ ‘जन दैनिक’ (रेनमिन पाओ) मा छापिएको लेखको नेपाली अनुवाद हो।

इतिहास साक्षी छ सीमाको विषयमा चीनले कहिल्यै अतिक्रमणको नीति लिएन। शान्तिपूर्ण र वार्ताको माध्यमबाट विवाद सल्टाउने, भिडन्त नगर्ने, सहनशीलता र आत्मनियन्त्रणको नीति लिइरहेको चीनविरुद्ध १२ अक्टोबर १९६२ मा नेहरू सरकारले हाकाहाकी भारतीय सेनालाई चीनको सीमा क्षेत्रमा तैनाथ चिनियाँ सेनामाथि आक्रमण गर्ने आदेश दिएपछि चीन-भारत सीमा युद्ध चर्किएको थियो। अतिक्रमणकारी भारतीय सेनाले चीन-भारत सीमाको पूर्वी र पश्चिमी भागहरूमा चीनमाथि ठूलो आकारमा सशस्त्र आक्रमण सुरु गरेपछि दुई देशबीच गम्भीर फौजी भिडन्त हुन गएको तथ्य पुस्तकले उजागर गरेको छ।

चीनको सहनशीलतालाई नेहरू सरकारले कमजोरी ठान्यो, वार्तामा बस्न अस्वीकार गर्‍यो र निरन्तर चीनमाथि आक्रमण गरिरह्यो। नेहरूको नेतृत्वमा भारतीय शासक वर्गले छेडेको सिमानाको विवाद तथा त्योभन्दा पनि चीनमाथि गरेको ठूलो आकारको सशस्त्र अतिक्रमण, भारतद्वारा चीनको तिब्बतमा गरिएको हस्तक्षेप कुनै आकस्मिक घटना थिएन। ती सबै भारतका ठूल्ठूला पुँजीपति वर्ग र ठूल्ठूला जमिनदारहरूको वर्गचरित्र तथा साम्राज्यवादको हितसँग नजिक रहेको भारतको नीतिको दृष्टान्त थियो भन्ने पुस्तकले प्रस्ट्याएको छ।

नेहरूद्वारा लिखित पुस्तक ‘भारतको खोज’ बाट उद्धृत नेहरूका अभिव्यक्तिहरूले पनि तत्कालीन भारतीय सरकार साम्राज्यवादी देशहरूको एउटा सशक्त ज्यावल थियो, विस्तारवादी थियो भन्ने प्रस्ट्याउँछ। नेहरूले लेखेका थिए- “हिन्द महासागर, दक्षिण-पूर्वी एसिया र मध्यपूर्वका क्षेत्रहरूमा हिन्दुस्तान आर्थिक र राजनैतिक गतिविधिहरूको ज्यादै ठूलो केन्द्र हुनेछ।” नेहरूलाई संसारको बदलिँदो परिस्थिति र चीनको भव्य उदयले गलत प्रमाणित गरिसकेको सत्य हो। उनले भनेका थिए- “साना राष्ट्रिय सरकारको कुनै भविष्य छैन। सांस्कृतिकरूपमा त्यो एक स्वाधीन एकाइ रहन सक्छ तर स्वतन्त्र राजनैतिक एकाइ रहन सक्दैन।” भारतले आफ्नो स्वाधीनता घोषणा गर्नुभन्दा पहिले नै नेहरूले विशाल भारतीय साम्राज्यको सपना देख्न सुरु गरेको प्रसङ्ग पुस्तकमा छ। यो नै भारतका पुँजीपति वर्ग र ठूल्ठूला जमिनदारहरूको विस्तारवादको साँचो ‘खोज’ थियो। यसरी भारतका ठूल्ठूला जमिनदारहरूका यस्ता प्रतिक्रियावादी तथा विस्तारवादी विचार नै नेहरूको दर्शनको एक महत्त्वपूर्ण अंश हो भन्ने विषयमा पुस्तकले स्पष्ट बोलेको छ। आज यहाँ नेपालमा “एसियाको केन्द्र भारत हो र नेपाल भारतको सुरक्षा छातामा जानुपर्छ” भनेर बोल्दै हिड्ने अर्थमन्त्री छन्। संसद्को रोष्टमबाट भारतीय विस्तारवादलाई खुला आमन्त्रण गर्ने प्रधानमन्त्री छन्। अमेरिकाको मुन्रो डक्ट्रिन र भारतको नेहरू डक्ट्रिन उस्तै हो र रास्वपा त्यसैको समर्थन गर्छ। एसियामा भारतको विस्तारवादी नीति बदलिएको छैन। तर विडम्बना हिजोदेखि आजसम्म नेपालले सदैव भारतीय विस्तारवादतिर लम्पसार हुने शासकमात्र पायो। देशको सावैभौमिकता पाइला पाइलामा गुम्दै छ। यो सन्दर्भमा पुस्तकको अध्ययन निकै अर्थपूर्ण छ।

नेहरूमा आफू बेलायती साम्राज्यवादको कठपुतली बन्न पाएकोमा घमण्ड थियो। बेलायती साम्राज्यवादको कठपुतली बनेको भारतको नेहरू सरकारले आफूलाई ‘एसियाको केन्द्र’ बनाउने सपना देख्नु मृगमरिचिका थियो। त्यही मृगतृष्णालाई नेहरूले आफ्नो दर्शनको नाम दिए र भारतमा झन् बढी बडाराष्ट्र अहंकारवादको नारा चुलियो, विस्तारवादी नीतिबाट बेलायतलाई पोस्ने काम रोकिएन। मुट्ठीभर बेलायतका पिछलग्गू पुँजीपतिहरूले आफूलाई धनी बनाउने मौका पाए र बहुमत भारतीय जनताले भोक, गरिबी र दरिद्रताको सामना गर्नुपर्‍यो। यही थियो नेहरूको दर्शन। अल्पसङ्ख्यक जातिहरूको अस्तित्व विलिन गर्न र स-साना स्वाधीन एवम् सार्वभौम मुलुकहरूमाथि आफ्नो उपनिवेश कायम गर्न नेहरूको सरकारले चीनको तिब्बत प्रदेशमात्र होइन नेपाल र बङ्गलादेशलाई पनि आफ्नै मुट्ठीमा कैद गर्ने दुःस्वप्न देखिरह्यो।

नेहरूको विस्तारवादी ‘दर्शनशास्त्र’ यस्तो भन्छ- “त्यो ठाउँ मेरो हो, त्यसमाथि मैले कब्जा गरिसकेको छु र त्यो ठाउँ पनि मेरो हो, जसमाथि मैले कब्जा गर्न चाहन्छु। मैले हिजो एक इन्च भूमिमाथि कब्जा गर्न सकेँ भने आज म तिम्रो एक फुट जग्गामाथि पनि कब्जा गर्न सक्छु।” यस्तो बलमिचाईं नै नेहरूको दर्शन हो भन्दा फरक पर्दैन।

नेहरूले उल्टै चीनविरोधी आन्दोलन भड्काउँदै, चीनलाई ध्वंशकारी र अतिक्रमणकारीको संज्ञा दिँदै ‘आफै धामी र आफै झाँक्री’ को चरित्र देखाएको सन्दर्भ पनि पुस्तकले समेटेको छ।

चीनलाई शान्त देखेर इर्ष्यापूर्वक नेहरू बेलायती र अमेरिकी साम्राज्यवादको आदेशानुसार चीनविरुद्ध निरन्तर लागेको प्रमाण यो पुस्तकमा पाइन्छ। चीनको अस्तित्व नहोस् वा चीनको कहिल्यै विकास नहोस्, शक्तिशाली नबनोस् भन्ने सोच नेहरू सरकारको थियो।

देशको आर्थिक र राजनैतिक गाह्रोफारो र सङ्कटसँग जुझ्नको निम्ति जनतामाथि चर्को दमन र शोषण गर्नुबाहेक नेहरू सरकार मुख्यरूपले साम्राज्यवादको काखमा अझ टासिँदै गइरहेको थियो। साथै समाजवादको प्रभावलाई रोक्न विशेष गरेर चीनको समाजवादी क्रान्ति र समाजवादी निर्माणको प्रभाव मेटाउनको निम्ति नेहरूले खेलेको भूमिकाबाट अमेरिकी साम्राज्यवाद पनि दङ्ग थियो। अमेरिकी साम्राज्यवादले चीन, कङ्गोलगायत अरु एसियाली मुलुकहरूमाथि गरेको दमन र अत्याचारमा नेहरू सरकार बलियो सहयोगी बनेको तथ्य पुस्तकमा छ। चीनविरोधी आन्दोलनमार्फत अमेरिकी साम्राज्यवादलाई खुसी पारी नेहरू सरकारले भारतलाई अमेरिकी डलरको भुङ्ग्रोमा धकेलेको यथार्थ पनि पुस्तकले उजागर गरेको छ।

नेहरूले सधैं भनिरहे -“मार्क्सवाद पुरानो भयो” उनले आफ्नो ‘सहनशीलता’, ‘अहिंसा’ र ‘शान्तिपूर्ण उपाय’ को दर्शनको घमण्ड गरिरहे र बडाराष्ट्र अहङ्कारवादको फलाकोबाजी गरिरहे। खोक्रो राष्ट्रवादको नारा लगाइ नै रहे। पुस्तकमा स्पष्ट लेखिएको छ - “मार्क्सवाद-लेनिनवादले सधैं के बताउँछ भने पुँजीपति वर्गको राष्ट्रवाद र सर्वहारा वर्गको अन्तर्राष्ट्रवादले दुई फरक-फरक वर्गको प्रतिनिधित्व गर्छन्। पुँजीपति वर्गको प्रगतिशील राष्ट्रवादलाई समर्थन गर्ने बेला कम्युनिष्टहरूले पुँजीपति वर्गको राष्ट्रवादको बीचमा प्रस्ट सीमा कोर्नुपर्छ, साथै पुँजीपति वर्गको प्रतिक्रियावादी राष्ट्रवादको विरोधमा पनि सङ्घर्ष गर्नु पर्दछ।”

कोमिङ्ताङ् प्रतिक्रियावादी गुटद्वारा उछालेको सङ्कीर्ण राष्ट्रवादविरुद्ध चिनियाँ कम्युनिष्टहरूले लडेको लडाइँ, भारतीय कम्युनिष्ट नेता डाङ्गेको अन्धराष्ट्रवादले भारतीय कम्युनिष्ट आन्दोलनमा पारेको नकारात्मक प्रभावका विभिन्न परिच्छेदहरू पनि पुस्तकभित्रै छन्।

यसरी एकले अर्काको सार्वभौमिकता र भौगोलिक अक्षुण्णताको सम्मान गर्ने, अनाक्रमण, आर्थिक, राजनीतिक, सैद्धान्तिक कुनै पनि कारणबाट एकले अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, समानता र पारस्परिक हित, शान्तिपूर्ण सह-अस्तित्व-यी सिद्धान्तहरूको आधारमा चीन धैर्यपूर्वक अघि बढ्यो। इतिहासको यो सानो खण्डको अध्ययनबाट के प्रस्ट हुन्छ भने नेहरू सरकार मित्रराष्ट्रहरूबीचको सम्बन्धको सैद्धान्तिक आधारमा समेत अडिग रहन सकेन। भारतीय सरकारको परराष्ट्र नीति विगतभन्दा केही फरक नरहेको अनुभूति हरेक पाठकहरूले जरुर गर्नेछन्।

आजभन्दा १७ वर्षअघि प्रकाशित यस ऐतिहासिक महत्त्वको पुस्तक आजपनि अत्यन्त पठनीय एवं सङ्ग्रहणीय छ। पुस्तकमा अभिव्यक्त विचारहरू मननीय र विचारणीय छन्। भारतको परराष्ट्र नीति, विस्तारवादी नीति र नेहरू दर्शनको विश्लेषणसहितको यस पुस्तकको अध्ययन अहिलेको प्रधानमन्त्री र रास्वपाका हरेक जनले अध्ययन गरोस्। पुस्तक प्रकाशक युवा साहित्य गोष्ठीप्रति साधुवाद। पुस्तकका अनुवादक कुमार श्रेष्ठप्रति आभार।

# शासकहरू देशभक्त र जनताप्रति उत्तरदायी हुनुपर्ने

कुनै पनि राजनीतिक दलका नेता, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, जनप्रतिनिधि तथा कार्यकर्ताहरू दलका मात्र होइनन् देशकै जिम्मेवार नागरिकहरू हुन्। उनीहरूको उद्देश्य देश बनाउन नीति बनाउने मात्र होइन व्यापक जनतालाई देशभक्त, अनुशासित, नैतिकवान् बनाई सुसूचित पार्नु पनि हो। बहुदलीय प्रजातन्त्रमा बहुमत प्राप्त शासक दलहरूको सरकारले शासन गर्छ भने सरकारमा नरहेका तर संसद्मा प्रतिनिधित्व गरेका दलका नेता र सांसदहरूले सरकारको गलत या खोटपूर्ण विचारको विरोध गर्ने या खबरदारी गर्ने काम गर्छ; गर्नुपर्छ। विपक्षी दलहरूको धर्म नै सरकारलाई खबरदारी गर्ने, गलत कार्यको विरोध गर्ने र सरकारले गर्न लागेको गलत कार्यबारे जनतालाई सचेत पार्ने हो।

शासक दलहरूको हरेक निर्णय र कार्य खोटपूर्ण छ; देशविरोधी र जनघाती छ भने त्यसको निन्दा गर्नुपर्छ। त्यो निन्दा गर्ने काम विपक्षी दलहरूको हो। तर, यहाँ सरकारमा नहुँदा खुब समाजवादी बनेर क्रान्तिकारी बखान गर्ने र सरकारमा सामेल हुँदा दलको सिद्धान्त र विचार भुलेर पुँजीवादी बाटो रोजेर केही स्वार्थमा फस्ने काम विगतमा सत्तारुढ दलहरूले गरिरहेका छन्। प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने दलका नेताहरू पद र पैसामा भुलेर या भागबन्डामा अल्झेर विगतमा प्रतिपक्षमा बस्नुपर्ने दोस्रो ठुलो दल पनि सरकारमा सामेल भयो। त्यस्तो बेला संसद्मा बलियो विपक्ष भन्ने नै देखिएन। अतः शासक दलका नेता, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद, जनप्रतिनिधि, न्यायाधीश, राजदूत एवं अन्य महत्त्वपूर्ण पदाधिकारीहरूलाई सैद्धान्तिक र वैचारिक रूपले सचेत पार्ने काम गर्नुपर्छ।

हो, संसद वैचारिक सङ्घर्ष गर्ने थलो हो। आ-आफ्नो दलको विचार र जनताको समस्या पोख्ने र माग सम्बोधन गर्न र गराउन ध्यानाकर्षण गर्ने थलो हो। संसद् बलियो पक्षले कमजोर पक्षलाई पेल्ने र बोल्न बाधा पार्ने थलो होइन। प्रतिपक्षमा रहेका दलका नेता र सांसदहरूले पनि आफ्नो दरिलो भूमिका निर्वाह गर्नुपर्छ। सरकारको ध्यानाकर्षण गर्नु भनेको तोडफोड र घम्साघम्सी होइन। सरकारको कमी कमजोरी औँल्याउने, गलत कार्यको विरोध गर्ने र गलत कार्य नगराउन खबरदारी गर्ने काम प्रतिपक्षले गर्नुपर्छ। जातको आधारमा भेदभाव गर्नु, धर्मको नाउँमा अन्य धर्म मान्नेहरूलाई हेला गर्नु, अरुको भाषालाई भेदभाव र अन्याय गर्नु तथा प्रजातान्त्रिक अधिकारलाई दबाउनु एवं कुण्ठित गर्नु अधिनायकवाद हो। संसद्मा सत्तापक्ष वा सरकारले त्यस्तोखाले कुनै भूमिका निर्वाह गर्नु हुँदैन। यस्तो काम र कुरा न सरकारले गर्न मिल्छ न त प्रतिपक्षले नै गर्न मिल्छ।

कामदार जनता, समाजवाद र प्रजातान्त्रिक भनिने राजनीतिक दलहरू सरकारमा गएपछि कामदारवर्गको हितमा काम नगर्ने सरकार या सत्तारुढ दल पुँजीवादीवर्गकै एजेन्ट मान्नुपर्छ। आज हाम्रो देशका शासक दलहरू कति देशभक्त छन्; देश र जनताप्रति कति बफादार छन् ? सचेत जनता अनुभव गर्दै छन्। देशको अस्तित्वमा आँच पुर्‍याउने, भारतीय पक्षले मिचेको नेपाली भूमि फर्काउन जोड गर्नुभन्दा उल्टो बचाउने शासक दलका नेता, प्रम र मन्त्रीहरू आफ्नै देशका विरोधी हुन्। देशको सार्वभौमिकतामा आँच पुर्‍याउने सरकारले के देश जोगाउला ? देश जोगाउन के सरकार अघि बढ्ला ? सत्तारुढ दल तत्काल आफ्ना जनविरोधी र देशविरोधी गतिविधिको तुरुन्तै माफी मागेर सच्चिनुपर्छ।

जिम्मेवार राजनीतिक दल र सत्तारुढ दलका नेता, मन्त्रीहरूले देशलाई सुशासन दिन प्रयत्नशील हुनुपर्ने हो; भ्रष्टाचार निर्मूल गर्न, महँगी हटाउन उपाय खोज्नुपर्ने हो। राजनीतिक विचारका अपराधीहरू र आदर्श समाज निर्माण गर्ने बाटोमा भाँजो हाल्ने दलका नेता र मन्त्रीहरूलाई हरेक देशभक्त दल र दलका नेताले जनतामाझ उदाङ्ग्याउनुपर्छ। देशको राजनीतिक दबुलीमा आर्थिक सहुलियतको निम्ति सरकारी पदमा जाने र पुँजीपति एवं सामन्तवर्गको सेवा गर्ने उद्देश्यले राजनीतिक नेता तथा कार्यकर्ताहरूले पद र पैसालाई प्राथमिकता राखेर देश कसरी समुन्नत हुन्छ ? राजनीतिक नेता, मन्त्री, सांसद कर्मचारी, सेना, प्रहरीमा भ्रष्टाचारको बिगबिगीले अन्तर्राष्ट्रिय क्षेत्रमा देश बदनाम भएको हो। भ्रष्टाचार निवारण र नियन्त्रणमा जिम्मेवार व्यक्तिहरू नै भ्रष्टाचारमा संलग्न भएको खबरले देशमा कसरी सुशासन हुन्छ ? स्वच्छ छविको देश कसरी बन्छ ?

# 'नेटो' शक्तिहरू रूसतर्फ लम्किँदै छन्

● ग्यारी विल्सन

इस्टोनियामा बेलायती सेना मोर्चाबद्ध भएर बसेको छ। त्यहाँ रूसको सीमारेखाभरि बेलायती सेना छ। यस्तै जर्मनीको नयाँ हतियारबद्ध ब्रिगेड लिथुआनिया पुगेका छ। यो ब्रिगेड रूसको कालिनिनग्रादनजिकै तैनाथ छ। फ्रान्सका युद्धविमानहरूले पोल्यान्डसँग मिलेर आणविक आक्रमणको अभ्यास गर्दै छन्।

बेलायत, फ्रान्स र जर्मनीले आफ्नो सेना, हतियार र आणविक परियोजनाहरूलाई रूसको सीमातिर ठेल्दै छन्। त्यहाँका सरकारहरूले यसलाई प्रतिरक्षाको नाम दिएका छन्। रूसले कुनै पनि पश्चिम युरोपेली मुलुकमाथि आक्रमण गरेको छैन। युद्धको खतरा कसैबाट छ भने त्यो पश्चिम युरोपबाट छ। रूसलाई घेराबन्दीमा पार्न खोज्ने (उत्तर एटलान्टिक सन्धि सङ्गठन, NATO) 'नेटो' को पासोबाट खतरा छ।

यी वासिङ्टनले घाँटीमा दाम्लो बाँधेर तानिरहेका सानातिना देश होइनन्। बेलायत, फ्रान्स र जर्मनी युरोपेली साम्राज्यवादको नेतृत्व गरिरहेका देश हुन्। उनीहरू पुराना उपनिवेशवादी शक्ति हुन्। तिनका बैङ्क, हतियार निर्माता, ऊर्जामा एकाधिकार जमाइरहेका कम्पनी र सैन्य कमान्ड आज पनि टाढाटाढासम्म फैलिएका छन्। उनीहरू 'नेटो' भित्र सक्रिय छन्। यो ३२ देशको सैन्य गठबन्धन हो। यसले अमेरिकाको रक्षा मन्त्रालय पेन्टागनको काम गर्छ र अमेरिकी सेनाले नै यसको कमान सम्हाल्छ।

अमेरिकामा धेरैले 'नेटो' लाई संयुक्त राष्ट्रसङ्घ जस्तो संस्था मान्छन्।




त्यहाँ विभिन्न देशबिच छलफल हुन्छ होला भन्ठानिन्छ। तर, 'नेटो' त्यस्तो संस्था होइन। 'नेटो' को शीर्ष जनरल जहिल्यै अमेरिकी अधिकारी हुन्छन्। 'नेटो' का सदस्य देशका सेनाले पेन्टागनको युद्ध मेसिनको काम गर्छन्। यसको लागि उनीहरूले प्रयोग गर्ने हतियार, इन्धन, युद्ध सञ्जाल एकै ठर्राको बनाइन्छ। उनीहरूले अधिकांश हतियार अमेरिकी हतियार कम्पनीसँग नै किन्छन्।

यी सबथोक एउटै तथ्यबाट जन्मिन्छन् - सन् १९४५ यता अमेरिकाले शासन गरिरहेको विश्व व्यवस्था ढल्दै छ। वासिङ्टनले आफ्नो सङ्कटलाई युरोपतिर धकेल्दै छ। उसले जबर्जस्ती युरोपको युद्ध बजेट बढाउनुपर्ने, उसले अमेरिकाबाट झन् धेरै हतियार खरिद गर्नुपर्ने, रूसको सीमामा थप सेना तैनाथ गर्नुपर्ने, युक्रेनमा थप पैसा लगाउनुपर्ने र अमेरिकी ग्याससम्म आफ्नो निर्भरता बढाउनुपर्ने अड्डी लिँदै छ।

युरोपका शासक वर्गहरू अमेरिकी भाउँतोमा लाग्दै छन्। किनभने, तिनका बैङ्क, हतियार निर्माता र ऊर्जा क्षेत्रका एकाधिकार कम्पनीहरू नाफाको पक्षमा छन्। तर, ती शासकहरूलाई अमेरिकाले अब पुरानो विश्व व्यवस्थामा आफूहरूको स्थान जोगाउन सक्दैन भन्ने पनि थाहा छ। तसर्थ, उनीहरूले 'नेटो' गठबन्धनभित्र आफ्नो अलग्गै युद्ध मेसिन निर्माण गर्दै छन् र यो युद्ध मेसिन पूर्वतिर सर्दै छ।

देशको झन्डापछाडि हतियार निर्माता, बैङ्क, ऊर्जा क्षेत्रका एकाधिकार कम्पनी, जहाजका बीमा कम्पनीहरू छन्। यिनीहरू पुन: सशस्त्रीकरण, नाकाबन्दी र सैन्य सुरक्षाबाट नाफा लिने ताकमा छन्।

**रूसी सीमामा थुप्रिँदो सेना**

इस्टोनिया रूससँग सीमा जोडिएको सानो मुलुक हो। हाल बेलायतले इस्टोनियामा आफ्नो सेना थुपारेको छ। जर्मनीले नयाँ हतियारबन्द '४५ औं' ब्रिगेडलाई रूसको छिमेकी देश लिथुआनियामा तैनाथ गरेको छ। सन् २०२७ सम्ममा त्यहाँ ५ हजार स्थायी सैनिक राख्ने जर्मनीको योजना छ।

सैन्य बन्दोवस्ती जमिनमा मात्र सीमित छैन; समुद्रसम्म पनि फैलिएको छ। बेलायतले उत्तर युरोपका १० देशका जलसेनालाई एउटै गुटमा तानिरहेको छ। यो गुटको नाम हो - संयुक्त अभियान बल (Joint Expeditionary Force)। यो बलले रूसको उत्तरमा पर्ने सबै समुद्रलाई तारो बनाएको छ। रूसको तेल बोकेर विश्व बजारमा जाने तेलका ट्याङ्करहरू यसको निसानामा छन्। ती जहाजको नाका बन्द गर्ने यो कदम आफैमा युद्धकार्य (बअत या धबच) हो।

फ्रान्सले सैन्य बन्दोवस्तीलाई आणविक तहसम्म पुऱ्याएको छ। फ्रान्सेली राष्ट्रपति म्याक्रोंले यसलाई 'अग्रपङ्क्तिको प्रतिरक्षा' (forward deterrence) भने। फ्रान्सको आणविक छातालाई पूर्वतर्फ विस्तार गर्ने र रूसनजिक आणविक आक्रमण क्षमता बढाउन तालिम दिने नीतिलाई उनले त्यो नाम दिए। गत अप्रिल २० गते उनले पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्कसँग भेटे। पोल्यान्डको गदान्स्क सहरमा भएको त्यो भेटमा दुई देशले बाल्टिक क्षेत्रमा नियमित रूपमा आणविक अभ्यासको तयारी गर्न सहमति भयो। फ्रान्सका 'रफाल' युद्धविमानहरूले पोल्यान्डका 'एफ-१६' विमानसँग मिलेर आणविक हमला गर्ने अभ्यास गर्नेछन्। फ्रान्स यसलाई सीमित 'आणविक चेतावनी प्रहार' को नीति भन्छ। यसले 'एउटै प्रहारबाट शत्रुलाई पछि हट्न बाध्य पार्ने' बताइन्छ। सरल शब्दमा भन्ने हो भने रूससँग हुने युरोपेली युद्धमा कसरी आणविक लक्ष्मणरेखा नाघ्ने भनी तयारी गर्दै छ पेरिस।

नेदरल्यान्ड, जर्मनी र पोल्यान्डले यी सबै गतिविधिलाई एउटै योजनामा समाहित गर्दै छन्। यो एउटा 'सैन्य साँठगाँठ' (military Schengen) हो। सेना र सैन्य सामग्रीलाई द्रूत गतिमा रूसको सीमातिर पुऱ्याउन बाटो जोड्दै छ। एउटा सडकलाई अर्को सडकसँग जोड्दै, एउटा सैन्य अखडालाई अर्कोसँग जोड्दै 'नेटो' शक्तिहरूले युद्धको बाटो खोल्दै छन्। उनीहरूले सेनाका विभिन्न डिपो, कमान्ड, युद्धबेडालाई जोड्दै छन्; आणविक अभ्यास गर्दै छन्।

सैन्य बन्दोवस्तीभित्र देशबिचका शत्रुता मेटिएजस्तो देखिन्छ। जस्तो- जर्मनी र फ्रान्स सँगै हिँडिरहेका छन्। तर, उनीहरू समान शक्ति होइनन्। उनीहरू एकअर्कालाई विश्वास गर्दैनन्। थल युद्धलाई आकार दिन बर्लिन आफ्ना उद्योगधन्दा र लिथुआनियामा रहेको आफ्नो ब्रिगेडमा भर परेको छ। युद्धको योजना निर्माण गर्दै गर्दा पेरिसले आफ्नो आणविक गठ्ठाघरका भरमा अग्रता लिन खोजेको छ। सबैजना युद्धको लगाम समाउन चाहन्छन्; सबैजना युद्धमुखी छन्।

**मुखमा राम-राम बगलीमा युद्ध**

जर्मनी अझ अघि बढेको छ। बर्लिनले युक्रेनसँग एउटा सम्झौता गरेको छ। सम्झौता अनुसार दुवै देशले मिलेर ९३० माइल टाढा प्रहार गर्न सक्ने लामो दूरीमा मिसाइल र ड्रोनको निर्माण गरिनेछ। साथै, रूससँग हुने युद्धका लागि भित्रैसम्म मार हान्ने हतियार उत्पादन गरिनेछ। युक्रेनका राष्ट्रपति जेलेन्स्कीले सन् २०२६ सम्म युरोपभरि १० संयुक्त हतियार निर्माण कारखाना खोल्ने बताए।

यो सम्झौताले दुई वर्षसम्म तनाव चर्काइरहयो। सन् २०२४ को मे महिनामा बाइडेन सरकारले युक्रेनलाई अमेरिकी हतियार प्रयोग गरेर खार्किभको सीमानिर सीमित आक्रमण गर्न अनुमति दियो। पछि बेलायत, फ्रान्स र जर्मनीले पनि त्यसै गरे। त्यो नोभेम्बरमा बाइडेनले त्यो आक्रमणको आकार बढाए। रूसको भित्रैसम्म (ATACMS) मिसाइलहरू आक्रमण गर्ने बाटो साफ गरे।

युक्रेनलाई बिचमा राखेर युरोपेली युद्ध उद्योग बढ्दै छ। यो बढाव सिधै रूसविरुद्ध लक्षित छ। सेभिम दागदेलान जर्मनीका पूर्व सांसद हुन्। उनी युद्धको विरोध गर्ने वामपन्थी हुन्। उनी बर्लिनको नेतृत्वमा जर्मन-युक्रेन सैन्य उद्योग साँठगाँठले आकार लिइरहेको बताउँछन्। 'नेटो' ले आफ्नो आदेश कागतमा लेख्नैपरेन। सन् २०२४ मा यसले रूसभित्र आक्रमण गर्ने सीमालाई खुकुलो पाऱ्यो। यसका तत्कालीन महासचिव येन्स स्तोल्टेनबर्गले प्रत्येक सरकारले आफूखुसी निर्णय लिएको बताए। तर, हतियार 'नेटो' का थिए, भूउपग्रह 'नेटो' का थिए, निसानेबाजी 'नेटो' को थियो र आदेश पनि 'नेटो' को मुख्यालयबाट जान्थ्यो।

रूसको भित्री भागसम्म युक्रेनले आक्रमण गऱ्यो। ती हमला यसरी नै गरिएको थियो। अमेरिकी र युक्रेनी अधिकारीहरूले पश्चिमा मिडियामा वासिङ्टनले युक्रेनका लामो दूरीका ड्रोनहरू प्रहार गर्न मार्ग, उचाइ, समय र योजना निर्माणमा सघाउने गरेको बताए। केही घटनामा अमेरिकी अधिकारीले नै प्रहार गर्नुपर्ने स्थान तोकिदिएका थिए। रूसको हवाइ प्रतिरक्षालाई तारो बनाउन युक्रेनका ड्रोनहरू अमेरिकी गुप्तचर उपग्रह, स्टारलिङ्क लिङ्क, जिपिएस निर्देशिका र पहिल्यै लोड गरिएका नक्साहरूमा भर परेका थिए। सुरुमा अमेरिकी गुप्तचर निकाय 'सिआईए' ले युक्रेनको ड्रोन उत्पादन कार्यक्रममा सहयोग गरेको थियो। एक अमेरिकी अधिकारीले त्यो बेला भनेका थिए, युक्रेनको ड्रोन बल रूसको अर्थतन्त्रको घाँटी थिचन वासिङ्टनले प्रयोग गर्ने 'साधन' हो।

यो 'नेटो' को युद्ध हो। युद्धमा उसकै हतियार, उपग्रह र गुप्तचर निकाय सक्रिय छ। उसैले लडाइँमा तारो छनोट गर्छन्। तर, त्यहाँका सरकारहरू पानीमाथि ओभानो बन्दै छन्। उनीहरू युद्धमा प्रत्यक्ष सहभागी नभएको दाबी गर्दै छन्।

**पछि हट्दो वासिङ्टन र अघि बढ्दो युरोप**

ट्रम्पले 'नेटो' मा आबद्ध सरकारहरूलाई युद्धमा खर्च बढाउन आदेश दिएका छन्। अमेरिकाले पुरानै शैलीमा यो गठबन्धनको भार वहन नगर्ने उनले चेतावनी दिइसकेका छन्। युरोपका शासकहरूले उनको चर्को र स्पष्ट चेतावनी सुनेका छन्।

मे महिनाको अन्त्यतिर अमेरिकी रक्षा मन्त्रालयले 'नेटो' लाई सङ्कट पर्दा युरोप पठाउन भनी तम्तयार राखेको सेनामा कटौती गर्ने बतायो। त्यो सेनालाई दिइने रणनीतिक बमवर्षक, लामो दूरीका आक्रामक युनिट, युद्धबेडा र तेल भर्ने ट्याङ्करमा आधादेखि एकतिहाइ कटौती हुने भयो। वासिङ्टनले यो कटौतीका कारण गठबन्धनका देशहरू 'युरोपको परम्परागत प्रतिरक्षाको प्राथमिक जिम्मेवारी' आफैं लिन बाध्य हुने बतायो। यसबिच अमेरिकाले थप सेनालाई चीनलाई घेर्न प्रशान्त महासागरमा लग्यो। यसअघि नै उसले रोमानियाबाट एक ब्रिगेड सेना र पोल्यान्डबाट हतियारबन्द ब्रिगेड बाहिर लगिसकेको थियो।

कटौती यतिमै सीमित छैन। 'नेटो' को युद्ध मेसिनलाई टिकाइराख्ने बमवर्षक, ट्याङ्कर, जहाज र गुप्तचरी विमानमा पनि कटौती भएको छ। वासिङ्टनले युरोपका शासकहरूसँग 'अमेरिकी टेकोमा अब भर नपर्नू' भन्दै छ। 'युद्ध गर्ने भए त्यसको तयारी आफै गर्नू' भन्दै छ।

यहीनिर आइपुग्छ, युद्ध अर्थतन्त्र। वासिङ्टनले आफ्नो सङ्कट युरोपको टाउकोमाथि राख्दै छ। उसले भन्दै छ, अमेरिकी ग्यास खरिद गर, 'नेटो'स्तरीय हतियार खरिद गर, अमेरिकी सेनालाई विस्थापित गर, युक्रेनमा पैसा पेल र युरोपको अर्थतन्त्रलाई युद्धमुखी बनाऊ। यसपछि युरोपका सरकारहरूले आफ्नो देशका कामदार जनतालाई अस्पताल, शिक्षालय, पेन्सन, यातायात र ज्यालाका लागि सरकारी ढुकुटीमा पैसा छैन भने।

यो तिगडमले कसरी काम गर्छ भनी जर्मनीले देखायो। सन् २०२५ मार्चमा बर्लिनले संविधान बदल्यो। सरकारले कति ऋण लिने भन्ने 'ऋणसीमा' हटाइयो। दैनिक खर्चको सीमा यथावत छ। तर, युद्ध खर्चमा कुनै सीमा छैन। देशको कूल गार्हस्थ उत्पादन (जिडिपी) को १ प्रतिशत माथि पारेर सरकारले जति पनि ऋण लिन सक्छ। सन् २०२६ मा बर्लिनले झन्डै ११७ अर्ब डलर विनियोजन गऱ्यो। अब उसले सैन्य खर्चलाई जिडिपीको ३.५ प्रतिशत पुऱ्याउने सुर कस्दै छ। यो रकम उसले हतियार खरिद, सैन्य अखडा निर्माण र लिथुआनियामा नयाँ ब्रिगेडलाई भरथेग गर्न प्रयोग गर्नेछ।

बर्लिनले सडक, रेलमार्ग, अस्पताल र शिक्षालयको पुनर्निर्माणमा खर्च गर्न भनेर देखावटी रूपमा अलग्गै ४५० अर्ब डलरको कोष पनि बनाएको छ। तर, यो एकपल्ट मात्र लिइएको ऋण हो। ज्याला, पेन्सन, जनकल्याण, अस्पताल र शिक्षालय सञ्चालनका लागि हुने दैनिक खर्चको बजेट सीमित छ। तर, युद्धले खुला प्रश्रय पाइरहेको छ। श्रमजीवी जनतालाई पर्खिन भनिएको छ।

नेटोलाई पूर्वतिर केन्द्रित गर्दै गर्दा पुन:सशस्त्रीकरणलाई आवरण बनाइएको छ। देशभित्र युद्ध अर्थतन्त्र चलाइदै छ; श्रमजीवी जनतालाई जाने सामाजिक खर्च कटौती गरिएको छ; नाफाजति हतियार निर्माता, ठूला ऊर्जा कम्पनी र बैङ्कहरूको खल्ती हालिँदै छ; वासिङ्टनको सैन्य र ऊर्जा प्रणालीमाथिको निर्भरता बढाइँदै छ।

इरानविरुद्ध अमेरिकी युद्धले युरोपका शासकहरूको सङ्कट बढाइदिएको छ। वासिङ्टनले इरानलाई घुँडा टेकाउन सकेन। उसले आफ्नै सर्तमा हर्मुज जलनाका खोल्न सकेन। खाडीमाथि आफ्नो पुरानो पकड पुनर्स्थापित गर्न सकेन। लडाइँले तेलको बजार, जहाजी मार्ग र बीमादरमा भुइँचालो ल्यायो। युरोपका सरकारहरूले प्रस्टै बुझे, "अमेरिकी युद्ध मेसिनलाई नुघाउन र कमजोर बनाउन सकिन्छ। रूसविरुद्ध युद्ध उन्मादलाई जारी राख्ने हो भने आफैले सैन्य बन्दोवस्ती गर्नुपर्छ।"

युद्धले युरोपका ठूला पुँजीपतिहरू पनि थर्कमान भइरहेका छन्। हर्मुज जलनाकामा कडिकडाउ हुँदा ऊर्जा र जहाजी बीमादर बढेको छ। जर्मन उद्योगहरू रूसको सस्तो ग्यास पाउन छोडेपछि यसअघि नै थला परेका थिए। अहिले जर्मनी र उसका छिमेकीहरूले महँगो भाउमा अमेरिकी ग्यास किन्दै छन्। यसले गर्दा युरोपेली धन अमेरिकी ग्यास कम्पनीहरूको खातामा जम्मा हुँदै छ। रसायन, स्टील र सिसा कम्पनीका मालिकहरूले इन्धनमा थुप्रै लगानी गर्नुपरेको छ। श्रमजीवी जनताले बेदखली, उच्च महँगी र तीव्र कामको मार खेप्नुपरेको छ। तथापि, तिनका सरकारहरूले रूसविरुद्ध हतियार थुपार्दै छन् र आफूलाई अमेरिकाको महँगो ऊर्जा बजारमा बाँधिरहेका छन्।

यो सबै योजना वासिङ्टनको हो। सन् २०२५ फेब्रुअरीमा राष्ट्रपति ट्रम्पले राष्ट्रिय ऊर्जा वर्चस्व परिषद् गठन गरे। अमेरिकी तेल र ग्यासको उत्पादन बढाउन र ऊर्जालाई हतियारको रूपमा प्रयोग गर्न यो परिषद्को गठन गरिएको थियो। युरोपबाट रूसी ऊर्जा हटाउन र त्यसको ठाउँमा अमेरिकी ग्यास बेच्ने ट्रम्पको योजनाले काम गर्दै छ।

हतियार निर्माता, ठूला ऊर्जा कम्पनी, बैङ्क र जहाजका बीमा कम्पनीहरू अहिले अर्थतन्त्रमाथि हावी हुँदै छन्। उनीहरूले पुन: सशस्त्रीकरणलाई बढावा दिँदै छन्, हतियार उद्योगमा सरकारी अनुदान बढाउँदै छन्। उनीहरूले आर्थिक प्रतिबन्धमा जोडबल लगाउँदै छन् र सैन्य सुरक्षाको माग गर्दै छन्।

चीन, भारत, इरान र दक्षिणी गोलार्द्धसँग रूसको बढ्दो सम्बन्धका कारण उनीहरूको तारो एकदम प्रस्ट छ। साम्राज्यवादीहरूले रूसको मात्र सामना गरिरहेका होइनन्। आफ्नो नियन्त्रणबाहिर गइरहेको सारा विश्वसँग उनीहरू जुध्दै छन्।

युरोपका शासकहरूले विश्वमा हेरफेर आइरहेको बुझेका छन्। युक्रेनमा सम्झौता हुनुभन्दा अगाडि नै आफ्नो थैलो बलियो पार्न चाहन्छन्। बेलायती विदेशनीतिका हर्ताकर्ताहरूले यो कुरा जोडजोडले बोलिसकेका छन्। लन्डनको विज्ञसमूह 'च्याटहम हाउस' ले रूस-युक्रेन युद्धविराम युरोपेली सुरक्षाका लागि 'खतरा' हुन सक्ने चेतावनी दिएको छ।

यसलाई दोहोऱ्याएर पढौं, उनीहरू शान्तिलाई खतरा भन्दै छन्। युरोपका 'नेटो' सरकारहरूले युक्रेनमा थप १०४ अर्ब डलर लगाउँदै छन्। उता युक्रेनी सेनाले रूसी तेल प्रशोधन केन्द्र, ऊर्जा केन्द्र र क्रिमिया पुग्ने आपूर्ति रेखामा ड्रोन हमला गर्दै छ। युद्ध चालु राख्न ती सरकारले पैसा पेल्दै छन्। उनीहरू

*बाँकी पृष्ठ ७ मा*

# पश्चिम बङ्गालमा वामपन्थी दलको पुनरोदयको सम्भावना

✍ दीप हल्दर

मे २०२६ मा सम्पन्न पश्चिम बङ्गाल विधानसभा चुनावको नतिजा 'मोदी-दिदीबिच सेटिङ' रहेको सिद्धान्तमा विश्वास गर्नेका लागि ठुलो झट्काका रूपमा आएको हुन सक्छ । यस सिद्धान्तमा विश्वास गर्नेहरूले भाजपा पश्चिम बङ्गालमा केवल देखाउनका लागि लडेको तर्क गरिरहेका थिए । तिनका अनुसार भाजपा ममता बनर्जी नेतृत्वको तृणमूल कङ्ग्रेस सरकारलाई हटाउन कहिल्यै गम्भीर थिएन । यो कुरा चिया पसलमा मात्र चर्चा थिएन, केही चर्चित बङ्गाली विश्लेषकले समेत यस्तो राय राख्थे ।

तर, भाजपाले टिएमसीलाई २०७ बनाम ८० को ठुलो अन्तरले पराजित गरेर यस 'षड्यन्त्र सिद्धान्त' लाई गलत साबित गरिदियो । तथापि, ठुलो अन्तरले हराए पनि भाजपा सम्भवतः टिएमसी पूर्ण रूपमा विघटनतर्फ जाओस् भन्ने चाहँदैन । भित्री रिपोर्टअनुसार टिएमसीका कैयौँ निर्वाचित विधायक अहिले भाजपामा सामेल हुन उत्सुक रहेको बताइन्छ । यदि टिएमसी पूर्ण रूपमा विघटित भयो भने यसले पश्चिम बङ्गालमा पुनः वामपन्थी दलहरूको पुनरागमन निम्त्याउन सक्छ । यसको अर्थ त्यस राज्यमा भाजपा र संघ परिवारले दशकौँदेखि लडिरहेको विचारधारासँग उसको प्रत्यक्ष मुडभेड हुनेछ ।

कुनै समय बलियो पार्टी मानिने टिएमसीले यसपटक भाजपासँग विधानसभा चुनावमा हारको सामना गरेपछि अहिले अस्तित्वगत सङ्कटको सामना गरिरहेको छ । भाजपा सांसद सौमित्र खानले प्रेसलाई बताएअनुसार लगभग ५० असन्तुष्ट टिएमसी विधायक र २० सांसद (केन्द्रका) पार्टी छोड्न चाहन्छन् । भाजपाको केन्द्रीय नेतृत्वले स्वीकृति दिएमा उनीहरू भाजपामै सामेल हुनसमेत तयार रहेको बताइएको छ । तर, यति ठुलो सङ्ख्यामा टिएमसी नेता भाजपामा समाहित भए भने टिएमसीको राजनीतिक भविष्यमाथि नै प्रश्न उठ्नेछ । यही कुरालाई पुष्टि गर्ने गरी इन्डिया टुडेको पछिल्लो एक रिपोर्टले पश्चिम बङ्गालका विभिन्न नगरपालिकाका लगभग १०० टिएमसी काउन्सिलरले राजीनामा दिएको बताएको थियो ।

'टिएमसी कहिल्यै साँचो अर्थमा राजनीतिक दल बन्नै सकेन । किनकि, यसको आफ्नै राजनीतिक विचारधारा नै थिएन । ममता बनर्जीले कङ्ग्रेसको विरोध गर्दै सोही पार्टीबाट अलग भएर टिएमसी गठन गरिन् । त्यसपछि उनले आफ्नो नयाँ पार्टीलाई बङ्गालका वामपन्थी सरकारको कटु आलोचक बनाइन् । जब पार्टी सत्तामा आयो, यो बिस्तारै भाजपाविरोधी देखिन थाल्यो,' राजनीतिक टिप्पणीकार तथा कलकत्ता उच्च अदालतका वरिष्ठ वकिल जयदीप सेनले भने । यसरी आफ्नै कुनै अडान नभएको र अरूको विरोधमा अडेको पार्टी कुनै न कुनै समय विघटन हुने खतरा हुनेमा सेनले जोड दिए ।

वामपन्थी पुनरागमनलाई सहजीकरण : सतही रूपमा सरसर्ती हेर्दा वामपन्थी दल तृणमूल कङ्ग्रेसको विकल्प हुने सम्भावना कमजोरजस्तो लाग्न सक्छ । किनकि, यसपटक तृणमूल कङ्ग्रेसले ८० सिट जित्दा वाममोर्चाले विधानसभामा केवल दुई सिट जितेको छ । दुईमध्ये एउटा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) वा सिपिएम र अर्को सिट अखिल भारतीय धर्मनिरपेक्ष मोर्चाले जितेको हो । त्यसअघि सन् २०१९ को लोकसभा चुनाव, सन् २०२१ को विधानसभा चुनाव र फेरि सन् २०२४ को लोकसभा चुनावमा वाम मोर्चाले एउटा पनि सिट जित्न सकेको थिएन ।

तर, मे २४ मा भएको 'फाल्टा' निर्वाचन क्षेत्रको उपचुनाव परिणामले भने वामपन्थीको उदयको सङ्केत गर्छ । भाजपा उम्मेदवार देवांशु पाण्डाले एक लाखभन्दा बढी मतको अन्तरले सो क्षेत्रमा जित त हासिल गरिन्, तथापि दोस्रो धेरै मत सिपिएम समर्थित उम्मेदवार शम्भुनाथ कुर्मीले पाए । जबकि, तृणमूल कङ्ग्रेस चौथो स्थानमा आयो । यही एक निर्वाचन परिणामले पनि अब पश्चिम बङ्गालको विरोधी मतदाता वामपन्थीतिर सरेको सङ्केत गर्छ ।

'पश्चिम बङ्गालमा ३० प्रतिशत मुस्लिम जनसङ्ख्या छ । यो भनेको बिजेपीविरोधी मत हैं । त्यसबाहेक अरू समुदायमा पनि थोरबहुत भाजपाविरोधी हिस्सा स्वाभाविक हुन्छन् । यी सबै जोड्दा राज्यमा संरचनात्मक रूपमा भाजपाविरुद्ध ठुलो विपक्षी स्पेस छ, जुन कम्तीमा पनि ४० प्रतिशतको वरिपरि घुमिरहेको हुन सक्छ,' युनिभर्सिटी अफ ससेक्स, युकेका फेलो अयान गुहाले भने । गुहाको ठम्याइमा टिएमसी कमजोर भएर अब उठ्न नसक्ने ठम्याइपछि आमआक्रोश व्यक्त गर्ने माध्यमका रूपमा सिपिएम वा सिपिएम-कङ्ग्रेसबिचको गठबन्धन विकल्प बन्न सक्छ ।

यो भाजपा सरकारका लागि आदर्श अवस्था हुनेछैन । भाजपा-आरएसएसले कहिल्यै वामपन्थी दल राज्यशक्तिमा फर्किएको हेर्न चाहँदैनन् । यस स्तम्भकारले आफ्नो पुस्तक 'बङ्गाल २०२१ : एन इलेक्सन डायरी' लेखनका क्रममा लिएको एक अन्तर्वार्तामा बङ्गालका एक वरिष्ठ आरएसएस कार्यकर्ताले भनेका थिए कि ममता बनर्जी तत्कालको राजनीतिक प्रतिद्वन्द्वी भए पनि वास्तविक 'शत्रु' सधैँ वामपन्थी नै हुन् । 'किनकि, टिएमसीले शासन गर्दा जति नै समस्या भए पनि तिनले राज्य संरचनामा नोक्सान पुऱ्याउँदैनन् । तर, वापमन्थीहरूले भने पूरै देशलाई नोक्सान पुऱ्याउने क्षमता राख्छन्,' ती आरएसएस कार्यकर्ताले भनेका थिए । तर, अहिलेको अवस्था हेर्दा भाजपाले नचाहँदा-नचाहँदै आफैँले टिएमसीको समूल नष्ट गरिदिएर वापमन्थी शक्तिको पुनरोदय सहज बनाइदिएजस्तो देखिन्छ ।

*(हल्दर द प्रिन्टका लेखक र योगदानकर्ता सम्पादक हुन् ।)*

*- द प्रिन्टबाट*




**नेटो...**

आफ्नो योजनामा शान्तिले दख्खल दिएको हेर्न चाहन्नन् ।

रूस नै तारो हो भनी प्रमाणित गर्ने ठोस प्रमाणहरू छन् । रूसमा प्राकृतिक सम्पदा, भूमि र ऊर्जाको विशाल भन्डार छ । युरोप र एसियाबिच आउजाउ गर्ने लामा जहाजी मार्ग छन् रूससँग । रूससँग अन्तर्राष्ट्रिय उत्तर-दक्षिण यातायात कोरिडोर छ । यो झन्डै ४५०० माइल लामो सञ्जाल हो । यो सञ्जाल भारत, इरान, रूस र मध्य एसियादेखि युरोपसम्म फैलिएको छ । यसको लागि स्वेज नहर वा लालसागर छिचोल्नुपर्दैन । आर्कटिक हुँदै जाने उत्तरी समुद्री मार्गमा रूसको नियन्त्रण छ । यो युरोप र एसियाबिच व्यापार गर्ने वैकल्पिक मार्ग हो । यो बाटोबाट व्यापार गर्दा पश्चिमा जलसेनाको खटनमा चल्ने दक्षिणको समुद्री मार्गको झन्झट व्यहोर्नुपर्दैन । रूसले अहिले साइबेरिया ऊर्जाको दोस्रो पाइपलाइनमा जोड दिँदै छ । यसले रूसलाई लामो समयसम्म चीनसँग जोड्नेछ र यही मार्ग हुँदै रूसले आफ्नो ग्यास पूर्व पठाउनेछ ।

रूस आफैमा एक पुँजीवादी देश हो । तर, त्यहाँको शासक वर्गले गाजप्रोम, रोसनेफ्त र स्बरब्याङजस्ता रणनीतिक कम्पनीहरूलाई पश्चिमा वित्तको हातमा सुम्पिन मानेन । उल्टो उसले चीन, भारत र दक्षिणी गोलार्द्धका देशहरूसँग सम्बन्ध जोड्यो । युरोपका शासकहरू यो सम्बन्ध चुँडाउन चाहन्छन् र त्यसको लगाम आफ्नो हातमा लिन चाहन्छन् । सुरक्षाका प्रत्येक दलीलपछाडि वित्तीय पुँजी निल्ने पुरानो भोक लुकेको छ । उनीहरू रूसका सरकारी सम्पत्ति हात पार्न चाहन्छन् । त्यहाँका प्राकृतिक सम्पदा, बैङ्क, पाइपलाइन र व्यापारिक मार्ग खोस्न चाहन्छन् । त्यसकै बलमा पुनः मोटाउन चाहन्छन् ।

रूसको वरिपरि गरिएको घेराबन्दीले एउटै सन्देश दिन खोजेको छ - अमेरिकाको नेतृत्वमा रहेको विश्व व्यवस्था ढले पनि साम्राज्यवादी शक्तिहरू अझै पनि युरेसियाको धनसम्पत्ति, बजार र पूर्वाधार कब्जामा लिन सक्छन् । सुरक्षा देखावटी हो । यो कुनै कारण होइन ।

**सीमामा पर्ने प्रत्येक दरार युद्धको उद्घोष हो**

युरोपका नेताहरूले ड्रोन दूर्घटना र सीमा झडपलाई निहुँ बनाएर थप सेना र हतियार थुपार्दै छन् । तनाव चर्केको निहुँमा राष्ट्रवादको झन्डामुनि जनतालाई गोलबन्द गर्ने दाउ रच्दै छन् । यसको परिणाम एकदम भयानक हुनेछ । उनीहरू 'नेटो' को निगरानी कडा पार्नुपर्ने, वायुसेना बलियो बनाउनुपर्ने र रूसविरुद्ध कडा नीति लिनुपर्ने माग गर्दै छन् ।

मे २९ गते रोमानियाको गलाटी क्षेत्रमा एउटा अग्लो घरमा एउटा ड्रोन ठोक्कियो । दुई व्यक्ति घाइते भए । भवनका ७० बासिन्दा घर छोड्न विवश भए । रोमानियाका रक्षामन्त्रीले त्यो ड्रोन रूसी भएको दाबी गरे । बुखारेस्टले कोन्सान्टामा बस्ने रूसी कन्सुललाई निष्कासित गऱ्यो र कन्सुलेट बन्द गर्ने आदेश दियो । रूसले त्यसको जिम्मेवारी लिएन । राष्ट्रपति भ्लादिमिर पुटिनले रूसले आक्रमण गरेको कुनै प्रमाण नभएको बताए ।

रोमानियाका राष्ट्रपति निकुसोर डनले त्यो ड्रोनलाई आकाशबाट खसालिएको बताए । उनले भने, रूसी ड्रोनहरूको एउटा समूहबाट अलग्गिएको त्यो ड्रोनलाई युक्रेनी वायुसेनाले रेनी सहरनिर डेन्यूबमा फसाएपछि त्यो रोमानियाको आकाशमा पसेको थियो र गलाटीमा ठोक्किएको थियो । यसको अर्थ त्यो दुर्घटना युक्रेन युद्धको बाछिटा थियो । यही मौका छोपेर घन्टाभरमै युरोपेली अधिकारीहरूले रूसविरुद्ध अझ कडा कदम चाल्नुपर्ने माग गरे ।

ड्रोनको लस्कर दुवैतिर देखिन्छ । युक्रेनी ड्रोनहरूले राजधानी किभबाट १ हजार माइल टाढा पर्ने रूसी स्थानहरूमा आक्रमण गरिसकेका छन् । तीमध्ये कतिपय ड्रोनहरू 'नेटो' क्षेत्रमा पनि पसेर ठोक्किएका छन् । मे १९ गते 'नेटो' युद्धविमानले दक्षिणी इस्टोनियामा एउटा युक्रेनी ड्रोनलाई खसालेको थियो । पहिलोपल्ट 'नेटो' गठबन्धनले कसैलाई खसालेको थियो । युक्रेनले 'अनपेक्षित घटना' का लागि माफी मागेको थियो ।

प्रत्येक दुर्घटना, प्रत्येक गोलीबारी, प्रत्येक आरोपपछि एउटै माग दोहोऱ्याइन्छ - 'नेटो' को निगरानी थप कडा पार्नुपर्छ, वायुसेनालाई बलियो पार्नुपर्छ, रूसविरुद्ध अझ कडा नीति लिनुपर्छ ।

पुनः सशस्त्रीकरण सीमामा मात्र भएको होइन । विदेशमा युद्धको तयारी गरिरहेका सरकार, सैन्य जनरल र शासक दलहरूले देशभित्र पनि मोर्चाबन्दी गर्दै छन् । उनीहरूले सैन्य बजेट बढाउनुलाई स्वभाविक देखाउँदै छन्; युद्धविरोधी आवाजलाई दबाउँदै छन् । मजदुर युनियन र आन्दोलनहरूलाई 'राष्ट्रिय सुरक्षा' को छातामुनि ल्याउन खोज्दै छन् ।

श्रमजीवी जनताले उनीहरूको कुन सुन्नुहुँदैन । 'नेटो' को सैन्य बन्दोवस्ती, युद्ध बजेट र उन्मादविरुद्ध कामदार वर्गीय प्रतिरोधको विकास गर्नु नै हाम्रो वर्तमान कार्यभार हो ।

**व्यापक युद्धको खतरा**

मे २५ गते तनाव आधिकारिक बन्यो । राष्ट्रपति भ्लादिमिर पुटिनको आदेशका रूसका विदेशमन्त्री सेर्गेइ लाभरोभले अमेरिकी विदेशमन्त्री मार्को रुबियोलाई फोन गरे । फोनवार्तामा उनले रूसी सेनाले किभका विभिन्न सैन्य इलाका र 'नीति निर्माण गर्ने मुख्यालयहरू' मा 'व्यवस्थित आक्रमण' थालेको बताए । सोही दिन रूसी विदेश मन्त्रालयले अमेरिका र अन्य सरकारहरूलाई आफ्ना कूटनीतिज्ञ र नागरिकहरूलाई युक्रेनको राजधानी किभबाट बाहिर लग्न भन्यो ।

मे २१ गते युक्रेनले रातको समयमा लुहान्स्कमा पर्ने स्तारोबेल्स्कमाथि ड्रोन आक्रमण गरेको थियो । रूसी अधिकारीहरूका अनुसार त्यो आक्रमणमा कलेजको छात्रावास र कक्षा कोठाहरू ध्वस्त भएका थिए भने २१ जना विद्यार्थी मारिएका थिए । मारिनेमध्ये धेरैजना भर्खरका युवती थिए । त्यो आक्रमणमा ८६ जना किशोरकिशोरी पनि मारिएका थिए । त्यो आक्रमणको संयोजन अमेरिकी धनाढ्य इलन मस्कको उपग्रह सञ्जाल 'स्टारलिङ्क' ले गरेको थियो । त्यो सञ्जाललाई मस्कको कम्पनी 'स्पेसएक्स' ले सञ्चालन गर्छ । रूसको भित्री स्थानहरूमा हुने आक्रमणहरूमा युक्रेनी सेनालाई 'स्टारलिङ्क' ले सघाइरहेको रूसी अधिकारीहरूले बताए । यसको अर्थ इलन मस्कको 'स्पेसएक्स' एक निजी कम्पनी हो तर यो अमेरिकी युद्ध मेसिनको अङ्ग पनि हो । युक्रेनको सोही आक्रमणको बदलामा जवाफी आक्रमण गर्न लाभरोभले अमेरिकी विदेशमन्त्री रुबियोलाई फोन गरेका थिए । रुबियोले लाभरोभको सन्देश ट्रम्पलाई पठाएको बताए । उनले युद्ध 'नयाँ रूपमा फैलिन सक्ने' जोखिम बढेको चेतावनी पनि दिए ।

रूसभित्र छलफल कठोर बनेको छ । महत्त्वपूर्ण ओहोदामा बसेका अधिकारीहरू खुलेर बोल्न थालेका छन् । आफूमाथि आक्रमण गर्नका लागि प्रयोग हुन्छन् भने युरोपेली उद्योग र पूर्वाधारहरूमा पहिले नै आक्रमण गर्नुपर्ने उनीहरू बताउँदै छन् । कतिपयले रणनीतिक आणविक हतियार प्रयोग गर्नका लागि न्यूनतम मापदण्ड तोक्नुपर्ने माग गर्दै छन् । यसरी 'नेटो' को छद्म युद्ध प्रत्यक्ष युद्धमा फेरिन सक्छ । रूसका भित्री भागमा आक्रमण बढ्दै जाँदा रूसले प्रत्याक्रमण गर्न सक्छ । त्यसपछि युरोप र अमेरिका युद्धमा पस्नुपर्छ भन्ने नयाँ माग उठ्न सक्छ ।

युरोपका शासकहरूले आफ्नै ठाउँमा लड्नका लागि हतियार थुपार्दै छन् । यो लडाइँ यस्तो संसारमा हुनेछ, जसमा वासिङ्टनको उति पकड छैन । उनीहरूले 'रूसी आक्रमण' लेखिएको झन्डा फहराउँदै छन् । तर, उनीहरूको आँखा अन्तै छ । उनीहरू रूसको विशाल युरेसिया क्षेत्रमा पाइने प्राकृतिक सम्पदा, पाइपलाइन, बन्दरगाह र व्यापारिक मार्गमा आँखा गाड्दै छन् । रूसको सीमामा जम्मा भइरहेका साम्राज्यवादी शक्तिहरू ठुलो सिकार हात पार्न चाहन्छन् । यसको लागि उनीहरू युद्धलाई व्यापक रूप दिनसमेत पछि पर्नेछैनन् । यो युद्धबाट श्रमजीवी जनताले केही पाउने होइनन् । युद्धको नाममा राष्ट्रिय एकता कायम गर्नु अर्को जाल हुनेछ । यसकारण, 'नेटो' गठबन्धनको पूर्वी अभियान, बढ्दो युद्ध बजेट र विश्वयुद्धतर्फको उन्मादविरुद्ध श्रमजीवी जनताको बलियो प्रतिरोध निर्माण गर्नु नै आजको अभिभारा हो ।

***(स्रोत : एमआर अनलाइन । सम्यक)***

# लिम्पियाधुरा अतिक्रमणलाई संस्थागत गर्न भारतद्वारा अघि सारिएको कथित बङ्गलादेशी मोडेल

✍ रतन भण्डारी, सीमा अध्येता

वि.सं. १८७२ (सन् १८१६) को सुगौली सन्धिअघि महाकाली नदीको दुवैतिर पर्ने व्यास उपत्यका पूर्णतः नेपाली भूभाग थियो। इस्ट इन्डिया कम्पनीसँगको १८१४-१८१६ को लडाइँपछि भएको सुगौली सन्धिको धारा ५ ले नेपाल र भारतबिचको सिमाना लिम्पियाधुराबाट आउने काली ( महाकाली) नदी निर्धारण गर्यो। त्यसपछि नेपालको एकलौटी भूमि व्यास उपत्यका नेपाल र भारत दुईतिर बाँडियो। ब्यास उपत्यकामा रहेका १२ ओटा गाउँहरूमध्ये महाकालीवारिका ६ गाउँ (कुटी, नाभी, गुन्जी, छाँग्रु, ऋषिगाउँ र टिङ्कर) नेपालतिर परे। महाकाली पारिका बाँकी ६ गाउँ (नेपल्चू, गर्ब्याङ, बुँदीलगायत) भारततिर परे।


सुगौली सन्धिद्वारा विभाजित लिम्पियाधुरा पूर्वका नेपाली गाउँ कुटी, नाभी, गुन्जीबारे सुरुमा कुनै विवाद थिएन। त्यसमा पनि इस्ट इन्डिया कम्पनीले सुगौली सन्धिदेखि सन् १८५६ सम्म नक्सा प्रकाशित गर्दै लिम्पियाधुराबाट निस्किने नदीलाई काली (महाकाली) भनेर प्रस्ट रूपमा उल्लेख गर्दै आयो। लिम्पियाधुरादेखि पूर्वको सम्पूर्ण भूभाग नेपालको देखाउँदै आयो।

सन् १८१६, सन् १८१९, सन् १८२६, सन् १८२७, सन् १८३४, सन् १८३५, सन् १८३७, सन् १८४१, सन् १८४६, सन् १८५०, सन् १८५६ मा इस्ट इन्डिया कम्पनी, ब्रिटिस इन्डियालगायत अरुले समेत प्रकाशित गरेका सम्पूर्ण नक्साहरूमा काली ( महाकाली) नदीको मुहान प्रस्टरूपमा लिम्पियाधुरा उल्लेख गरिएको छ।

त्यसबिचमा इस्ट इन्डिया कम्पनीले लिम्पियाधुरा पूर्वका नेपाली गाउँ कुटी, नाभी, गुन्जी, छाँग्रु र टिङ्करका बासिन्दाले तिरोभरो सबै नेपाल सरकारलाई तिर्दै आए। त्यो क्रम राणा प्रधानमन्त्री चन्द्रशमशेरका पालासम्म जारी रह्यो। त्यसैले, महाकालीवारि लिम्पियाधुरासम्मको भूभाग नेपालको रहेको तथ्य निर्विवाद थियो र छ। तर, जब सन् १८५७ मा उत्तरी भारतमा सिपाही विद्रोहपछि भारतमा इस्ट इन्डिया कम्पनीमातहतको शासन व्यवस्था ब्रिटिस इन्डियाअन्तर्गत ल्याइयो। त्यसपछि ब्रिटिस इन्डियाले नक्सामार्फत नेपाली भूमिमाथि धावा बोल्यो। अर्थात्, ब्रिटिस-इन्डियाले लिम्पियाधुरा क्षेत्रको नक्सा बिगार्दै काली नदीको मुहान लिम्पियाधुराबाट पूर्व रहेको लिपुलेकलाई देखाउन थाल्यो। लिम्पियाधुराबाट आउने वास्तविक काली (महाकाली) नदीलाई 'कुटि यङ्क्ति' र लिपुलेकबाट आउने लिपुखोलालाई 'काली' (महाकाली) भन्न थाल्यो। ब्रिटिस इन्डियाको उक्त कदम नेपालमाथि भएको नक्सागत आक्रमण (Cartographic Aggression) थियो। अर्थात्, नक्सा बिगारेर नेपाली भूमिमाथि खुलेआम धावा बोल्यो। त्यसपछिका दिनहरूमा ब्रिटिस इन्डियाले सर्भे अफ इन्डियाबाट जति पनि नक्सा निकाल्यो ती सबैमा लिम्पियाधुराबाट आउने वास्तविक काली (महाकाली) नदीलाई 'कुटि यङ्क्ति' र लिपुलेक नाका (Lipulek Pass) देखि थोरै पश्चिम गरिफू (एर्खा) बाट आउने 'खा यक्ति' ( लिपुखोला) लाई 'काली' (महाकाली) नदी भन्न थाल्यो। ब्रिटिस इन्डियाले नक्सामार्फत लिम्पियाधुरापूर्वको नेपाली भूमिमाथि अतिक्रमणको दुष्प्रयास गरे पनि भौतिक उपस्थिति भने जनाउन सकेन।

सन् १९४७ अगस्ट १५ (२००४ साउन ३१) का दिन ब्रिटिस उपनिवेशबाट स्वतन्त्र भयो। स्वतन्त्र भारत भने लिम्पयाधुरापूर्वको नेपाली भूमि अतिक्रमणमा भौतिक रूपमै प्रस्तुत भयो। ब्रिटिस इन्डियाले लिम्पियाधुराबाट आउने काली ( महाकाली) नदीको नाम फेर्दै लिपुखोलालाई महाकाली उल्लेख गर्दै नक्सा जारी गरेको अवस्थामा स्वतन्त्र भारतले लिपुलेकभन्दा तलको नेपाली भूमि 'तिल्सी' को नाम बदलेर 'कालापानी' राख्यो। तिल्सीमा रहेको पानीको मूल थुनेर पोखरीमा बनायो। त्यही नक्कली कालापानीको कृत्रिम पानीको कुवालाई काली (महाकाली) को मुहान भन्न थाल्यो। यसरी स्वतन्त्र भारतले 'नक्कली कालापानी' र 'नक्कली काली' (महाकाली) को मुहान एकैसाथ जन्मायो। त्यसपछिका दिनदेखि हालसम्म भारतले तिल्सी (कालापानी) कृत्रिम पानीको कुवालाई कालीको मुहान भन्दै जग हँसाइरहेको छ।

त्यसबिचमा नेपाल सरकारको नापी विभागले समेत स्थलगत सर्भे, हवाई सर्भे र ऐतिहासिक तथ्यप्रमाणका आधारमा नेपालको नक्सा तयार नगरी भारतको सर्भे अफ इन्डियाको नक्साका आधारमा नेपालको नक्सा बनायो। जुन नक्साहरूमा भारतले मिचेको लिम्पियाधुरासम्मको नेपाली भूमिलाई बाहिर राख्ने घातक काम भयो। नापी विभागको त्यस कार्यमा संलग्न कर्मचारी रिटायर लाइफमा यतिबेला आएर आफूहरूले २०३२ सालमै लिम्पियाधुरा पुग्ने नक्सा बनाउन खोजेका थियौँ। तर, त्यतिबेलाको सरकारले रोक्यो भनेर लेख र पुस्तक निकाल्दै हिँडेका छन्। तीमध्ये एकजना पात्रले २०५७ सालमा पुस्तक लेखेर २०५५ सालको साउनसम्म पनि लण्डन पुगेर नेपालको पुरानो नक्सा नहेर्दासम्म आफू लिपुलेकबाट आउने काली नदी नै वास्तविक काली हो भन्नेमा भए पनि लण्डनमा पुरानो नक्सा हेर्दा अब लिम्पियाधुराबाट आउने नदी काली (महाकाली) हो भन्ने निष्कर्षमा पुगेको भनेर पुस्तकमै उल्लेख गरेका छन्। ती पात्रका उल्लिखित दुईटै विरोधाभासी कुरामा प्रश्न उठेपछि पछिल्लोपटक उनले आफ्नो मदन पुरस्कार प्राप्त नेपालको सिमाना नामक पुस्तकबाट लण्डन पुगेर २०५५ सालमा मात्रै लिम्पियाधुराबाट आउने नदी काली हो भन्ने थाहा भयो। यसभन्दा अघि लिपुलेकबाट आउने नदी नै काली हो भन्नेमा थिएँ भन्ने च्याप्टर नै हटाएका छन्।




वरिष्ठ परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले एउटा टेलिभिजन च्यानलमा दिनुभएको अन्तर्वार्ता र उहाँसँगको कुराकानीका आधारमा भन्नुभएको थियो, नेपालमा एकजना पात्र यस्ता छन्, जसको किन हो कुन्नि लिम्पियाधुरासँग औधी रिस छ। त्यसैले, तिनले पदमा हुँदा पनि लिम्पियाधुरा नेपालको रहेको नक्सा जारी गरेनन् र अहिले सेवानिवृत्त भएर पनि लिम्पियाधुरा नेपालमा आउनु हुन्न त्यसलाई भारतसँग बङ्गलादेशसम्म पुग्ने बाटो मागेर साट्नुपर्छ भन्ने घातक अभियान चलाएका छन्। परराष्ट्रविद् श्रेष्ठको उल्लिखित भनाइ र विश्लेषण वस्तुपरक यसकारण छ कि हुन पनि ती पात्रले लिम्पियाधुरा बङ्गलादेशसम्म पुग्ने बाटोसँग साट्नुपर्छ भनेर मिडियामा अभियान नै चलाएका छन्। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल पछिल्लोपटक भारत भ्रमणमा जाँदा तिनै पात्रले उनलाई लिम्पियाधुरा भारतसँग साट्ने सल्लाह दिएका थिए। भारतलाई फुकोट कर्णालीलगायतका जलस्रोत परियोजना बुझाएर सत्तालिप्साको खेलमा लागेका प्रचण्डले नेपाल फर्केपछि लिम्पियाधुरा भारतसँग बङ्गलादेशसम्म पुग्ने बाटो मागेर साट्न सक्ने बताएका थिए। जबकि प्रचण्डले लिम्पियाधुराबाट भारतीय सेना फिर्ताका लागि भारतसँग कुरा गर्नुपर्थ्यो, वार्ताको एजेन्डामा लिम्पियाधुरा राख्नुपर्थ्यो त्यो काम उनीबाट भएन।

**कथित बङ्गलादेशी मोडल ?**

सन् १९७१ मा पाकिस्तानबाट अलग्गिएको बङ्गलादेशले भारतसँगको सन् २०१५ मा 'ल्यान्ड बाउन्ड्री एग्रिमेन्ट' मार्फत सीमा समस्या सुल्झाएको थियो। त्यो समस्या भारत र पाकिस्तान छुटिँदादेखि विचाराधीन थियो। खासमा तत्कालीन पूर्वी पाकिस्तान (हाल बङ्गलादेश) भारतमा १११ वटा परिक्षेत्र बङ्गलादेशमा भारतका ५१ परिक्षेत्र थिए। एक अर्को देशमा सुरुवाती सिमाङ्कनकै बेलादेखि विवादित रहेका ती परिक्षेत्रहरू एकअर्को देशद्वारा अतिक्रमित भूमि थिएनन्। त्यसैले, भारत र बङ्गलादेश ती परिक्षेत्रहरू एकापसमा सट्टापट्टा गर्न राजी भए। तर, नेपाल र भारतबिच विद्यमान कालापानी, लिपुलेक र लिम्पियाधुरा समस्याको चरित्र भारत र बङ्गलादेशबिच विद्यमान उल्लिखित परिक्षेत्रसँग मिल्दैन। किनभने, नेपाल भारतबिचको लिम्पियाधुरा समस्या सुरुवाती सीमाङ्कनका बेला विचाराधीन नभई, नेपालको भनेर टुङ्गो लागिसकेपछि भारतद्वारा अतिक्रमित भूमि हो। भारतले नेपालको सामरिक रणनीतिक महत्त्वको भूमि हडप्दै जाने र नेपालले त्यसका लागि ऊसँग बङ्गलादेश हुँदै समुद्र पुग्ने बाटो माग्ने कुरा हाँस्यास्पद हो। त्यसमा पनि नेपालले बङ्गलादेश हुँदै समुद्रसम्मको बाटो पाउने कुरा तत्कालीन भारतीय प्रधानमन्त्री आईके गुजरालको २०५४ सालमा भएको नेपाल भ्रमणका बेला सहमति भइसकेको अवस्था हो। नेपालले समुद्रसम्म पुग्ने बाटो पाउने कुरा नेपालका लागि अन्तर्राष्ट्रिय कानुनप्रदत्त अधिकार हो। भारतलाई भूमि दिएर बाटो माग्ने भन्ने कुरा केटाकेटी पारा हो। यी पात्रहरूले नेपालले यसअघि पनि भारतसँग शारदा ब्यारेजमा ४ हजार एकड जमिन साटेको र चीनसँग सम्झौता हुँदा पनि नेपाल चीनबिच भूमि साटफेर भएकोले लिम्पियाधुरा बङ्गलादेशसम्म पुग्ने बाटोसँग साट्न सकिने कुतर्क अघि सार्ने गरेका छन्। तर माथि नै भारतसँग शारदा ब्यारेजमा साटिएको भूमि भारतले हडपेको भूमि साटिएको होइन। नेपाल चीनबिच पहिलोपटक वैज्ञानिक सीमाङ्कनका क्रममा भूमि साटफेर हुँदा एक अर्को देशले मिचेको भूमि साटेको होइन। आपसी सहमतिमा नेपाल चीनबिच भूमि साटफेर भएको हो। जबकि लिम्पियाधुरा क्षेत्र भारतले मिचेको, हडपेको नेपाली भूमि हो। त्यो भूमि भारतले नेपाललाई फर्काउनुको विकल्प छैन। यसमा नेपाली जनताको निरन्तर खबरदारी जरुरी छ। साथै लिम्पियाधुरा नेपालमा आएको देख्न नचाहने पात्रहरूप्रति सचेत रहनु र उनीहरूको अभियानविरुद्ध लड्नु पनि उत्तिकै आवश्यक छ।

*स्रोत : बाल विकास स्मारिका-२०८१*

# खेल र शिक्षा सँगसँगै अगाडि बढाउन आग्रह

भक्तपुर। भक्तपुर नगरपालिकाको आयोजनामा विभिन्न ६ वटा खेलकुद प्रशिक्षणमा सहभागी भई एसईई २०८२ मा उत्तीर्ण भएका ४० जना खेलाडीलाई सम्मान तथा बधाई ज्ञापन कार्यक्रम जेठ २४ गते सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहभागी खेलाडीहरूलाई आगामी शैक्षिक तथा खेलकुद यात्राका लागि शुभकामना दिँदै अध्ययन र खेलकुदलाई सँगसँगै अगाडि बढाउन प्रेरित गर्नुभयो।

नगर प्रमुख प्रजापतिले खेल र शिक्षालाई सँगसँगै अगाडि बढाउन समय व्यवस्थापनमा विशेष ध्यान दिन आग्रह गर्नुभयो।

उहाँले खेलकुदले अनुशासन, नेतृत्व र आत्मविश्वास विकास गर्ने भएकोले अध्ययनसँगै खेलकुदमा पनि निरन्तर लाग्नुपर्ने बताउनुभयो। प्राप्त ज्ञानलाई व्यवहारमा उतार्दै जिम्मेवार र व्यावहारिक नागरिक बन्न विद्यार्थीहरूलाई उहाँले प्रेरित गर्नुभयो।

नगर प्रमुख प्रजापतिले विद्यार्थीलाई अनुशासित, मेहनती र जिम्मेवार बन्न आग्रह गर्दै ज्येष्ठ तथा वरिष्ठहरूको सम्मान गर्नुपर्ने बताउनुभयो।

उहाँले निरन्तरको प्रयास, लगनशीलता र सकारात्मक सोचले समाजमा आफ्नो स्थान स्थापित हुँदै जाने उल्लेख गर्नुभयो।

खेलकुद केवल प्रतिस्पर्धा नभई सम्मान, प्रतिष्ठा र पहिचान कमाउने माध्यम भएकोले खेलमार्फत आफ्नो, परिवार तथा नगरको गौरव बढाउन खेलाडीहरूलाई प्रेरित गर्नुभयो।

प्रमुख प्रजापतिले राष्ट्रियता, स्वाभिमान र देशप्रेमको भावना बलियो बनाउनुपर्ने बताउनुभयो।

उहाँले देशको सीमा, राष्ट्रिय हित र सार्वभौमिकताको संरक्षण राज्यको मात्र नभई सचेत नागरिकको पनि दायित्व भएको धारणा राख्दै प्रधानमन्त्रीले प्रतिनिधिसभामा सीमासम्बन्धी अभिव्यक्ति दिँदै नेपालले पनि भारतको सिमाना मिचेको अभिव्यक्तिले नेपालको सार्वभौमिकता तथा कूटनीतिक अडानलाई कमजोर बनाउन सक्ने बताउनुभयो।




विशेष गरी युवा विद्यार्थीहरूले शिक्षा, ज्ञान, अनुशासन र जिम्मेवार नागरिकताको माध्यमबाट राष्ट्रको हित र पहिचान जोगाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो।

सहज र सजिलो बाटो रोज्नेभन्दा चुनौतीपूर्ण कार्यलाई आत्मसात् गर्ने व्यक्ति नै जीवनमा अगाडि बढ्ने बताउँदै उहाँले एसईईपछि कुन विषय अध्ययन गर्ने र भविष्यमा के बन्ने भन्ने स्पष्ट लक्ष्य निर्धारण गर्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो। आफूले रोजेको क्षेत्रमा गहिरो अध्ययन, निरन्तर अभ्यास र मेहनतमार्फत विशेषज्ञता हासिल गर्न सके मात्र प्रतिस्पर्धी युगमा सफल हुन सकिने उल्लेख गर्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले खेलकुदले युवापुस्तालाई अनुशासित, स्वस्थ र जिम्मेवार नागरिक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै नयाँ पुस्तालाई सही दिशातर्फ मार्गदर्शन गर्न खेलकुद गतिविधिमा जोडिन आवश्यक रहेको उल्लेख गर्नुभयो।

उहाँले खेलकुदलाई सर्वसाधारणको पहुँचमा पुर्याउन स्थानीय तहले आवश्यक पूर्वाधार विकास, प्रशिक्षण तथा प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा प्रशिक्षक विनोदचरण रायले विद्यार्थी जीवनमा शिक्षा र खेलकुदलाई सँगसँगै अघि बढाउनुपर्नेमा जोड दिँदै उहाँले "पढ्नेले खेल्नुपर्छ, खेल्नेले पढ्नुपर्छ" भन्ने अवधारणाले नै समग्र व्यक्तित्व विकास सम्भव हुने बताउनुभयो।

उहाँले नेपालका ७५३ स्थानीय तहमध्ये खेलकुद क्षेत्रलाई विशेष प्राथमिकता दिँदै योजनाबद्ध रूपमा लगानी र पूर्वाधार विकास गर्ने स्थानीय तहका रूपमा भक्तपुर नगरपालिका परिचित रहेको उल्लेख गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले एसईई २०८२ मा उत्तीर्ण खेलाडी विद्यार्थीहरूलाई फूलमाला लगाई सम्मान गरिएको थियो।

# “देशको झण्डालाई भिक्षापात्रो बनाएर देश सार्वभौम रहन सक्दैन”

● सृजना सैंजू

अर्थशास्त्रको भाषामा देशको अर्थतन्त्र ‘Debt trap’ (डेट् ट्र्याप) अर्थात् ऋण पासोमा छ । यो ऋण तिर्न ऋण लिनुपर्ने अवस्था हो अनि यहाँ ऋणको ब्याज तिर्न पनि ऋण लिईंदै छ । अहिले विनियोजित बजेटको २० प्रतिशत ऋणको ब्याज तिर्न छुट्याइएको छ । ऋण सिद्धान्तअनुसार, लिइएको ऋण उत्पादनशील क्षेत्र अर्थात् विकास पूर्वाधारको क्षेत्रमा लगानी गर्नुपर्छ, अर्को भाषामा भन्ने हो भने कुल गार्हस्थ उत्पादन बढ्ने गरी ऋणको उपयोगिता हुनुपर्छ । तर, कुल बजेटको ६० प्रतिशत चालु खर्च लाग्ने गरी तलबभत्ता वृद्धि गरिएको छ भने २० प्रतिशतमात्र पूर्वाधार निर्माणमा लगाउने योजना प्रकाशित छ । बजेटको स्रोत राजश्वतर्फबाट ६६ प्रतिशत मात्र हो भने बाह्य र आन्तरिक गरी झण्डै ३१ प्रतिशत स्रोत ऋणबाट छ । ऋणविना नियमित काम पनि नहुने भएरै नयाँ अर्थमन्त्रीले भनेका होलान् “ऋण नलिए देश ठप्प हुन्छ । मान्छे सुत्नको लागि पनि ऋण लिनुपर्छ ।” यो अवस्था कसरी आयो ?

सार्वजनिक ऋण ३० खर्ब नजिक पुगेको तथ्याङ्क छ । प्रत्येक नेपालीको टाउकोमा १ लाख ८ हजार ऋण भार छ । पछिल्लो १० महिनामै पाँच खर्ब ३२ अर्ब ऋण लिइयो । अघिल्ला तथ्याङ्कअनुसार कुल ग्राहस्थ उत्पादनमै ऋणको हिस्सा झन्डै ४५ प्रतिशत छ । ऋणसँगै परनिर्भरता, गरिबी, भ्रष्टाचार, रोग, बेरोजगारी थपिए । देश झन् बढी खोक्रो बन्यो । अझै पनि ऋणकै भरले आर्थिक औपनिवेशिक मानसिकता छताछुल्ल भएको छ ।

अर्थतन्त्रको अर्को पासो ‘Aid trap’ एड ट्र्याप अर्थात् वैदेशिक सहायता या विदेशी मुद्रा पासो हो । सरकारकै तथ्याङ्कअनुसार पछिल्लो १० वर्षमा बजेटको २१.५ प्रतिशत हिस्सा विदेशी सहयोग छ । यसर्थ आजसम्मका बजेट अर्थात् सिङ्गो अर्थतन्त्र विदेशी सहयोगसँगै आएका विदेशी शर्तहरूको दास बन्यो भन्दा फरक नपर्ला ।

के नेपालमा यी आर्थिक पासो राजनीतिक पासोमा बदलिएको हो ? समीक्षा गरौँ । हाम्रा पार्टी अध्यक्षज्यूको विचारअनुसार “देशको झण्डालाई भिक्षापात्रो बनाएर देश सार्वभौम रहन सक्दैन” । दशकौँ दशकसम्म एनजीओ आइएनजीओको खेती राजनीतिक दल, शासक दलहरूबाटै भयो । पछिल्लो समय एमसीसी हुँदै



ग्रेजोनले प्रमाण दिएअनुसार आइआरआई, एन्इडी, युथ काउन्सिल नामको डलरकै कारण देशले आजको दुर्घटना भोग्नुपर्यो, देशमा आगजनी भयो, सिंहदरबारलगायतका देशका सम्पत्तिहरू जलाइए, शासन परोक्ष बैरीको हातमा गयो । आज यी प्रमाण र विश्लेषणमा घोत्लिन जरुरी छ ।

लज्जाको विषय त प्रदेश सभा अझै पनि युएन र दातृनिकायहरूसँग सहयोग माग्दै छ । कम्तीमा अहिले बन्ने प्रदेश बजेटले वैदेशिक आर्थिक पासोबाट उन्मुक्तिको व्यावहारिक बाटो देखाओस् । सङ्घलाई त्यतातिर प्रदेशले सचेत गराओस् । अहिलेको प्राथमिकता देशको सार्वभौमिकता हो, आत्मनिर्भरता हो ।

देशको अर्को दुखान्त बजार अर्थतन्त्र आयातमा निर्भर हुनु हो । सबैभन्दा बढी पेट्रोलियम पदार्थ आयात गर्दा रहेछौं हामी । जबकि त्यसको विकल्प हामीसँग छ, जलविद्युत् । जलविद्युत्मा आत्मनिर्भरताको गुन्जायस कुनै पनि बजेटमा भएन । आयात निर्भर अर्थतन्त्रमा विश्व अर्थतन्त्रको उतारचढाव, युद्ध, सङ्कटको प्रत्यक्ष र गहिरो असर पर्छ । युक्रेन युद्ध, इजरायलले प्यालेस्टाइनमा गरेको युद्ध हुँदै अहिले चलिरहेको संरा अमेरिका–इरान युद्धको असर हामी हाम्रो भान्छासम्म भोग्दै छौँ । नेपाली बजारमा मुद्रास्फिति र मुल्यवृद्धिले आकाश छुँदै छ । परनिर्भरताको पासो डरलाग्दो हुन्छ, हाम्रो बजार हामी निर्भर रहेको देशको स्वार्थ अनुरूप चल्ने गरेको छ । अझ भनौँ हाम्रो बजारको चाबी बाहिर विदेशमा छ । अहिले भारतबाट चिनी नाकाबन्दी जस्तै छ । तेल नाकाबन्दीको सम्भावना उस्तै छ । कुनै पनि बेला बजारमा अत्यावश्यक वस्तुको अभाव हुन सक्छ । हाम्रो बजेटले के सम्भावित आर्थिक सङ्कटसँग सामना गर्ने उपाय दिन्छ ?

Domestic market या घरेलु अर्थतन्त्र बलियो नबनेसम्म, बहुमत जनताको क्रयशक्ति नबढेसम्म अर्थतन्त्र कमजोर हुन्छ । हाम्रो प्राथमिकता यतातर्फ होस् । उत्पादन, बजार र वित्त मात्र कमजोर होइन श्रम निर्यातको दुश्चक्रले देश खोक्रो बनेको यथार्थ लुकाउनै सकिन्न, लुकाउन मिल्दैन ।

यसर्थ बजेट विनियोजनको सैद्धान्तिक आधारमै घोत्लिनुपर्ने समय हो यो । हामी सिद्धान्त र प्राथमिकताबारे छलफल गर्दै छौं । के फेरि पनि पुरानै मोडल या ढाँचामा जानु सुहाउँछ ? प्रस्तुत विनियोजन विधेयकको छाँटकाँट त्यही देखिन्छ ।

विश्वमा अहिले Capital Market Economy अर्थात् पुँजीवादी बजार अर्थतन्त्र असफल छ । नवउदारवादी अर्थव्यवस्था पतनउन्मुख मात्र होइन अमानवीय पनि छ भन्ने विश्लेषण भइरहेको छ । बजार अर्थतन्त्रलाई state या राज्यले नियमन गर्ने, निजी क्षेत्रभन्दा सरकार बलियो, जिम्मेवार र जवाफदेही बन्ने अर्थतन्त्र हरेक कोणबाट सफल छ । विश्वमा अझ भनौ मार्केट इकोनोमीलाई मार्क्सवादले लगाम लगाएको अर्थतन्त्र संसारमै द्रुत प्रगति गर्दै छ । छिमेकी देश चीनको द्रुत विकास त्यो मिसाइल हो ।

तसर्थ बजेटको आधार विचार हुनुपर्छ । त्यो विचार नवउदारवादी हुनुहुँदैन । संविधानमा लेखिएझैँ व्यवहारमा पनि समाजवादी हुनुपर्छ । आर्थिक आत्मनिर्भरताका लागि उत्पादनमा स्टेट, बजारमा स्टेट, वित्तमा स्टेट, स्वदेशमै रोजगारी सिर्जनामा स्टेटको बलियो उपस्थिति र अगुवाइले मात्र नेपालजस्तो गरिब मुलुक कम्तीमा विकासोन्मुख देशमा छिट्टै उक्लिन्छ र त्यो प्रयास बागमती प्रदेशबाट होस्, कम्तीमा यसले केन्द्रलाई बाटो देखाओस् । धन्यवाद ।

*(वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले गत जेठ ११ गते सम्पन्न वाग्मती प्रदेश सभाको १८ औं अधिवेशनको प्रथम बैठकमा राख्नुभएको विचारको सम्पादित अंश )*

# समाजवादले श्रमिकवर्गको आकाङ्क्षा र माग प्रतिबिम्बित गर्छ

समाजवाद सामन्तवाद र पुँजीवादभन्दा आधारभूत रूपले भिन्न प्रकारको नयाँ सामाजिक व्यवस्था हो । समाजवादको अजय शक्तिको स्रोत जनताको समर्थन र विश्वास हो । व्यापक जनताको हित नचाहने साम्राज्यवादी, सामन्तवादी र पुँजीवादीहरू जहिल्यै समाजवादलाई उठ्न दिँदैनन् । समाजवादी समाजले बहुमत जनताको हित हुने काम गर्छ । काम नगरी चुप लागेर बसी खाइरहने शोषकवर्गले श्रमजीवी जनताको हित हेर्दैन । समाजवादले श्रमिकवर्गको आकाङ्क्षा र माग प्रतिबिम्बित गर्छ । प्रजग कोरियामा साम्राज्यवादविरोधी राष्ट्रिय मुक्ति क्रान्ति, सामन्तवादविरोधी जनतान्त्रिक क्रान्ति र समाजवादी क्रान्ति भएको थियो ।

पुँजीवादी समाज व्यक्तिवादबाट शासित हुन्छ । व्यक्तिवादी समाजमा सामाजिक असमानता बढ्छ; गरिब र धनीबिचको दूरी बढ्छ । समाजवादी गणतन्त्रमा सच्चा प्रजातन्त्र हुन्छ । समाजवादलाई प्रजातन्त्रबाट अलग्ग गर्न सकिँदैन । यसकारण, समाजवादमा प्रजातन्त्र हुँदैन भन्ने कुरा भ्रम हो । पुँजीवादी प्रजातन्त्र जनविरोधी प्रजातन्त्र हो । साम्राज्यवादी, प्रतिक्रियावादी, पुँजीवादी र सामन्तवादीहरू पुँजीवादी संसदीय व्यवस्था या पुँजीवादी बहुदलीय व्यवस्थालाई ‘प्रजातन्त्र’ भनी प्रचार गर्छन् । उनीहरू पुँजीवादी प्रजातन्त्रलाई जीवन्तता दिने दाबी गर्छन् । देशको अहिलेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र पुँजीवादी व्यवस्था हो । यो पुँजीवादी व्यवस्थालाई मल, जल गर्ने काम कम्युनिस्ट भनिने दलहरूले गरिरहेका छन् । यही व्यवस्थामा रहेर समाज अगाडि बढाउने उनीहरूको दाबी हो । पुँजीवादी व्यवस्थालाई निरन्तरता दिने, मलजल हालेर कम्युनिस्ट आन्दोलनलाई पछि पार्ने दलहरू नाम जे भए पनि कम्युनिस्ट हुनसक्दैनन् । प्रजग कोरियामा रोजगारी, खाने, लाउने, बस्ने अधिकारदेखि शिक्षा र स्वास्थ्य उपचारको सबै सुनिश्चित गरिएको छ । तर, नेपालमा यस्तो कुनै सुनिश्चितता छैन । पुँजीवादीहरू आफूलाई ‘मानव अधिकारको हिमायती’ भन्दै समाजवादको निन्दा गर्छन् या कम्युनिस्ट पार्टीको विरोध गर्छन् । समाजवादी समाजमा राज्यले प्रत्येक व्यक्तिको जीवनको लागि उत्तरदायित्व बोकेको हुन्छ । राज्यले समाजका सबै सदस्यहरूको हेरचाह गर्ने उत्तरदायित्व बोकेको हुन्छ ।

शोषण र दमनबाट मुक्त हुने चाहना व्यापक जनताको हुन्छ । त्यो चाहना समाजवादी गणतन्त्रात्मक सरकारले गर्छ । समाजवादी समाजले श्रमिक जनतालाई श्रमको पूर्ण अधिकार प्रदान गरेको हुन्छ । जनतालाई न्यायपूर्ण तथा समृद्ध भौतिक जीवन प्रदान गर्नु समाजवादी आर्थिक जीवनको प्रमुख आवश्यकता हो । समाजवादी व्यवस्थाले उत्पादक शक्तिहरूको विकासको लागि व्यापक मार्ग प्रशस्त गर्छ । पैसा कमाउने उद्देश्य लिएको बजार अर्थतन्त्र र विदेशी एकाधिकार पुँजीपतिहरूलाई धनी तुल्याउने आश्रित अर्थतन्त्र लाद्न, ‘आर्थिक सहयोग’ र ‘सहायता’ को लोभ देखाएर उपनिवेश बनाउने, आफ्नो मातहतमा राख्ने या परनिर्भर बनाइरहेको बेलामा समाजवादी मुलुकहरूले समाजवादी अर्थतन्त्रलाई सुदृढ पार्न पहल गर्नुपर्ने हुन्छ । समाजवादी समाज क्रान्तिकारी विचारधारामा आधारित हुन्छ ।

साम्राज्यवादी र एकाधिकार पुँजीपतिहरूले पुँजीवादी विचारधारा लागू गर्न अघि सर्नु स्वाभाविक हो । नेका पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने पार्टी हो । पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दलको काँधमा चढेर एमालेले कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारलाई व्यवहारमा कसरी लागू गर्छ ? पुँजीपतिहरूले पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि सञ्चारमाध्यमहरू आफ्नो हातमा लिएका हुन्छन् र आफ्नो विचार प्रचार गर्छन् । आफूलाई कम्युनिस्ट भनिने दलले कम्युनिस्ट पार्टीको प्रचार गर्नुपर्छ; समाजवादी आन्दोलनलाई अघि बढाउने पुस्तकहरू प्रकाशन गर्नुपर्छ; पत्रिका निकाल्नुपर्छ; लेखहरू छाप्नुपर्छ; नेता तथा कार्यकर्ताको हरेक भेला, सभा, अन्तरक्रियामा कम्युनिस्ट विचार र सिद्धान्तबारे सुसूचित पार्नुपर्छ ।

क्रान्ति गर्न क्रान्तिकारी पार्टी जरुरी हुन्छ । क्रान्तिकारी पार्टीको क्रान्तिकारी विचार हुन्छ । क्रान्तिकारी पार्टीको मूल उद्देश्य आमूल परिवर्तन हो । आमूल परिवर्तन एकैबाजि नहुने हुँदा कम्युनिस्ट पार्टीले परिवर्तनको निम्ति राजनीतिक कक्षा सञ्चालन गरिरहेको हुन्छ । राजनीतिक कक्षा जनतालाई सुसूचित र सङ्गठित गर्ने माध्यम हो । नेमकिपाले समाजवादी प्रचार अभियान रोकेको छैन । देशमा पुँजीवादी पार्टीका नेताहरूको बदनाम हुँदै छ । पुँजीवादी व्यवस्थाको मनपरीतन्त्रकै कारण जनता असन्तुष्ट छन् । यसले जनता सचेत बनाउँछ ।

# प्रजग कोरियाको आणविक कार्यक्रम सक्रिय

सियोल, ४ जून (एपी) । प्रजग कोरियाले आफ्नो आणविक हतियार कार्यक्रमलाई अझ तीव्र बनाउने सङ्केतस्वरूप आणविक बमका लागि आवश्यक इन्धन उत्पादन गर्ने नयाँ संयन्त्र सार्वजनिक गरेको छ । राज्य सञ्चालित सञ्चारमाध्यमले सार्वजनिक गरेका विवरणअनुसार नेता किम जोङ उनले देशको आणविक शक्तिलाई तीव्र गतिमा विस्तार गर्ने लक्ष्य दोहोऱ्याउनुभएको छ ।

प्रजग कोरियाको सरकारी समाचार संस्था केसीएनएका अनुसार नयाँ सुविधामा ‘अझ परिष्कृत प्रविधि’ प्रयोग गरिएको छ । तर, संयन्त्रको ठ्याक्कै स्थान, यसको उत्पादन क्षमता वा सञ्चालन सुरु भएको मिति खुलाइएको छैन । राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्विरहरूमा हतियार-स्तरको युरेनियम उत्पादनका लागि प्रयोग हुने सेन्ट्रिफ्युजहरूले भरिएको ठुलो हल देखिन्छ, जसले प्रजग कोरियाको आणविक कार्यक्रम निरन्तर विस्तार भइरहेको सङ्केत दिन्छ ।

नयाँ संयन्त्रको सार्वजनिकसँगै किमले पछिल्ला वर्षहरूदेखि अघि बढाउँदै आएको आणविक हतियार कार्यक्रम विस्तार गर्ने नीतिलाई थप स्पष्ट पार्नुभएको छ । उहाँले अमेरिका नेतृत्वको सुरक्षा चुनौती र सैन्य दबाबलाई प्रजग कोरियाले आफ्नो आणविक क्षमता बढाउनुको मुख्य कारणका रूपमा प्रस्तुत गर्दै आउनुभएको छ ।

केसीएनएका अनुसार किमले बुधबार उक्त आणविक केन्द्रको भ्रमण गरी सञ्चालन अवस्था र दीर्घकालीन उत्पादन योजनाबारे जानकारी लिनुभएको थियो । भ्रमणका क्रममा उहाँले देशको आणविक प्रतिरोध क्षमता गुणस्तर र परिमाण दुवै हिसाबले अझ सुदृढ बनाउनुपर्ने आवश्यकता अझ बढ्दै गएको बताउनुभएको थियो ।

समाचार संस्थाले किमको भनाइ उद्धृत गर्दै प्रजग कोरिया ‘सबैभन्दा हिंस्रक शत्रुहरू’ सँग सामना गरिरहेको उल्लेख गरेको छ । यसलाई व्यापक रूपमा अमेरिका र दक्षिण कोरियातर्फ लक्षित टिप्पणी मानिएको छ । उहाँले बदलिँदो सुरक्षा वातावरण, विभिन्न खतराहरू र अन्तर्राष्ट्रिय सङ्कटलाई पनि आणविक क्षमता विस्तारको औचित्यका रूपमा प्रस्तुत गर्नुभएको छ ।

केसीएनएले प्रजग कोरियाको हतियार-स्तरको आणविक सामग्री उत्पादन क्षमता पाँच वर्षअघिको तुलनामा दोब्बरभन्दा बढी पुगेको दाबी गरेको छ । यद्यपि उक्त दाबी स्वतन्त्र रूपमा पुष्टि हुन सकेको छैन । त्यसैगरी, किम र अन्य वरिष्ठ अधिकारीहरूले देशको आणविक क्षमता उल्लेखनीय रूपमा बढाउने दीर्घकालीन महत्त्वाकाङ्क्षी योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने निर्णय गरेको पनि केसीएनएले जनाएको छ ।

सार्वजनिक गरिएका तस्बिरहरूमा




किम चाँदी रङका ट्युब र पाइपहरूले भरिएका सेन्ट्रिफ्युज हलजस्ता संरचनाबिच निरीक्षण गरिरहेको देखिन्छ । अर्को तस्बिरमा उहाँ वरिष्ठ अधिकारीहरूसँग बैठकमा सहभागी देखिनुभएको छ । बैठक कक्षमा राखिएको एउटा अस्पष्ट चित्रमा बमको अग्रभागजस्तो देखिने वस्तु देखिएको थियो, तर त्यो आणविक हतियारको नमुना हो वा होइन भन्ने स्पष्ट हुन सकेको छैन ।

प्रजग कोरियाले सेप्टेम्बर २०२४ मा अर्को गोप्य युरेनियम संवर्धन केन्द्र सार्वजनिक गरेको दुई वर्षभन्दा कम अवधिमा यो नयाँ खुलासा गरेको हो । सन् २०१० मा अमेरिकी आणविक विज्ञहरूलाई योङब्योनस्थित प्रमुख आणविक परिसर अवलोकन गराएपछि यस्ता सुविधाहरू सार्वजनिक रूपमा देखाइएको यो क्रम निरन्तर जारी छ ।

किमले सन् २०२४ मा पनि यस्तै एउटा संवर्धन केन्द्रको भ्रमणका क्रममा देशको आणविक शस्त्रागारलाई ‘द्रुत गतिमा’ विस्तार गर्न सेन्ट्रिफ्युजहरूको सङ्ख्या बढाउन र अझ उन्नत प्रविधिको विकास गर्न निर्देशन दिनुभएको थियो । यसपटकको घोषणा पनि त्यही रणनीतिक दिशाको निरन्तरता मानिएको छ ।

आणविक हतियार निर्माणका लागि अत्यधिक संवर्धित युरेनियम वा प्लुटोनियम आवश्यक पर्छ । प्रजग कोरियासँग योङब्योन आणविक परिसरमा यी दुवै प्रकारका सामग्री उत्पादन गर्ने क्षमता रहेको मानिन्छ ।

विश्लेषकहरूका अनुसार सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र किमबिचको उच्चस्तरीय आणविक कूटनीति विफल भएपछि प्रजग कोरिया वार्ताभन्दा आफ्नो आणविक क्षमता विस्तार र आधुनिकीकरणमा बढी केन्द्रित भएको छ । त्यसयता अमेरिकाले वार्ता पुनः सुरु गर्ने प्रयास गरे पनि नेता किमले त्यस्ता प्रस्तावहरू अस्वीकार गर्दै आउनुभएको छ ।

यसैबिच, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) का महानिर्देशक राफेल ग्रोसीले अप्रिलमा पत्रकारहरूसँग कुरा गर्दै प्रजग कोरियाका आणविक केन्द्रहरूमा गतिविधि उल्लेखनीय रूपमा बढेको पुष्टि गर्नुभएको थियो । उहाँका अनुसार एजेन्सीले प्रजग कोरियाको आणविक कार्यक्रमसँग सम्बन्धित विभिन्न स्थलहरूमा ‘द्रुत वृद्धि’ देखिएको तथ्य अवलोकन गरेको छ, जसले प्योङयाङ आफ्नो आणविक कार्यक्रमलाई अझ व्यापक बनाउने दिशामा अघि बढिरहेको सङ्केत गर्दछ ।

# मोबाइल स्क्रिनमार्फत हुने अपराध बढ्दो



रामप्रसाद प्रजापति

**"अपराधमा महिला" दोस्रो राष्ट्रिय सम्मेलन**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित 'ख्वप कलेज अफ ल' को आयोजनामा 'अपराधमा महिला' विषयमा दोस्रो राष्ट्रिय सम्मेलन शनिबार भक्तपुरमा सम्पन्न भयो ।

सम्मेलनको उद्घाटन सत्रमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवालले "उत्पादनका मुख्य मुख्य साधन र सेवा समामाजिकीकरण हुने राजनीतिक व्यवस्था स्थापना भएपछि अपराधको सङ्ख्या घट्दै जाने, वर्गीय समाजमा राज्य संयन्त्रले कामदार वर्गविरुद्ध नीतिगत र कानुनी रूपमा दमन/अपराध गरिरहेको हुने बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग र कार्की आयोगको बयानमा सरोकारवालाहरूले भदौ २४ गते संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत आगजनी हुनुमा नेपाली सेनाको पनि कमजोरी भएको उल्लेख भएको पनि उहाँले स्मरण गराउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कानुनमा जस्तोसुकै व्यवस्था गरिए पनि यदि पीडितहरूले न्याय नपाए त्यस्तो कानुनको अर्थ नरहने प्रस्ट पार्दै प्रहरी प्रशासन र न्यायपालिकाको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो ।

फौजदारी कानुनका विज्ञ प्रा.डा.रजितभक्त प्रधानाङ्गले कानुनी विषयको अनुसन्धानको नाममा राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले गरिरहेको भूमिका चित्तबुझ्दो नभएको बताउनुभयो ।

बाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले "आधा आकाश ढाकिएका महिलाको संसार अँध्यारो रहेसम्म समाजमा परिवर्तन हुन नसक्ने अध्यक्ष माओको भनाइ स्मरण गर्दै न्यायिक समानता र समाज परिवर्तनको लागि हरेक क्षेत्रमा महिलाको अग्रसरता हुन जरुरी छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले कानुनी सचेतता एवं जनपक्षीय कानुन निर्माणको पक्षमा सम्मेलनको निचोडले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

राष्ट्रिय सम्मेलनका प्रमुख वक्ता वरिष्ठ प्रहरी उपरीक्षक रञ्जु सिग्देलले महिलाले अपराध गर्न सक्दैन, यदि गरेमा त्यो महिला नै हुन नसक्ने भन्ने हाम्रो समाजमा व्याप्त मानसिकतामा परिवर्तन हुँदै आएको र ५ वर्षको अवधिमा अपराधमा संलग्न महिलाहरूको सङ्ख्या ५ प्रतिशतबाट १० प्रतिशतमा उकालो लागेको बताउनुभयो ।

शोषण र उत्पीडन सहन नसकी बाध्य भई गरेको जघन्य अपराधलाई कसरी सम्बोधन गर्ने ? भन्ने प्रश्न रहेको उल्लेख गर्दै सिग्देलले स्क्रिनबाट हुने अपराधहरू बढ्दै गएको अहिलेको चिन्ताजनक विषय भएको बताउनुभयो ।

सिग्देलले न्याय सबुद प्रमाणमा आधारित हुनुपर्नेमा जोड दिँदै अहिले अपराध सडक र गल्लीहरूबाट मोबाईल र कम्प्युटरका स्क्रिनहरूमा सर्दै गरेको बताउनुभयो । त्यसैले कानुन कार्यान्वयनका लागि तालिम र प्रविधिको गुणस्तर वृद्धि गर्नु जरुरी रहेको बताउनुभयो ।

**'ख्वप कलेज अफ ल' का विद्यार्थीहरूको प्रस्तुती**

दोस्रो राष्ट्रिय सम्मेलनमा ख्वप कलेज अफ लमा अध्ययनरत विद्यार्थीहरूले "महिलाको अपराधमा संलग्नता तथा त्यसको कारणहरूको अध्ययन गर्ने मुख्य उद्देश्यले गरेको अध्ययनको सार प्रस्तुत गरिएको थियो ।

२०४० सालदेखि २०८२ सालसम्म सर्वोच्च अदालतले प्रकाशित गरेको नेपाल कानुन पत्रिकामा प्रकाशित मुद्दाहरूको विश्लेषणात्मक अध्ययन गरिएको थियो ।

उल्लिखित अवधिमा सर्वोच्च अदालतबाट प्रकाशित महत्त्वपूर्ण ८८४४ वटा मुद्दाहरूका नजिरमध्ये २०४२ वटा मुद्दाहरू फौजदारी मुद्दासँग सम्बन्धित रहेको, जसमध्ये ६५३ वटा मुद्दाहरूमा महिलाको संलग्नता रहेकोमा महिला पीडितको सङ्ख्या ५२० र अभियुक्तको सङ्ख्या २३५ रहेको उल्लेख छ ।

अपराधमा संलग्न महिलाहरूको उमेर समूहका आधारमा वयस्क महिलाहरूको संलग्नता बढिरहेको पाइएको अध्ययन प्रतिवेदन प्रस्तुतिका क्रममा बताइयो ।

महिला अभियुक्तसँग सम्बन्धित मुद्दाहरूको विश्लेषण गरी प्रत्येक मुद्दाको प्रमुख कारक तत्त्वहरू पहिचान गर्ने क्रममा मूलत: पाँच प्रकारका सूचकहरू अर्थात् कारक तत्त्वहरू रहेको पाइएको बताइयो जस्तो- १, आर्थिक, २, पारिवारिक सम्बन्ध, ३, सामाजिक बहिष्कार तथा अवैध सम्बन्ध र प्रतिष्ठा संरक्षण, ४, लागु औषध तथा मादक पदार्थ र ५, अन्य ।

जसअनुसार समाजमा व्याप्त गरिबी तथा आर्थिक दबाब, घरेलु हिंसा तथा दुर्व्यवहार, पारिवारिक तथा सामाजिक प्रभाव, लागुऔषध दुर्व्यसनी तथा मानसिक स्थिति र व्यक्तिगत इच्छाजस्ता कारणहरूले अपराधमा महिलाहरू संलग्न हुने गरेको पाइएको बताए ।

अध्ययनका क्रममा सर्वसाधारण, कारागार अधिकारी, प्रहरी अधिकारी, कानुन व्यवसायी, सरकारी वकिल, महिला कैदी बन्दी, विवादमा परेका बालबालिका, सामाजसेवी, कानुन आयोग, महिला आयोगलगायतसँगको अन्तर्वार्तामा गरिबी, आर्थिक दबाब, अशिक्षा, बेरोजगारी जस्ता कारणहरू मुख्य रहेको पाएको, त्यस्तै पारिवारिक समस्या, घरेलु हिंसा, वैदेशिक रोजगारीको चक्करमा ठगिएका कारण पनि महिलाहरू अपराधमा संलग्न हुने गरेको पाइएको अध्ययन टोलीको प्रस्तुतिका क्रममा बताइयो ।

निष्कर्षमा अध्ययन टोलीले महिलाको अपराधमा संलग्नताको मुख्य कारक तत्त्वहरूमा सामाजिक प्रभाव र मानसिक तत्त्व, बेरोजगारी, घरेलु हिंसा, शिक्षा र कानुनी चेतनाको अभाव र गरिबी र आर्थिक समस्या नै रहेको पाइयो ।

**महत्त्वपूर्ण ३८ कार्यपत्रहरूको प्रस्तुती**

४ वटा विभिन्न विश्वविद्यालयहरूका ६ वटा कानुन अध्यापन गराउने कलेजहरूबाट प्राप्त ९० भन्दा बढी कार्यपत्रहरूबाट छनौटमा परेका कुल ३८ वटा अपराधमा महिलाको संलग्नतासँग सम्बन्धित विभिन्न विषयका कार्यपत्रहरू सम्मेलनमा प्रस्तुत गरिएको थियो ।

४ वटा हलमा अलग अलग गरी प्रस्तुती गरिएको राष्ट्रिय सम्मेलनमा प्राप्त सुझाव, ८ वटा सेसनको अध्यक्षता गर्ने ८ जना सहजकर्ताहरूको सुझाव र पृष्ठपोषणहरूले सम्मेलनमा छलफल गरिएका महत्त्वपूर्ण कार्यपत्रहरूको निचोड विद्यमान कानुन, अनुसन्धान विधि, न्याय र फैसला गर्ने क्रममा विचार गर्नुपर्ने कुराहरूमा उल्लेख्य सुधार गर्न सहयोग हुने विश्वास गर्न सकिन्छ ।

सम्मेलनमा प्रस्तुतीका लागि छनौट गरिएका ३८ कार्यपत्रहरू ८ वटा सेसनमा विभाजन गरी प्रस्तुती तथा छलफल गरिएको थियो । जसमध्ये पहिलो 'दोषीको रुपमा महिला' विषयक सेसनको अधिवक्ता नेहा गुरुङले, दोस्रो "महिला र कारागार प्रणाली" विषयक सेसनको डा. रेवती राज त्रिपाठीले, तेस्रो 'अपराधमा महिला : पीडित महिला' विषयक सेसनको अधिवक्ता प्रकृति बुढा मगरले, चौथो "महिला अपराधीकरणको कारक तत्त्वहरू" विषयक सेसनको अधिवक्ता राजाराम दुवालले, पाँचौं 'लैङ्गिक एवं अनुसन्धान' विषयक सेसनको प्रा.डा. रजितभक्त प्रधानाङ्गले, छैठौं 'महिला, कानुनी द्वन्द्वमा परेका बालिका : मानसिक पक्ष' विषयक सेसन पूर्वन्यायाधीश धर्मराज पौडेलले, सातौं 'महिला र डिजिटल एरा' विषय सेसन अधिवक्ता लक्ष्मी बखाद्योले र आठौं 'पीडितका रूपमा महिला' विषयक सेसनको डा.कुन्सान लामाले सहजकर्ताको भूमिका निर्वाह गर्नुका साथै महत्त्वपूर्ण पक्षपोषण गर्नुभएको थियो ।

साथै विधायिकाले आगामी दिनमा बनाउनुपर्ने नयाँ नयाँ कानुन र विद्यमान कानुनमा आवश्यक सुधारका लागि ती कार्यपत्रहरूबाट प्राप्त सुझाव एवं सिफारिसहरू निकै महत्त्वपूर्ण हुने देखिन्छ ।

यसरी फौजदारी कानुन र न्यायको क्षेत्रमा 'अपराधमा महिला' विषयक दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गरेर स्थापना भएको चार वर्षमा ख्वप कलेज अफ लले पाएको सफलतालाई बधाई एवं आगामी उज्यालो भविष्यको लक्षणका रूपमा हेर्न सकिन्छ ।

ती ३८ वटा कार्यपत्रका सारांशलाई समेटेर दोस्रो राष्ट्रिय सम्मेलन आयोजक समितिले पुस्तिका पनि प्रकाशित गरेको छ ।

यसअर्थमा स्थापना कालको चौथो वर्षमा ख्वप कलेज अफ लले आयोजना गरेको दोस्रो राष्ट्रिय सम्मेलन सफल रहेको र कानुन क्षेत्रमा संलग्न हामी सबैको लागि उत्साहित गरेको मान्न सकिन्छ ।

२०८३ जेठ २४

# चिनियाँ राष्ट्रपति सीको प्रजग कोरिया भ्रमण तय

पेइचिङ, ५ जून (एपी) । चिनियाँ राष्ट्रपति सी चीनफिङले आगामी हप्ता प्रजग कोरियाको राजकीय भ्रमण गर्नुहुने भएको छ । सन् २०१९ यता पहिलोपटक हुन लागेको यो भ्रमणलाई चीनले प्योङयाङसँगको आफ्नो प्रभाव र रणनीतिक सम्बन्ध पुन: मजबुत बनाउने प्रयासका रूपमा हेरिएको छ ।



चीन र प्रजग कोरियाले शुक्रबार सार्वजनिक गरेको जानकारीअनुसार सीले सोमबारदेखि मङ्गलबारसम्म प्रजग कोरियाको भ्रमण गर्नुहुनेछ । उहाँको पछिल्लो भ्रमण जुन २०१९ मा भएको थियो ।

यो भ्रमण प्रजग कोरियाली नेता किम जोङ उनले पछिल्ला वर्षहरूमा रुससँग निकटता बढाइरहेका बेला हुन लागेको हो । विशेषगरी युक्रेन युद्धमा समर्थनस्वरूप प्रजग कोरियामाथि रुसलाई सैनिक र परम्परागत हतियार उपलब्ध गराएको आरोप लाग्दै आएको छ । यद्यपि, चीन अझै पनि प्रजग कोरियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार र प्रमुख सहायता प्रदायक बनेको छ ।

अन्तर्राष्ट्रिय सङ्कट समूहका विश्लेषक विलियम याङका अनुसार रुससँग प्रजग कोरियाको सम्बन्ध विस्तार भइरहेका बेला चीनले सीको भ्रमणमार्फत प्योङयाङमा आफ्नो प्रभाव पुन: स्थापित गर्न र उत्तर-पूर्वी एसियामा आफ्ना रणनीतिक हित सुरक्षित गर्न खोजिरहेको छ ।

सीको भ्रमण पेइचिङमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भएका उच्चस्तरीय भेटघाटपछि हुन लागेको हो । यसलाई चीनले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा आफ्नो भूमिका बलियो बनाउने प्रयासका रूपमा पनि हेरिएको छ ।

विश्लेषकहरूका अनुसार नेता किम जोङ उन प्रजग कोरियालाई अन्तर्राष्ट्रिय रूपमा आणविक राष्ट्रका रूपमा स्वीकार गराउँदै प्रतिबन्ध हटाउन वा खुकुलो बनाउन चाहनुहुन्छ । साथै भविष्यमा अमेरिकासँग हुने सम्भावित वार्तामा आणविक कार्यक्रमको आंशिक कटौतीको बदलामा राजनीतिक तथा आर्थिक रियायत प्राप्त गर्ने रणनीति पनि उहाँको हुन सक्ने आकलन गरिएको छ ।

सन् २०१९ मा ट्रम्पसँगको कूटनीतिक प्रयास असफल भएपछि किमले आणविक कार्यक्रम विस्तारलाई प्राथमिकता दिँदै आउनुभएको छ । ट्रम्पले भने पुन: वार्ताको इच्छा व्यक्त गरिरहनुभएको छ । तर, प्रजग कोरियाले अमेरिकाले आणविक नि:शस्त्रीकरणलाई पूर्वसर्त बनाउन छाडेपछि मात्र सार्थक संवाद सम्भव हुने अडान राखेको छ ।

गत सेप्टेम्बरमा पेइचिङमा भेटवार्ता गर्दा सी र किमले आपसी सहयोग तथा समर्थन बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । त्यतिबेला किम चिनियाँ सैन्य परेडमा सहभागी हुन पेइचिङ पुग्नुभएको थियो ।

रुस र चीनले विगतमा प्रजग कोरियामाथि थप कडा अन्तर्राष्ट्रिय प्रतिबन्ध लगाउने अमेरिकी प्रयासहरूको विरोध गर्दै आएका छन् । गत महिना पेइचिङमा भएको भेटमा पुटिन र सीले प्रजग कोरियामाथि आर्थिक प्रतिबन्ध, राजनीतिक अलगाव र सैन्य दबाब बढाउने गतिविधिको विरोधसमेत गर्नुभएको थियो ।

पछिल्ला वर्षहरूमा किमले बहुध्रुवीय विश्व व्यवस्थाको पक्षमा उभिँदै अमेरिका र उसका साझेदार राष्ट्रहरूसँग तनावमा रहेका देशहरूसँग सम्बन्ध विस्तार गर्ने नीति अघि बढाउनुभएको छ ।

कोभिड-१९ महामारीपछि विदेश भ्रमण घटाउनुभएका सीका लागि पनि यो भ्रमण महत्त्वपूर्ण मानिएको छ । विश्लेषकहरूका अनुसार प्रजग कोरियाको यो भ्रमणले चीन-प्रजग कोरिया सम्बन्ध मात्र नभई उत्तर-पूर्वी एसियाको सुरक्षा र शक्ति समीकरणमा पनि नयाँ सन्देश दिनेछ ।

# स्थानीय तहमा पर्याप्त बजेट आवश्यक

हरेक देशको लक्ष्य देशको विकास र जनतालाई सुखी बनाउनु या काममामको सुनिश्चित गर्नु नै हो । लक्ष्य पूरा गर्न सरकारले के कस्ता पूर्वाधार तयार गर्दै नीति तथा कार्यक्रम अघि बढाइरहेको छ: त्यो महत्त्वपूर्ण पक्ष हो । सत्तासीन दलका नेताहरू मिठा आश्वासन बाँड्ने तर राम्रा या आकर्षक नारा तयार गरेर कार्यान्वयनतिर लाग्दैनन् । देश र जनताको नाउँ लिएर शासकहरूले धेरै आश्वासन बाँडे, विभिन्न योजनाको पोको बाँडे । विडम्बना ! त्यो आश्वासनको पोको जनतासमक्ष पुग्दैन या लागू हुँदैन । पानीजहाज चलाउने, घरघरमा ग्यास पुऱ्याउने सपना बाँडेको वर्षौं भयो । भ्रष्टाचार नियन्त्रण गर्ने, भ्रष्टाचारीमाथि कारबाही गर्ने, स्वदेशमै रोजगारीको बन्दोबस्त गरेर विदेश पलायन घटाउने कुरा फुकेको वर्षौं भयो । केही वर्षअघि नै नेपाललाई साक्षर बनाउने सरकारको उद्देश्य थियो । तर, अहिलेसम्म देश साक्षर बनेको छैन । जबकि नेपालजस्तो अर्को सानो देश प्रजातान्त्रिक जनगणतन्त्र कोरिया बुद्धिजीवीकरणको अभियानमा छ । मुख्य कुरा जनतालाई झुक्याउने होइन, काम गरेर देखाउने हो । काम गर्ने लक्ष्य राखेपछि, योजना बुनेपछि सफल पार्न सरकार लाग्नुपर्छ ।

देशको सन्तुलित विकास गर्ने एउटा आधार केन्द्रीय सरकारले हरेक स्थानीय तहमा पर्याप्त बजेट पठाउनु हो । देशको कुल बजेटको ५० प्रतिशत स्थानीय तहमा बजेट पठाइएको भए देशभरिका गाउँ, वडा र नगरहरूको विकास हुन्थ्यो । गाउँ र नगरका वडा वडाका मानिसले काम पाउँथे । हरेक वडा-वडामा खानेपानी, बिजुली र बाटो पुग्थे । पुल पुलेसा बन्थ्यो । सिँचाइको निम्ति बाँध बन्थ्यो, कुलो बन्थ्यो । स-साना घरेलु उद्योग चल्थ्यो । बजारको व्यवस्था हुन्थ्यो । स्वास्थ्य केन्द्र बन्थ्यो । आ-आफ्नो स्थानको प्राकृतिक स्रोत र साधन उपयोग हुन्थ्यो र नगर र गाउँको वडा वडाको विकास हुन्थ्यो । गरिबी र भोकमरीको अन्त्य गर्ने सरकारको उद्देश्य पूरा हुन्थ्यो । गरिबी घट्थ्यो, धनी र गरिबको असमानता घट्थ्यो । आफ्नै नगर र गाउँको वडा-वडामा काम भए, आफ्नै देशमा आवश्यकताअनुसार विश्वविद्यालय खोले, खोल्न अनुमति दिए; योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोबस्त भए विद्यार्थीहरू विदेशमा पढ्न जाँदैनथे, युवाहरू अरू देशको दासीजस्तै बनेर धाउँदैनथे । अनिमात्र सिंहदरबार गाउँ-गाउँमा पुगेको जनतामा अनुभूति हुन्छ । तर, जनप्रतिनिधिहरू इमानदार, नि:स्वार्थी, हुनुपर्छ । विकासको रकममा कुनै चुहावट हुनुहुँदैन ।

नेमकिपाले सदन र सडकमा स्थानीय तहमै पर्याप्त बजेट पठाउनुपर्ने माग उहिल्यै गरेको थियो । समृद्ध नेपाल सुखी नेपालीको नारा भट्याउने सरकारको नेमकिपाको कुरामा ध्यान गएन । विकास आश्वासन बाँडेर हुने होइन काम गरेर हुने हो; त्यसको लागि पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने हुन्छ । बहादुरहरूको देश भनिने क्युवाको स्वास्थ्य सेवा संसारकै निम्ति अनुकरणीय छ । सरसफाइको देश भनिएको प्रजग कोरियामा नर्सरीदेखि उच्च शिक्षासम्म राम्रो व्यवस्था छ । सबै देशहरूको विकास गर्ने अवधारणा ल्याउने चीनले संसारकै निम्ति बाटो देखाउने काम गरिरहेको छ । तर, नेपाल अनियमितता, भ्रष्टाचार र कालाबजारीमा डुबेको छ । शासकहरूले दलगत र व्यक्तिगत स्वार्थलाई केन्द्रमा राखी देश र जनतालाई पाखामा पुऱ्याउने काम गरे । अपराधीलाई सुम्सुम्याउने, भ्रष्टाचारी, कालाबजारी र जालीफटाहाहरूसँगै पार्टी र चुनावको निम्ति पैसा असुल्ने, अवैध सम्पत्ति वैध बनाउने, अपराधीहरू नै पार्टीमा भित्र्याउने काम गरेर देशमा कसरी सुशासन हुन्छ ?

देशलाई कुन दिशामा कहाँ पुऱ्याउने भन्ने लक्ष्य सत्तासीन दलहरूसँग हुनुपर्छ । राजनीतिक दलका नेताहरूमा यो दृष्टिकोण भएन भने लक्ष्य पूरा हुनेछैन । शिक्षाको किरण गाउँ-गाउँ र बस्ती बस्तीमा पुऱ्याइनुपर्छ । सर्वसाधारण जनताले पनि उच्च शिक्षा हासिल गर्नसक्ने मौका पाउनुपर्छ । स्वास्थ्य सेवा, बाटो, बिजुली, खानेपानी, आधारभूत आवश्यक वस्तु, बजार गाउँ-ठाउँसम्म पुग्नुपर्छ । जनतामा नागरिक भावना हुनुपर्छ । जनतामा सांस्कृतिक स्तर हुनुपर्छ । विकासमा जनसहभागिता चाहिन्छ । अन्धविश्वास, कुरीति, विकृति र विसङ्गति हटाउने अभियानमा लाग्नुपर्छ । जनतालाई उत्प्रेरित गर्नुपर्छ । जनतामा देशभक्तिको भावना हुनुपर्छ । जनताको सेवा गर्ने भावना हुनुपर्छ । थिचोमिचोको विरोध हुनुपर्छ । विदेशी हस्तक्षेपको विरोध हुनुपर्छ । देश बनाउन र जोगाउन जनता सधैँ तयार भइरहनुपर्छ ।

# क्रान्तिकारी कमाण्डर चे ग्वेभारा

✍ जुलियन फ्लोरेकिन

**प्रारम्भिक जीवन र शिक्षा, जन्म र पारिवारिक पृष्ठभूमि**

चे ग्वेभारा जून १४, १९२८ मा अर्जेन्टिनाको रोजारियोमा आयरिश र स्पेनी मूलको मिश्रित परिवारमा जन्मिएका थिए। उनको पूरा नाम अर्नेस्टो ग्वेभारा डे ला सेर्नाले उनको कुलीन विरासतलाई प्रतिबिम्बित गर्दछ। यद्यपि, उनको परिवार मध्यमवर्गको थियो। सानै उमेरदेखि ग्वेभारा वामपन्थी विचारधारा र साहित्यबाट प्रभावित थिए। जसको प्रभाव उनको परिवारको राजनीतिक झुकावबाट आएको थियो। राजनीतिक र सामाजिक मुद्दाहरूको यो प्रारम्भिक एक्सपोजरले उनको विश्व दृष्टिकोणलाई आकार दियो; उनको भावी क्रान्तिकारी गतिविधिहरूको लागि मार्गप्रशस्त गर्‍यो।

**शिक्षा र प्रारम्भिक प्रभावहरू**

ग्वेभाराले साहित्य र दर्शनमा प्रारम्भिक रुचि देखाउँदै एकेडेमिकरूपमा उत्कृष्ट प्रदर्शन गरे। उनी ब्युनर्स आयर्स विश्वविद्यालयमा भर्ना भए, जहाँ उनले चिकित्साशास्त्र अध्ययन गरे। विशेषगरी महाद्वीपमार्फत उनको प्रसिद्ध मोटरसाइकल यात्रामा उनले ग्रामीण जनसङ्ख्यालाई असर गर्ने व्यापक गरिबी, रोग र उत्पीडन देखे। यी अनुभवले उहाँलाई गहिरो प्रभाव पारे। मार्क्सवादतर्फ उनको वैचारिक परिवर्तन र सामाजिक अन्यायहरूको सामना गर्ने उनको दृढ सङ्कल्पमा योगदान पुर्‍यायो। ग्वेभाराको शिक्षा र यात्राले वैचारिक आधार निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो जसले पछि उनको क्रान्तिकारी कार्यलाई अगाडि बढाएको थियो।

**मोटरसाइकल डायरी, यात्रा विवरण**

'द मोटरसाइकल डायरी' ले सन् १९५२ मा एक युवा चे ग्वेभारा र उनका साथी अल्बर्टो ग्रानाडोले दक्षिण अमेरिकामा गरेको महाकाव्य यात्राको वर्णन गरेको छ। आफ्नो देश अर्जेन्टिनाबाट सुरु गरेर, तिनीहरूले चिली, पेरु, कोलम्बिया र भेनेजुयलाको नाटकीय परिदृश्यहरू पार गरे। यात्रा सुरुमा तिनीहरूको पुरानो मोटरसाइकलमा महाद्वीपको साहसिक अन्वेषणको रूपमा उद्देश्य थियो, उपनाम 'ला पोडेरोसा' ('द माइटी वन')। तर, यात्राको सुरुमै मोटरसाइकल बिग्रिएपछि उनीहरूको धेरैजसो यात्रा हिच्हाइकिङ र पैदल यात्राबाट भएको थियो।

**राजनीतिक दृष्टिकोणमा प्रभाव**

ग्वेभाराको राजनीतिक विचार र भावी क्रान्तिकारी गतिविधिलाई आकार दिन यो रचनात्मक यात्रा महत्त्वपूर्ण थियो। जब उनले विभिन्न आदिवासी समुदायहरूसँग सामना गरे र उनीहरूको सङ्घर्ष र ल्याटिन अमेरिकी समाजमा व्याप्त असमानताहरू देखे, ग्वेभाराको अवलोकन र अनुभवहरूले कट्टरपन्थी सामाजिक परिवर्तनको आवश्यकतामा उनको उभिरहेको विश्वासलाई बलियो बनायो।

आफ्नो यात्राभरि, उनले एउटा डायरी राखे जहाँ उनले गरिबी, पुँजीवाद र साम्राज्यवादमा आफ्ना प्रतिबिम्बहरू रेकर्ड गरे, जुन पछि उनको वैचारिक विकासको एक आकर्षक कथा बन्यो। 'द मोटरसाइकल डायरी' ले क्रान्तिकारी व्यक्तित्व बन्नुअघि ग्वेभाराको युवा दिमागलाई अन्तर्दृष्टि मात्र प्रदान गर्दैन तर ल्याटिन अमेरिकाका सीमान्तकृत जनसङ्ख्याले सामना गरेको सामाजिक अन्यायको प्रत्यक्ष साक्षीको गहिरो र परिवर्तनकारी प्रभावलाई पनि प्रस्ट गर्दछ।

**क्युवाली क्रान्तिमा संलग्नता, फिडेल क्यास्ट्रोसँग भेटघाट**

क्युवाली क्रान्तिको प्रमुख व्यक्तित्व बन्ने चे ग्वेभाराको बाटो मेक्सिको सिटीबाट सुरु भयो, जहाँ उनले १९५५ मा फिडेल क्यास्ट्रो र उनका भाइ राउललाई भेटे। क्यास्ट्रोले क्युवाली तानाशाह फुलजेन्सियो बाटिस्टालाई परास्त गर्ने उद्देश्यले आफ्नो क्रान्तिकारी समूहको लागि सक्रियरूपमा भर्ती गरिरहेका थिए। ग्वेभारा, उत्पीडितहरूको दुर्दशाबाट गहिरोरूपमा उत्तेजित र उनको मार्क्सवादी दर्शनद्वारा उत्प्रेरित विश्वासहरू, क्यास्ट्रोको करिश्मा र क्युवाको लागि उनको योजनामा तुरुन्तै आकर्षित भए। क्यास्ट्रो र ग्वेभाराबिचको वैचारिक पङ्क्तिबद्धता र साझा लक्ष्यहरूले तिनीहरूको साझेदारीलाई सुदृढ बनायो, जसले ग्वेभारालाई क्रान्तिकारी सेनामा प्रमुख लेफ्टिनेन्टको रूपमा भूमिका निर्वाह गरायो।

**क्रान्तिमा भूमिका**

क्युवाली क्रान्तिमा ग्वेभाराको संलग्नतालाई उनको विद्रोही सेनामा डाक्टरबाट कमान्डरसम्मको पदारोहणबाट चिन्हित गरिन्छ। उनले क्युवाली क्रान्तिकारी रणनीतिको विशेषता रहेको छापामार युद्धमा महत्त्वपूर्ण भूमिका खेलेका थिए। ग्वेभाराको प्रभाव सैन्य योगदानभन्दा पर फैलियो। उनले क्रान्तिकारी बनाउन पनि मद्दत गरे। क्युवाली जनता र अन्तर्राष्ट्रिय समर्थकहरूका साथ जुलुस गरे।

क्युवाली क्रान्तिमा चे ग्वेभाराको भूमिकाले अन्यायको पर्यवेक्षकबाट क्रान्तिकारी परिवर्तनमा सक्रिय सहभागीमा उनको सङ्क्रमणको उदाहरण दियो, जसले विश्वका अन्य भागहरूमा यस्तै विद्रोहहरू प्रज्ज्वलित गर्ने उनको पछिल्ला प्रयासहरूको लागि चरण निर्धारण गर्‍यो। क्युवाली कारणप्रतिको उनको प्रतिबद्धता र यसको सफलतामा उनको योगदानले ल्याटिन अमेरिकाको इतिहासमा एक महत्त्वपूर्ण व्यक्तित्वको रूपमा प्रतिष्ठा वृद्धि गर्‍यो।

**क्युवाली सरकारमा योगदान र भूमिका, आर्थिक नीतिहरू**

क्युवाली क्रान्तिको सफलतापछि, चे ग्वेभाराले नयाँ सरकारमा महत्त्वपूर्ण जिम्मेवारीहरू लिए, विशेषगरी राष्ट्रिय बैङ्कको अध्यक्षको रूपमा र पछि उद्योग मन्त्रीको रूपमा। यी भूमिकाहरूमा, ग्वेभाराले क्युवाको आर्थिक नीतिलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेलेका थिए। उनी क्युवाको द्रुत औद्योगीकरणका लागि कट्टर अधिवक्ता थिए र किसानहरूलाई भूमि पुनः वितरण गर्ने उद्देश्यले व्यापक कृषि सुधारहरू लागु गरे। उनको आर्थिक दृष्टिकोण मार्क्सवादी सिद्धान्तबाट गहिरो रूपमा प्रभावित थियो, उत्पादनका मुख्य साधनहरूमा राज्यको नियन्त्रण र अर्थव्यवस्थामा पुँजीवादी प्रभावहरूको उन्मूलनमा केन्द्रित थियो। क्युवालाई समाजवादी राज्यमा रूपान्तरण गर्न ग्वेभाराका नीतिहरू निर्णायक थिए। यद्यपि, ती नीतिहरूले पछि आर्थिक कठिनाइहरू सिर्जना गरेको भन्दै आलोचना पनि निम्त्याए।

**स्वास्थ्य र शिक्षा पहलहरू**

आर्थिक सुधारभन्दा बाहिर, चे ग्वेभाराले क्रान्तिकारी सरकारको एजेन्डाको आधारभूत घटकको रूपमा स्वास्थ्य सेवा र शिक्षाको महत्त्वलाई जोड दिए। उनको विश्वास थियो कि क्रान्तिको सफलता केबल परिवर्तनले मात्र मापन गरिने छैन। शक्ति संरचनाहरू, तर क्युवाका गरिब नागरिकहरूको जीवनमा ठोस सुधारद्वारा मापन गरिनेछ। उनको प्रभावमा, क्युवाली सरकारले निरक्षरता उन्मूलन गर्न अभियानहरू सुरु गर्‍यो, स्वास्थ्य सेवाको लागि बजेटमा उल्लेखनीय वृद्धि गर्‍यो र डाक्टरहरूलाई ग्रामीण क्षेत्रहरूमा पठायो जहाँ पहिले चिकित्सा सेवाहरू दुर्लभ थिए। यी पहलहरूले टापुभरि साक्षरता दर र स्वास्थ्य सेवा कभरेजमा उल्लेखनीय सुधार ल्यायो, जसले क्रान्तिको प्रमुख प्रतिज्ञाहरूमध्ये एक पूरा गर्‍यो : सामाजिक समानता।

चे ग्वेभाराको दोहोरो ध्यान आर्थिक नीति र सामाजिक कल्याण कार्यक्रममा समाजवादी सिद्धान्तमा आधारित समाज निर्माण गर्ने उनको व्यापक प्रतिबद्धतालाई चित्रण गर्दछ जहाँ प्रत्येक नागरिकको कल्याणलाई प्राथमिकता दिइन्छ। क्युवाली सरकारभित्रको उनको कामले क्रान्तिकारी नेताको रूपमा उनको विरासतलाई मात्र होइन, समाजवादी राज्यमा क्युवाको



रूपान्तरणको महत्त्वपूर्ण वास्तुकारको रूपमा पनि परिचित गरायो।

**गुरिल्ला युद्ध रणनीति र विचारधारा, छापामार युद्ध रणनीतिको विकास**

क्युवाली क्रान्तिमा उनको अनुभवलाई चित्रण गर्दा छापामार युद्धमा चे ग्वेभाराको दृष्टिकोण अभिनव र प्रभावशाली दुवै थियो। उनले आफ्नो कार्यनीति र रणनीतिक विचारहरू आफ्नो मुख्य कार्य, 'गुरिल्ला युद्ध' मा व्यक्त गरे, जहाँ उनले छापामार कारबाहीका सिद्धान्तहरूलाई सरकारहरूलाई परास्त गर्ने विधिको रूपमा वर्णन गरे। ग्वेभाराले गतिशीलता, आश्चर्य र स्थानीय जनतासँग बलियो सम्बन्ध कायम राख्न छापामारहरूको आवश्यकतालाई जोड दिए। उनको कार्यनीतिमा हमला एम्बुस र गुरिल्लाहरूको फाइदाको लागि भू-भागको प्रयोग समावेश थियो। यी रणनीतिहरू सामान्यतया ठुला र राम्रो-सुसज्जित सरकारी सेनाहरूको सामना गर्न डिजाइन गरिएको थियो। छापामार युद्ध भौतिक लडाइँ मात्र नभई सामाजिक र राजनीतिक सङ्घर्ष पनि हो भन्ने ग्वेभाराले विश्वास गर्थे, जसले गर्दा छापामारहरूले आफ्नो सञ्चालनलाई निरन्तरता दिन स्थानीय जनताको समर्थन जित्न आवश्यक बनाउँ छ।

**विश्वव्यापी क्रान्तिकारी आन्दोलनहरूमा प्रभाव**

चे ग्वेभाराका लेख र क्युवाली क्रान्तिको सफलताले विश्वभरका क्रान्तिकारी आन्दोलनहरूमा गहिरो प्रभाव पारेको थियो। उनका सिद्धान्त र अभ्यासहरूले ल्याटिन अमेरिका, अफ्रिका र एसियाका असङ्ख्य विद्रोही समूहहरूलाई प्रभाव पारे, जसले औपनिवेशिकता र तानाशाही शासनहरूविरुद्धको आफ्नै सङ्घर्षमा आफ्नो छापामार रणनीति अपनाए। ग्वेभाराको अन्तर्राष्ट्रियताप्रतिको वैचारिक प्रतिबद्धता - साम्राज्यवादविरुद्धको सङ्घर्षले उत्पीडितहरूका बिचमा विश्वव्यापी ऐक्यबद्धता आवश्यक हुन्छ भन्ने उनको विश्वासले विश्व क्रान्तिकारी सर्कलमा उनको हैसियतलाई अझ उच्च बनायो। उनको कामले छापामार युद्ध सञ्चालन गर्न व्यावहारिक मार्गनिर्देशन मात्र प्रदान गरेको छैन तर अनगिन्ती व्यक्ति र समूहहरूलाई उनीहरूको राजनीतिक र सामाजिक उद्देश्यहरू प्राप्त गर्न हतियार उठाउन प्रेरित गरेको छ।

छापामार युद्धको सिद्धान्त र अभ्यासमा चे ग्वेभाराको योगदानले उनलाई प्रतिरोध र क्रान्तिको चिरस्थायी प्रतीक बनाएको छ, जसलाई कतिपयले प्रशंसनीय बनाएका छन् र अरूले यही कारणले आलोचना गरेका छन्। उनको रणनीतिक आविष्कार र शक्ति संरचनामा क्रान्तिकारी वैचारिक प्रतिबद्धताले क्रान्तिकारी युद्धको इतिहासमा अमिट छाप छोडेको छ।

**अन्तर्राष्ट्रिय प्रयास र गतिविधिहरू, कङ्गोमा प्रयासहरू**

क्युवाली क्रान्तिपछि चे ग्वेभाराले ल्याटिन अमेरिकाभन्दा बाहिर समाजवादी क्रान्ति फैलाउने प्रयास गरे। १९६५ मा कङ्गोको गुप्त यात्रा गरे। स्थानीय विद्रोहीहरूलाई पश्चिमा समर्थक सरकारलाई परास्त गर्न मद्दत गर्ने लक्ष्य राख्दै उनले कङ्गोमा ग्वेभाराको समय, उनका अन्य शोषणहरूभन्दा कम प्रचारित भए पनि, साम्राज्यवादविरुद्धको विश्वव्यापी सङ्घर्षमा उनको विचारलाई आकार दिन महत्त्वपूर्ण थियो। उनले क्युवामा सफल साबित भएको छापामार युद्ध रणनीतिलाई दोहोर्‍याउने प्रयास गर्दै सैन्य प्रशिक्षण र रणनीतिक सल्लाह दिए। यद्यपि, कङ्गोमा उनका प्रयासहरू भाषा अवरोधहरू, सांस्कृतिक भिन्नताहरू र स्थानीय लडाकुहरूबिच अनुशासन र वैचारिक प्रतिबद्धताको कमीलगायतका चुनौतीहरूले भरिएका थिए। यी बाधाहरूले कङ्गो मिसन विफलताउन्मुख भयो। विफलता मिसनको बारेमा र ग्वेभाराले कङ्गोलाई निराश भई कङ्गो छोडे तर अझै पनि आफ्नो क्रान्तिकारी गतिविधिहरू जारी राख्न दृढ सङ्कल्पित थिए।

**बोलिभियामा संलग्नता**

कङ्गोका असफलताहरूबाट अविचलित, ग्वेभाराले त्यसपछि बोलिभियामा ध्यान केन्द्रित गरे, जहाँ उनले विश्वास गरे कि सफल क्रान्तिले दक्षिण अमेरिकाभर डोमिनो प्रभाव पार्न सक्छ। सन् १९६६ मा उनले बोलिभियाको जङ्गलमा गोप्यरूपमा एउटा सानो छापामार समूहलाई भेला गरे। उनको उद्देश्य किसान विद्रोहलाई प्रज्वलित गर्ने थियो जसले कठपुतली बोलिभियाली सरकारलाई पराजित गर्नेछ। बोलिभियामा ग्वेभाराको समय सायद उनले राखेको डायरीको लागि सबैभन्दा उल्लेखनीय छ, जुन पछि 'द बोलिभियन डायरी' को रूपमा प्रकाशित भयो। यस कार्यले उहाँको अन्तरदृष्टि प्रदान गर्दछ, रणनीतिक सोच र छापामार युद्धको कठोर वास्तविकताहरू छर्लङ्ग पार्छ। उनको प्रयास र दृढ सङ्कल्पको बाबजुद, कारकहरूको संयोजनका कारण अभियान असफल भयो : सीमित स्थानीय समर्थन, चुनौतीपूर्ण भू-भाग र बोलिभियाली सेनाको प्रभावकारी प्रतिविद्रोह रणनीति, सीआईएद्वारा सहयोग गरिएको थियो।

चे ग्वेभाराका अन्तर्राष्ट्रिय गतिविधिहरूले विश्वव्यापी क्रान्तिकारी समाजवादप्रतिको उनको प्रतिबद्धता र विश्वव्यापी क्रान्तिकारी आन्दोलनहरूमा व्यक्तिगतरूपमा सहभागी हुने उनको इच्छालाई प्रकाश पार्छ। कङ्गो र बोलिभिया दुबैमा अन्तिम सैन्य असफलताको बाबजुद यी प्रयासहरूले विश्वव्यापी क्रान्तिकारी आन्दोलनहरूमा उनको स्थायी प्रभाव र साम्राज्यवादविरुद्ध विश्वव्यापी क्रान्तिको आवश्यकतामा उनको विश्वासलाई जोड दियो।

**आधुनिक आन्दोलनहरूमा विरासत र प्रभाव, विद्रोहको प्रतीक**

चे ग्वेभारा विद्रोह र क्रान्तिकारी जोशको स्थायी प्रतीक बनेका छन्। उनको प्रतिष्ठित छवि, विशेषगरी अल्बर्टो कोर्दाद्वारा प्रसिद्ध फोटो, विश्वव्यापीरूपमा मान्यता प्राप्त छ र प्रायः लोकप्रिय संस्कृतिमा उत्पीडन र अन्यायको विरोधलाई सङ्केत गर्न प्रयोग गरिन्छ। यो छवि अनगिन्ती पोस्टरहरू, टी-सर्टहरू र भित्ति चित्रहरूमा छापिएको छ, जसले ग्वेभारालाई ऐतिहासिक व्यक्तित्वबाट प्रतिसंस्कृति र अवज्ञाको विश्वव्यापी प्रतीकमा रूपान्तरण गरेको छ। उहाँको विरासत विभिन्न राजनीतिक समूह र राजनीतिक स्पेक्ट्रममा आन्दोलनहरूद्वारा आह्वान गरिएको छ, वामपन्थी कार्यकर्ताहरू र विश्वव्यापीकरणविरोधी आन्दोलनकारीहरूदेखि लिएर सामाजिक न्यायको लागि लड्नेहरूसम्म, उहाँको क्रान्तिकारीको व्यापक प्रभावलाई चित्रण गरेको छ।

**आजको सांस्कृतिक र राजनीतिक प्रभाव**

ग्वेभाराको प्रभाव प्रतिमाविज्ञानभन्दा बाहिर फैलिएको छ; उनका लेखन र भाषणहरूले नयाँ पुस्ताका कार्यकर्ता र विचारकहरूलाई प्रेरणा दिइरहेका छन्। उनको छापामार युद्धको अवधारणा र समाजवादी आदर्शहरूलाई बढावा दिन अग्रगामीको भूमिकालाई शैक्षिक सर्कल र क्रान्तिकारी समूहहरूले समानरूपमा अध्ययन गरेका छन्। राजनैतिकरूपमा, साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूबिचको विश्वव्यापी ऐक्यबद्धतासम्बन्धी ग्वेभाराका विचारहरू आजको आर्थिक असमानता र नवउदारवादी नीतिहरूविरुद्धको सङ्घर्षहरूमा प्रतिध्वनित छन्। ल्याटिन अमेरिकाजस्ता क्षेत्रहरूमा, उहाँका विचारहरूले विदेशी प्रभुत्वको प्रतिरोध गर्न र क्षेत्रीय स्वायत्तता र सामाजिक सुधारको पछि लाग्ने समकालीन आन्दोलनहरूलाई प्रभाव पार्छ।

उहाँका कार्य र विधिहरू वरपरका विवादहरूको बावजुद, चे ग्वेभाराको आधुनिक आन्दोलनहरूमा प्रभाव गहिरो छ। विश्वव्यापी समाजवादको कारणको लागि उनको समर्पणको लागि धेरैले प्रशंसा गरे। संसारलाई परिवर्तन गर्ने उनको प्रतिबद्धताले आफूले विश्वास गरेको कुरालाई अझ राम्रो मान्ने र यथास्थितिलाई चुनौती दिन खोज्नेहरूलाई र आमूल परिवर्तनको वकालत गर्नेहरूलाई प्रेरित गर्न जारी राख्नेछ।

**विवाद र आलोचनाहरू, मानव अधिकार मुद्दाहरू**

क्युवाली क्रान्तिमा चे ग्वेभाराको भूमिका र क्युवा र अन्य ठाउँमा पछिल्ला कार्यहरू विशेष गरी मानव अधिकारको बारेमा गहन बहसको विषय बनेको छ। नयाँ क्युवाली सरकारको नेताको रूपमा, ग्वेभारा क्रान्तिकारी न्यायाधीकरणको स्थापनामा संलग्न थिए जसले धेरै पूर्व बाटिस्टा अधिकारीहरू र संदिग्ध युद्ध अपराधीहरूलाई न्याय र मृत्युदण्ड दिएका थिए जुन धेरै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले निष्पक्ष परीक्षणलाई विचार गर्नेछन्। आलोचकहरू तर्क गर्छन् कि यी कार्यहरूले मानव अधिकार र कानुनी मापदण्डहरूको बेवास्ता गर्दछ, ग्वेभारालाई निर्दयी र अधिनायकवादी भनेर ब्रान्डिङ गर्दछ। क्रान्तिकारी न्यायको लागि उनको कट्टर समर्थन - प्रायः उनको प्रसिद्ध म्याक्सिममा सङ्क्षेप गरिएको छ, "अपराधीलाई मृत्युदण्ड दिनु, एक निश्चित हदसम्म, एक क्रान्तिकारी कार्य हो" - क्रान्तिकारी आवश्यकताको आडमा दमनकारी रणनीतिको लागि औचित्यको रूपमा आलोचना गरिएको छ।

**नीतिहरूको आर्थिक प्रभाव**

आर्थिकरूपमा, नेसनल बैङ्क अफ क्युवाको अध्यक्ष र पछि उद्योग मन्त्रीको रूपमा ग्वेभाराको कार्यकाल व्यावहारिक विशेषज्ञताको कमीको कारणले आलोचना भएको थियो, जसलाई कतिपयले असक्षम भएको तर्क गर्छन्। व्यवस्थापन र आर्थिक नीतिहरूले क्युवाको पछिको आर्थिक कठिनाइहरूमा योगदान पुर्‍यायो। द्रुत औद्योगीकीरणको लागि उनको अभियान र कृषि सुधारका नीतिहरू, जबकि वैचारिकरूपमा एक समाजवादी समाज निर्माण गर्न प्रेरित, आर्थिक व्यवस्थापनको जटिलताहरूलाई बेवास्ता गरेको भनिन्छ। आलोचकहरू तर्क गर्छन् कि यी नीतिहरूले क्युवाको लागि महत्त्वपूर्ण आर्थिक कठिनाइहरू निम्त्याए, जसमा उत्पादकतामा कमी र सोभियत आर्थिक समर्थनमा अत्यधिक निर्भरता समावेश छ, जुन सोभियत सङ्घको पतनपछि विशेषरूपमा स्पष्ट भयो।

चे ग्वेभाराको जीवन र कामले चर्को बहस र ध्रुवीकृत विचारहरू जगाइरहेको छ। उहाँका आदर्शहरूप्रतिको उहाँको प्रतिबद्धता र त्यसमा कार्य गर्ने तत्परतालाई व्यक्तिगत अधिकार र आर्थिक स्थायित्वमा पार्ने प्रभावका लागि व्यापकरूपमा आलोचना गरिएका कार्यहरू र निर्णयहरूद्वारा मेल खाएको थियो। यी विवादले सुनिश्चित गर्दछ कि ग्वेभारा एक जटिल व्यक्तित्व बनेको छ, धेरैले उनको समर्पण र दर्शनको लागि प्रशंसा गरेका छन्, तर अरूले स्वतन्त्रता र मानव अधिकारका सिद्धान्तहरूको विरोधी ठानेका कार्यहरूको लागि अरूले आलोचना गरेका छन्।

**मिडिया र साहित्यमा प्रतिनिधित्व पुस्तकहरू र चलचित्रहरू**

चे ग्वेभाराको जीवन र विचारधारालाई जीवनी पुस्तकदेखि लिएर फिचर फिल्मसम्म विभिन्न मिडियामा व्यापकरूपमा अन्वेषण र चित्रण गरिएको छ। उहाँका आफ्नै लेखनहरू, जसमा 'द मोटरसाइकल डायरीहरू', जसले दक्षिण अमेरिकाभरि उहाँको रचनात्मक यात्राको विवरण दिन्छ र 'गुरिल्ला वारफेयर', क्रान्तिकारी रणनीतिहरूमा म्यानुअल, उहाँका विचार र प्रेरणाहरू बुझ्नको लागि महत्त्वपूर्ण भएको छ। जोन ली एन्डरसनको 'चे ग्वेभारा: ए रिभोलुसनरी लाइफ' जस्ता जीवनीहरूले उहाँको जटिल व्यक्तित्वमा व्यापक अन्तर्दृष्टि प्रदान गर्दछ, उहाँको व्यक्तिगत, राजनीतिक र सैन्य जीवनलाई विस्तृत कथामा मिश्रण गर्दछ।

सिनेमामा, ग्वेभारालाई धेरै प्रभावशाली फिल्महरूमा चित्रित गरिएको छ जसले सांस्कृतिक प्रतिमाको रूपमा उनको स्थितिलाई थप बलियो बनाएको छ। वाल्टर सेल्सद्वारा निर्देशित र गेल गार्सिया बर्नल अभिनित 'द मोटरसाइकल डायरीहरू' चलचित्र बनेका छन्। यो चलचित्रले उनको प्रारम्भिक संस्मरणहरूलाई उनको यात्राको दृश्य र भावनात्मक अन्वेषणमा रूपान्तरण गर्दछ, एक युवा व्यक्तिलाई क्रान्तिकारी व्यक्तित्वमा रूपान्तरण गर्दछ। बेनिसियो डेल टोरो अभिनित स्टीभन सोडरबर्गको 'चे' जस्ता अन्य चलचित्रहरूले क्युवाली क्रान्ति र बोलिभियामा उनको दुर्भाग्यपूर्ण मिसनमा उनको भूमिकालाई थप विस्तृतरूपमा प्रस्तुत गर्दछ, उनको उद्देश्यप्रतिको उनको प्रतिबद्धताको एक गहिरो दृष्टिकोण प्रस्तुत गर्दछ।

**प्रतिष्ठित फोटोग्राफ र कलाकृति**

चे ग्वेराको तस्बिर, विशेषगरी अल्बर्टो कोर्डाले खिचेको प्रतिष्ठित 'गुरिलेरो हिरोइको' तस्बिर, मूल सन्दर्भलाई पार गर्दै विद्रोहको विश्वव्यापी प्रतीक बनेको छ। यो छवि ढाँचा र शैलीहरूको एर्रेमा पुनः उत्पादन गरिएको छ, कला, भित्ति चित्र र विश्वव्यापी व्यापारिक वस्तुहरूमा चित्रित छन्। यसले क्रान्तिकारीको रोमान्टिक आदर्शलाई मूर्त रूप दिन्छ, प्रायः ग्वेभाराको जीवनका अधिक विवादास्पद पक्षहरूबाट अलग रहन्छ। कलाकार र ग्राफिक डिजाइनरहरूले यस छविलाई पुनः व्याख्या गरेका छन्, यसलाई ग्वेभाराको आफ्नै ऐतिहासिक सेटिङहरूबाट टाढा रहेका सन्दर्भहरूमा एकता र प्रतिरोध व्यक्त गर्न प्रयोग गर्दै छ।

मिडिया र साहित्यमा चे ग्वेभाराको व्यापक प्रतिनिधित्वले उनको पौराणिक स्थितिको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ। यी चित्रणहरूले उहाँको विरासतको बारेमा चलिरहेको बहसहरूमा योगदान पुर्‍याउँछन्, कसरी एक व्यक्तित्वलाई प्रतिरोधको प्रतीकको रूपमा सम्मानित गर्न सकिन्छ र उसको विधि र राजनीतिक विचारहरूको लागि आलोचना गर्न सकिन्छ। यो दोहोरो प्रतिनिधित्वले ऐतिहासिक व्यक्तित्व र सांस्कृतिक प्रतीकको रूपमा ग्वेभाराप्रतिको स्थायी जटिलता र आकर्षणलाई झल्काउँछ।

*-अनलाइनमजदुरबाट*

## आदर्श आजादको वार्षिकोत्सव सम्पन्न

# रास्वपाको आर्थिक उदारीकरणले देशमा नवउपनिवेशवादको खतरा




भक्तपुर । आदर्श आजाद माविको ६७ औँ र आदर्श आजाद कलेजको १८ औँ वार्षिकोत्सव कार्यक्रम जेठ २१ गते सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले नेमकिपाले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क हुनुपर्ने विषय उठाउँदै आएको तर आजसम्मका सरकारहरूले यो विषयलाई कार्यान्वयनमा नल्याएको हुँदा देश र जनताले दु:ख पाइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विद्यालय र कलेजहरूमा पाठ्यपुस्तक अध्यापनसँगसँगै खेलकुद, हाजिरी जवाफ, सङ्गीत, वाद्यवादनसमेतलाई जोड दिनुपर्ने शारीरिक र मानसिक स्वास्थ्यविज्ञहरूको सुझावलाई शिक्षकहरूले मनन गर्नु आवश्यक छ ।"

कतिपय देशमा नयाँ पुस्ताका विद्यार्थीहरूलाई मोबाइल, आईप्याड, ल्यापटप, टीभीको कुलतबाट जोगाउन पुन: पुस्तक र कापीमार्फत पढाउने सुरु गरिँदै आएकोले नेपालका शिक्षकहरू यसतर्फ पनि सचेत हुनुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "अहिले सरकारमा पुगेको पार्टीको विधानमा शोषणरहित समाज निर्माण गर्ने उल्लेख छ । तर, यो पार्टीको निर्वाचन वाचापत्रमा आर्थिक उदारीकरण उल्लेख छ । शोषणरहित समाजको लागि सामाजिकीकरण जरुरी हुन्छ भने आर्थिक उदारीकरणमा भएको सरकारी उद्योग व्यक्तिलाई बेच्ने, युवालाई विदेश पठाउने र विदेशी ऋण ल्याएर देश नवउपनिवेश बनाइन्छ ।"

उहाँले भन्नुभयो, "भदौ २३ गते नेपाल प्रहरीको झूटा परिचय प्रयोग गरी विद्यार्थीलाई विद्यालय पोशाक र पुस्तकसहितको झोलामा प्रदर्शनमा आए सरकारले गोली नहान्ने झूटा कुरा गरी बोलाउने, निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरि आगजनी गर्नेहरूलाई सिंहदरबारमा पुऱ्याउने होइन, जेलमा राख्नु जरुरी छ । यिनीहरूलाई फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा समेत उठ्न नपाउने व्यवस्था गर्नुपर्ने थियो, तर गरिएन ।"

सरकार प्रमुखले प्रतिनिधिसभामा नेपालले भारतको सीमा मिचेको बताएको देशविरोधी भनाइ हो । नेमकिपाले नेपालको भूमि सुस्ता, लिपुलेक, कालापानी, लिम्पियाधुरासम्ममा भारतीय अतिक्रमणको विरोधमा काठमाडौँस्थित भारतीय राजदूतावास अघि धर्नासहित ज्ञापनपत्र दिएको हो," सचिव सुवालले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "शिक्षकहरूले विद्यार्थीहरूलाई योग्य बनाएर देश र जनताको सेवामा पठाउने र मदिरा, धूमपान, लागूपदार्थलगायत कुलतबाट बचाउने काम गर्नु जरुरी छ ।"

भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउनका लागि नगरपालिकाले काम गरिरहेको र आदर्श आजाद माविले शिक्षाको उन्नयनका लागि गरिरहेको कार्यको प्रशंसा गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक चक्रबहादुर चाकतुले विद्यालयमा भौतिक पूर्वाधारको विकास निरन्तर भइरहेको र साढे ७ रोपनी जग्गामा विद्यालयका पूर्वाधारहरू निर्माण भएको जानकारी गराउँदै भन्नुभयो, "विद्यालयमा शौचालय, खानेपानी, सुरक्षा, फर्निचर, शैक्षिक सामग्री, पुस्तकालय, खाजा, छात्रवृत्ति, मानव संशाधनलगायतको यथोचित व्यवस्था छ ।"

विद्यालयमा लक्ष्मीनारायण मानन्धर छात्रवृत्ति, विश्वराम कवां छात्रवृत्ति, जयन्तकुमार छात्रवृत्ति र सरस्वती कारञ्जित छात्रवृत्तिलगायत अन्य छात्रवृत्तिको व्यवस्था भएको पनि उहाँले जानकारी दिनुभयो ।

आदर्श आजाद माविका पूर्व प्रअ एवम् आदर्श आजाद कलेजका प्राचार्य श्रीकृष्ण किसीले बीएडतर्फ १६५ र बीबीएसतर्फ १६ जना गरी १७९ जना विद्यार्थी कलेजमा अध्ययनरत रहेको हालसम्ममा ३१६ जना विद्यार्थीहरूले त्रिविको परीक्षा उत्तीर्ण गरी दीक्षा प्राप्त गरिसकेको जानकारी दिनुहुँदै उहाँले विगतमा ४० देखि ५० प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदै आएकोमा २०८२ सालको बीएड चौथो वर्षमा शतप्रतिशत नतिजा निकाल्न सफल भएकोमा गौरवको महसुस भएको बताउनुभयो ।

कलेज व्यवस्थापन समितिका अध्यक्ष उद्धव सुजखुले दुइटा संस्था एउटै स्थानमा रहेकाले एउटै परिवारको रूपमा काम गर्दै जाने वातावरण अनुकूल भएको चर्चा गर्दै विद्यालयका आकर्षक भवनहरू, फराकिलो चौर र भौगोलिक अवस्थिति साथर्कताको लागि सबैले मिहिनेत गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घकी केन्द्रीय सदस्य पवित्राकुमारी शाहीले रास्वपाको वाचापत्र र व्यवहार फरक भएको दृष्टान्त पेस गर्दै एसईईको एक महिनामै परिणाम निकाल्ने नाममा व्यवस्थित तवरले काम नगरीकन हतार गर्दा विश्वसनीयतामा प्रश्न उत्पन्न भएको बताउनुभयो ।

हप्तामा दुई दिन बिदाको पनि पूर्वतयारी नगरीकन लागू गर्दा पाठ योजनामा गम्भीर धक्का पुगिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रेम सुवालले विद्यालय र कलेजको संयुक्त स्मारिका विमोचन गर्नुभएको थियो ।

विद्यालयकी सहायक प्रधानाध्यापक सुभद्रा दुवालले स्वागत मन्तव्य राख्दै विद्यालय व्यवस्थित तवरले गरिब तथा मध्यमवर्गका विद्यार्थीहरूको गन्तव्य बन्दै गएको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान बिजुक्छेँको सभापतित्वमा भएको कार्यक्रममा २०८१ सालको वार्षिक परीक्षामा उत्कृष्ट भएका ३६ जना र २०८२ सालमा उत्कृष्ट भएका ३६ विद्यार्थीका साथ अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएका १८३ जना विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । यसैगरी २०८२ सालको एसईई उत्तीण २४ जना विद्यार्थीलाई मायाको चिनो प्रदान गरिएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक गतिविधि प्रस्तुत गरेका थिए । विद्यालयमा हाल ८ सय १ जना विद्यार्थी अध्ययनरत रहेको बताइएको छ ।

**उत्पादनका...**

नेपाल मजदुर किसान पार्टीका नेता र कार्यकर्ताहरूलाई अमानवीय यातना दिएको र नेमकिपालाई समुल नष्ट गर्ने बदनियतसहित पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँलगायत पार्टीका नेता र कार्यकर्ताहरूलाई झूटा ज्यान मुद्दा लगाई प्रहरी प्रशासनद्वारा तयार गरिएको कागजमा जबरजस्ती सही गर्न बाध्य पारेको उहाँले स्मरण गर्नुभयो ।

न्यायको दृष्टिमा सबै समान हुने भएकाले सरकारमा बसेकालाई छुट र सरकार बाहिर बसेकालाई दण्ड दिन नमिल्ने स्पष्ट पार्दै प्रमुख प्रजापतिले न्याय निष्पक्ष नभएसम्म कानुनको अर्थ नरहने बताउनुभयो। उहाँले भन्नुभयो, "कानुनभन्दा माथि कोही नहुने बहस कानुनका विद्यार्थीहरूले चलाउनु जरुरी छ विद्यार्थीले समस्यामात्र होइन समाधान पनि देखाउनु आवश्यक छ ।"

कानुनबमोजिम जेलमा हुनुपर्ने अपराधीहरू खुलेआम हिँडिरहने र पीडितहरू डराई डराई बाँच्नुपर्ने स्थितिको अन्त्य हुनुपर्ने र न्याय गरेको जस्तो नभई न्याय पाएको अनुभूति दिलाउनुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

फौजदारी कानुनका विज्ञ प्रा.डा. रजितभक्त प्रधानाङ्गले शिक्षा क्षेत्रमा भनपाद्वारा सञ्चालित कलेजहरूले अग्रणी भूमिका खेलिरहेको बताउनुभयो ।

कानुनका धेरै विषयहरूमा अध्ययन अनुसन्धान गर्न धेरै बाँकी भएको चर्चा गर्दै उहाँले सम्मेलनको निचोडले राष्ट्रिय रूपमै योगदान गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

कानुनी विषयको अनुसन्धानको नाममा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको गरिरहेको भूमिका चित्तबुझ्दो नभएको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले आधा आकाश ढाकिएका महिलाको संसार अँध्यारो रहेसम्म समाजमा परिवर्तन हुन नसक्ने अध्यक्ष माओको भनाइ स्मरण गर्दै न्यायिक समानता र समाज परिवर्तनको लागि हरेक क्षेत्रमा महिलाको अग्रसरता हुनु जरुरी छ भन्नुभयो ।

समाजवादी व्यवस्थाले महिला स्वतन्त्रताको प्रत्याभूति गर्ने स्पष्ट पार्दै उहाँले महिला अगाडि बढेको समाज मात्र न्यायिक समानता र समृद्धि सम्भव छ भन्नुभयो ।

छोरीलाई पढाएर योग्य बनाउनुपर्छ भन्दै दसकौँ अगाडि भक्तपुरमा चलाएको शैक्षिक अभियानको नतिजा आज शैक्षिक गन्तव्यको रूपमा भक्तपुर विकास भएको छ; यस विकासमा नेमकिपाको योगदान महत्त्वपूर्ण रहेको पनि उहाँले स्पष्ट पार्नुभयो ।

कलेज सञ्चालक समितिका उपाध्यक्ष, भक्तपुर नगरपालिकाका उपप्रमुख एवं भक्तपुर नगरपालिका न्यायिक समितिका अध्यक्ष रजनी जोशीले कानुनी सचेतता एवं जनपक्षीय कानुन निर्माणको पक्षमा सम्मेलनको निचोडले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

देशको लागि आवश्यक जनशक्ति हामी आफै तयार गर्छौं भन्ने लक्ष्यसहित भनपाद्वारा ७ वटा कलेजहरू सञ्चालन भइरहेको उपप्रमुख जोशीले उल्लेख गर्नुभयो ।

सम्मेलनका 'कि नोट स्पिकर' वरिष्ठ प्रहरी उपरीक्षक रञ्जु सिग्देलले महिलाले अपराध गर्न सक्दैन, यदि गरेमा त्यो महिला नै हुन नसक्ने भन्ने मानसिकतामा परिवर्तन हुँदै ५ वर्षको अवधिमा महिला अपराधीको सङ्ख्या ५ प्रतिशतबाट १० प्रतिशत पुगेको बताउनुभयो ।

बैङ्किङ कसुर, लागूपदार्थ, चोरी, जुवा, आतङ्कवादजस्ता आपराधिक क्रियाकलापमा महिलाको सहभागिता रहेको चर्चा गर्दै उहाँले पीडा सहन नसकी महिलाबाट जघन्य अपराधसमेत हुने उल्लेख गर्नुभयो ।

'शोषण र उत्पीडन सहन नसकी बाध्य भई गरेको जघन्य अपराधलाई कसरी सम्बोधन गर्ने ?' भन्ने छलफलको विषय भएको उहाँले उल्लेख गर्नुभयो ।

प्रहरीबाट गल्ती हुँदा खबरदारी गर्ने हातहरू आवश्यक भएको चर्चा गर्दै वरिष्ठ प्रहरी उपरिवेक्षक सिग्देलले स्क्रिनबाट हुने अपराधहरू बढ्दै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले फौजदारी कानुन र न्यायको क्षेत्रमा अनुसन्धान, विचार विमर्श तथा नीतिगत संवाद जरुरी छ भन्दै नेपालको फौजदारी न्याय प्रणालीमा सम्मेलनको विषय 'अपराधमा महिला' बारे गहन अध्ययन र बहसको आवश्यकता रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "ख्वप कलेज अफ लले स्थापनाकालदेखि नै कलेजको शैक्षिक उत्कृष्टता, व्यावहारिक कानुनी शिक्षा, अनुसन्धान तथा सामुदायिक सेवामा विशेष जोड दिँदै आएको छ । हाम्रो विश्वास छ कि कानुनी शिक्षा केवल कक्षा कोठाभित्र सीमित रहनु हुँदैन, यसले समाजका जटिल कानुनी तथा सामाजिक समस्याहरूको समाधान खोज्न सक्रिय भूमिका निर्वाह गर्नुपर्छ ।"

कार्यक्रममा सम्मेलन आयोजक समितिका संयोजक लक्ष्मी बखाच्योले धन्यवाद ज्ञापन गर्नुभएको थियो । विश्वविद्यालय अनुदान आयोगको सहयोगमा भएको उक्त कार्यक्रममा कलेजको अनुसन्धान विभागका प्रमुख आशिष पौडेलले पनि बोल्नुभएको थियो ।

**एकक्षण** — प्रधान

# भारतको शासकवर्गको आँखामा नेपाल !

नेपाल-भारत सम्बन्धलाई २१ औं शताब्दी अनुकूल बनाउन दुई वर्ष लगाएर २०७५ सालमा तयार पारिएको प्रतिवेदनलाई भारतले बुझ्न नमान्दा त्यो दस्ताबेज कार्यान्वयन अन्योलमै छ । त्यस दस्ताबेजलाई नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी) को भनियो र त्यसलाई परराष्ट्र मन्त्रालयमा राखियो । प्रबुद्धवर्ग नेपालतर्फका संयोजक डाक्टर भेषबहादुर थापाले प्रतिवेदन राखेको दराजको साँचो परराष्ट्र सचिव अमृतबहादुर राईमार्फत वर्तमान परराष्ट्रमन्त्री शिशिर खनाललाई बुझाएका थिए ।

त्यस प्रतिवेदनमा सन् १९५० को शान्ति तथा मैत्री सन्धि, खुला सीमा, व्यापार असन्तुलन, जलस्रोत, सुरक्षा सहयोग तथा सीमा विवाद जस्ता विषयहरूमा दुवै देशका दृष्टिकोण फरक हुँदै आएको प्रस्ट छ ।

त्यस समितिमा नेपालको तर्फबाट डाक्टर भेषबहादुर थापाको संयोजकत्वमा निलाम्बर आचार्य, राजन भट्टराई, सूर्यनाथ उपाध्याय थिए भने भारतको तर्फबाट त्यस समितिमा भगत सिंह कोठरियाको संयोजकत्वमा जयन्त प्रसाद, महेन्द्र पी. लामा, बीसी उप्रेतीसमेत थिए ।

नेपाल-भारत प्रभुत्व व्यक्ति समूह (ईपीजी)को सबैभन्दा महत्त्वपूर्ण काममध्ये १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिको पुनरावलोकन गर्नु एक हो । १९५० को सन्धि नेपालका तत्कालीन प्रधानमन्त्री मोहन शमशेर र भारतीय राजदूत चन्द्रेस्वर नारायण सिंहबिच हस्ताक्षर भएको थियो ।

दुवै देशबिच खुला सीमा, स्वतन्त्र आवतजावत, व्यापारिक सुविधा तथा सुरक्षा सहयोगलाई संस्थागत गरिएको थियो । नेपाल लामो समयदेखि यो सन्धिलाई असमान सन्धि भन्ने राजनीतिक क्षेत्रमा व्यापक चर्चा रहँदै आएको छ ।

२३ जेठ २०८३ को 'अन्नपूर्ण' पोस्टले लेख्यो, 'खुला ईपीजीको चावी' शीर्षकमा वर्तमान परराष्ट्रमन्त्री भारत जाँदै गर्दाको प्रतिवेदन बुझाउनु स्वयं एक अर्थपूर्ण विषय हो । नेपाली जनताले थप चिन्तन गर्नुपर्ने स्थिति छ । भनिन्छ, 'आफ्नो हात जगन्नाथ !'

### नेपाली जातिको थप बेइज्जती

नेपालमा बेलायती साम्राज्यवादको आक्रमण हुँदा तिनीहरू नेपालीहरूको देशप्रतिको बफादारिता वा देशभक्ति देखेर ठुलो 'च्यालेन्ज' वा 'हस्ती' मान्थे । लडाईंकै सिलसिलामा तिनीहरूले ठुलाबडा नेपालीहरूलाई 'पद' र 'पैसा' 'घूस' दिएर नेपालमाथि एकपछि अर्को विजय गर्दै गए । हुँदा हुँदा दुई जना गजराज मिश्र र चन्द्रशेखर उपाध्याय नेपाली कूटनीतिक व्यक्तिहरूको विश्वासघातले सुगौली सन्धिमा नेपालमाथि ठुलो घात भयो । त्यसैकारण, 'बेलायती कैंची' भनी बेलायतीहरूले 'जाली' शब्द प्रयोग भएको देखिन्छ ।

हालै संरा अमेरिकाको ओहायो राज्यमा न्यून आय भएकाहरूका लागि सरकारी स्वास्थ्य बीमा कार्यक्रममा एक भुटानी नेपाली भाषीले गरेको 'ठुलो ठगी' बारे अमेरिकी संसद्मा सुनुवाइ र अनुसन्धान अघि बढाएको बताइएको छ । उक्त प्रकरणका मुख्य आरोपीहरूमा डिल्ली अधिकारी र रोशन अधिकारीको नाम आएको छ (अन्नपूर्ण पोस्ट-२३ जेठ २०८३)

'अमेरिकामा ठगी, नेपालमा शक्तिकेन्द्रसँग लबिइङ' शीर्षकमा नेपालका पूर्वप्रधानमन्त्रीहरूसँगको तस्बिरसमेत प्रस्ट हुँदै छ (अन्नपूर्ण पोस्ट- २४ जेठ, २०८३)

### नेपाली प्राविधिकहरूको बुद्धि पलायो ?

२३ र २४ जेठ २०८३ को 'नागरिक' ले लेख्यो, 'कर्णालीको भविष्य बदल्ने चिसापानी-बबई सुरुङ मार्ग अध्ययन हुने' शीर्षकले आलोचनात्मक दृष्टिकोण भएका पाठकहरू आश्चर्यमा परेका छन् । २०४८ सालकै संसदीय निर्वाचनमा जिल्ला जिल्लाको निर्वाचन जनसभाहरूमा 'रज्जुमार्ग' र 'सुरुङ मार्ग' को ठुलो चर्चा चलाएको थियो । तर, त्यसबेला शासक दल र प्रतिपक्ष दलहरूले बुझेर वा नबुझेर मौन बसेका थिए । तर, केही वर्षमै सयौँ मानिस हजारौँ हजारौँ ट्याक्टर, जीप, अन्य धेरै प्रकारका वाहनहरू खसेर जनधनको क्षति भएपछि मात्रै सिंहदरबारको आँखा र बुद्धि खुलेकोमा आश्चर्य मान्नु स्वाभाविक हो ।

'उहिले बन्दुक बोकेका भण्डारा अहिले माछा बेच्छन्', भन्छन् जति राजनीतिक क्रान्तिका कुरा गरे पनि हरेक परिवारको आर्थिक उन्नति नभएसम्म देश समृद्ध हुन नसक्ने रहेछ । त्यसैले, मैले जीवनस्तर उठाउन व्यापार रोजेँ, आर्थिक क्रान्तिको बाटो रोजेँ । जुम्लाको यो समाचार 'तत्कालीन जनमुक्ति सेनाका कमान्डर वीरेन्द्रबहादुर भण्डारा - माछा बेच्दै ।' (नागरिक, शनिबार, २३ जेठ, २०८३) दोष कार्यकर्ताको होइन - नेताहरूको व्यावहारिक ज्ञानको अभाव हो ।

**देशमा...**

इसानका उपाध्यक्ष सनकमान महर्जनले सरकारले सबै संस्थागत विद्यालयलाई एउटै डालोमा राखेर हेर्नु गलत भएको तर्क गर्नुभयो ।

इसानका कोषाध्यक्ष उकेश कवांले शिक्षा करविरुद्ध एकजुट हुनुपर्ने भनाइ राख्नुभयो ।

आयोजक समितिका अध्यक्ष प्रेमजन थापाश्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य लिसा प्रजापतिले शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा इसानअन्तर्गतका विद्यालयबाट २०८२ को विद्यालय शिक्षा परीक्षामा उत्कृष्ट नतिजा ल्याउने प्रत्येक विद्यालयका विद्यार्थीलाई प्रशंसापत्र वितरण तथा १० वर्षभन्दा बढी सेवा गर्ने शिक्षक तथा कर्मचारीलाई धन्यवाद पत्र वितरण गरिएको थियो ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३